# नेपाली विश्वविद्यालयहरूका पत्रकारिता पाठ्यक्रम

(युनेस्कोको नमूना पाठ्यक्रम तथा मिडिया विकास सूचकका दृष्टिबिन्दुबाट विश्लेषण)

सम्पादक
**निर्मलमणि अधिकारी**
**लक्ष्मणदत्त पन्त**

# नेपाली विश्वविद्यालयहरूका पत्रकारिता पाठ्यक्रम

(युनेस्कोको नमूना पाठ्यक्रम तथा मिडिया विकास सूचकका दृष्टिबिन्दुबाट विश्लेषण)

ISBN: 978 9937 2 8925 2

**प्रकाशन :** संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), काठमाडौं कार्यालयको लागि विकास सञ्चार समाज (सोडेक-नेपाल), काठमाडौं

**सम्पादक :** डा. निर्मलमणि अधिकारी र लक्ष्मणदत्त पन्त

**शोध समूह :** डा. पीयूषराज मिश्र (प्रमुख पाठ्यक्रम विज्ञ)
डा. निर्मलमणि अधिकारी (प्रमुख शोध विज्ञ)
सुरेश आचार्य (पाठ्यक्रम विश्लेषण- पूर्वाञ्चल विश्वविद्यालय)
प्रबलराज पोखरेल (पाठ्यक्रम विश्लेषण- त्रिभुवन विश्वविद्यालय)
ओमप्रकाश घिमिरे (शोध संयोजक)
कल्पना भण्डारी (जेण्डर विश्लेषण)
राजकुमार दिक्पाल (सामाजिक समावेशी विश्लेषण)
नरबहादुर साउद (शोध सहयोगी)
प्रियंका झा (शोध सहयोगी)

**समीक्षक :** विमल गौतम

**सर्वाधिकार :** © युनेस्को, काठमाडौं / विकास सञ्चार समाज (सोडेक-नेपाल) सन् २०१४

यो पुस्तक खुला पहुँच (ओपन–एक्सेस)मा उपलब्ध छ । आधिकारिक स्रोतका आधार (जस्तो: © युनेस्को, काठमाडौं/ विकास सञ्चार समाज (सोडेक-नेपाल), मा यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ । स्रोत उल्लेख गर्दा वा पुस्तिकामा प्रकाशित सामग्रीको प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु अनिवार्य छ ।

**आईएसबीएन :** ९७८-९९३७-२-८९२५-२

यस प्रकाशनमार्फत कुनै पनि राज्य, भूभाग, सहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भूभाग तथा क्षेत्रसँग सम्बन्धित कानुनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्को र विकास सञ्चार समाज (सोडेक-नेपाल) का आधिकारिक विचार होइनन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखक/शोधकर्ताका विचार हुन् ।

**आवरण/लेआउट :** पुष्कर राना (डिजाइनर प्वाइन्ट एण्ड प्रिन्ट)

# प्राक्कथन

प्रस्तुत पुस्तक युनेस्को काठमाडौंको सहयोगमा विकास सञ्चार समाज (सोडेक-नेपाल) द्वारा गठित विज्ञ समूहद्वारा युनेस्कोको पत्रकारितासम्बन्धी नमूना पाठ्यक्रम तथा मिडिया विकास सूचक लगायतका आधारमा गरिएको विश्लेषण हो ।

विश्वविद्यालयस्तरमा नेपाली पत्रकारिताको अध्यापन वि.स. २०३३ सालदेखि त्रिभुवन विश्वद्यिालय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहबाट सुरु भएको हो । त्रिभुवन विश्वविद्यालय अन्तर्गत नै २०३६ साल देखि स्नातक तहमा अध्यापन सुरु भयो । वि.स. २०५८ सालदेखि पूर्वाञ्चल विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको अध्यापन सुरु भएको हो । पत्रकारिता क्षेत्रको विस्तार र विकाससँगै यो विषयको अध्ययनमा विविधता र विस्तार पनि भएको छ । आमसञ्चार र पत्रकारिता विषय अध्यापन गराउने विश्वविद्यालयहरूले नेपालको सञ्चार क्षेत्रमा गरेको योगदान प्रशंसनीय छ ।

समाजको पहरेदार र सूचना संवाहकको रूपमा काम गर्ने पत्रकार समाजको विविधता, बहुलता, लैङ्गिकता र समावेशीताबारे जानकार हुनु पर्दछ । यही तथ्यलाई मध्यनजर गरी युनेस्कोले सन् २००७ मा पत्रकारिता विषयसम्बन्धी नमूना पाठ्यक्रमको विकास गरी प्रकाशन गरेको थियो, जसमा अभिव्यक्ति स्वतन्त्रता, प्रजातन्त्रको सबलीकरण र लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक विविधता जस्ता विषयहरूलाई सञ्चारमाध्यममार्फत् प्रवर्द्धन गर्न पत्रकारिता शिक्षा कस्तो हुनु पर्छ भन्ने कुराको विवेचना गरिएको छ । यो नमूना पाठ्यक्रमलाई मुलुक विशेषले आफ्नो सन्दर्भअनुसार लागू गर्न सक्छन् भनिएको छ । उक्त नमूना पाठ्यक्रमको तुलनामा नेपालका विश्वविद्यालयका पत्रकारिता पाठ्यक्रमहरू कस्ता छन् भन्ने विश्लेषण गर्न यो अध्ययन गरिएको हो । यो अध्ययनमा युनेस्कोको नमूना पाठ्यक्रमसँगै मिडिया विकास सूचकलाई मूख्य आधार मानेर परीक्षण-सूची तयार गरी एक दिने राष्ट्रिय गोष्ठीमा पेस गरेर सुझाव सङ्कलन गरिएको थियो । परीक्षण-सूचीमा आठवटा सूचकहरू रहेका छन् ।

उपर्युक्त आठवटा सूचकहरूको आधारमा त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र काठमाण्डौ विश्वविद्यालयमा स्नातक र स्नातकोत्तर तहमा अध्यापन हुने पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्क्रमको विश्लेषण गरिएको

छ । यसका लागि यी तीनवटा विश्वविद्यालयको पाठ्यक्रमसँग जानकार विभिन्न व्यक्तिहरूको विज्ञ समूहले विश्लेषण गरी यो पुस्तक तयार पारिएको हो । पाठ्यक्रमहरूको समीक्षाबाट आएका निष्कर्ष र सुझावहरू सम्बन्धित विश्वविद्यालयका लागि पाठ्यक्रमको समीक्षा, मूल्यांकन तथा परिमार्जनका क्रममा सहयोगी हुन सक्छन् भन्ने हाम्रो विश्वास हो । सञ्चारग्राममा परिणत भइरहेको वर्तमान विश्व परिवेश अनुसारको पाठ्यक्रम बनाउनका लागि मेहनत गर्ने केही ठाउँ बाँकी रहेको हामीले महसुस गरेका छौं । विश्वबजारमा प्रतिस्पर्धात्मक बनाउन पनि हाम्रा पाठ्यक्रममा थप स्तरीकरण आवश्यक छ भन्ने हाम्रो ठम्याइ छ । प्रस्तुत पुस्तकमार्फत् नेपालमा पत्रकारिता शिक्षाको प्रवर्द्धनमा माध्यम बन्न पाएकोमा विकास सञ्चार समाज (सोडेक-नेपाल) गौरवको अनुभूति गर्दछ ।

यस अध्ययनको क्रममा हामीलाई महत्त्वपूर्ण सुझाव दिनुहुने अग्रज प्राज्ञहरू लालदेउसा राई र रामकृष्ण रेग्मीप्रति आभार व्यक्त गर्दछौँ । पुस्तकको प्रकाशनका विभिन्न चरणमा योगदान गर्नु हुने सबैलाई हार्दिक धन्यवाद छ । नेपालमा आमसञ्चार तथा पत्रकारिता शिक्षाको विश्वविद्यालय तहको पाठ्यक्रमको समीक्षा गर्ने एवं प्रस्तुत पुस्तकको प्रकाशनसमेत गर्ने अवसर प्रदान गरेकोमा युनेस्को, काठमाडौं कार्यालयलाई हार्दिक धन्यवाद छ । साथै, शोध समूहमा रहनुहुने प्रतिष्ठित विज्ञहरू, पुस्तकको सम्पादनका लागि काठमाण्डौं विश्वविद्यालयका डा. निर्मलमणि अधिकारी, पुस्तक सम्पादन र शोधको समग्र सुपरिवेक्षणका लागि युनेस्को काठमाण्डौं कार्यालयका पत्रकार सुरक्षा कार्यक्रमका प्रमुख लक्ष्मणदत्त पन्त, शोधको संयोजनका लागि सोडेक-नेपाल का सचिव ओमप्रकाश घिमिरे र समीक्षाका लागि रिपब्लिका अंग्रेजी दैनिकका सह-सम्पादक विमल गौतमलाई हार्दिक धन्यवाद छ । युनेस्को, काठमाडौं कार्यालयद्वारा सञ्चालित सूचनाको हक परियोजनाका संयोजक जेबी विश्वकर्मालाई शोध समूहलाई सहयोगका लागि तथा विकास सञ्चार समाज (सोडेक-नेपाल) का विनोदराज खनाल र श्रीकान्त भट्टराईलाई पुस्तक प्रकाशनको व्यवस्थापकीय योगदानका लागि धन्यवाद छ ।

डा. पीयूषराज मिश्र
अध्यक्ष
**विकास सञ्चार समाज (सोडेक-नेपाल)**

# विषयसूची


**अध्याय १** — १

१.१ परिचय — २

१.२ समस्याकथन — २

१.३ उद्देश्य — ३

 १.३.१ सामान्य उद्देश्य — ३

 १.३.२ विशिष्ट उद्देश्य — ३

१.४ शोधप्रश्नहरू — ४

१.५ औचित्य तथा महत्त्व — ५

**अध्याय २** — ६

**अध्याय ३** — २७

३.१ शोध पद्धति — २८

३.२ अध्येय सामग्री तथा नमूना सङ्कलन विधि — २९

३.३ तथ्याङ्क सङ्कलन विधि — ३०

३.४ तथ्याङ्क विश्लेषण विधि — ३१

३.५ सीमाङ्कन — ३१

**अध्याय ४** — ३३

४.१. युनेस्कोको नमूना पाठ्यक्रम — ३४

४.२ पाठ्यक्रमका अन्तर्वस्तुबारे नमूना पाठ्यक्रमको मान्यता — ३६

४.३ पाठ्यक्रम विश्लेषणको परीक्षण-सूची — ४०

अध्याय ५ ५५
५.१ त्रिभुवन विश्वविद्यालय ५६
५.१.१ बृहद संस्थागत संरचना ५७
५.१.२ पाठ्यक्रममा विद्यार्थीको पहुँच ५९
५.१.३ मूल ज्ञान र सीप ६०
५.१.४ लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप ६४
५.१.५ पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता ६६
५.१.६ पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन ६७
५.१.७ पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता ६९
५.१.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ७०
५.२ पूर्वाञ्चल विश्वविद्यालय ७३
५.२.१. बृहद संस्थागत संरचना ७३
५.२.२. पाठ्यक्रममा विद्यार्थीको पहुँच ७४
५.२.३. मूल ज्ञान र सीप ७५
५.२.४. लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले विद्यार्थीलाई दिने ज्ञान र सीप ८०
५.२.५. पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता ८३
५.२.६. पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक अंशबीचको सन्तुलन ८४
५.२.७. पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता ८६
५.२.८. लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण ९०
५.२.९ लिबरल आर्ट्स्को पाठ्यक्रमबारे संक्षिप्त चर्चा ९२
५.३ काठमाडौं विश्वविद्यालय ९४
५.३.१. बृहद संस्थागत संरचना ९५
५.३.२. पाठ्यक्रममा विद्यार्थीको पहुँच ९८
५.३.३. मूल ज्ञान र सीप १००
५.३.४. लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप १०५
५.३.५. पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता १०७

५.३.६. पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन १०८
५.३.७. पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता ११०
५.३.८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १११

अध्याय ६ ११३

६.१ निष्कर्ष ११४
६.१.१ बृहद संस्थागत संरचना ११४
६.१.२ पाठ्यक्रममा विद्यार्थीको पहुँच ११५
६.१.३ मूल ज्ञान र सीप ११६
६.१.४ लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप ११८
६.१.५ पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता ११९
६.१.६ पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन ११९
६.१.७ पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता १२०
६.१.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १२१
६.२ सुझावहरू १२२

सन्दर्भ सामग्री १२६

## चित्रसूची

१. विभिन्न विश्वविद्यालयहरूमा पत्रकारिता सम्बद्ध पाठ्क्रमहरूको सङ्ख्यात्मक अवस्था ३०

## तालिका सूची

१. पाठ्क्रम विश्लेषणको परीक्षण-सूची ५२

# संक्षेपीकृत शब्दहरुको सूची

| | |
|---|---|
| एफ.एम. | Frequency Modulation |
| एम.ए.एम.सी.जे. | Master of Arts in Mass Communication and Journalism |
| का.वि. | काठमाडौं विश्वविद्यालय |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| पू.वि. | पूर्वाञ्चल विश्वविद्यालय |
| बी.एम.एस. | Bachelor in Media Studies |
| बी.एम.टी. | Bachelor in Media Technology |
| युएनडीएएफ | United Nations Development Assistance Framework |
| युनेस्को | United Nations Educational, Scientific and Cultural Organization |
| वि.सं. | विक्रम संवत् |

# अध्याय १
# परिचय

## १.१ परिचय

नेपालमा पत्रकारिता शिक्षाको मात्रात्मक र गुणात्मक दुवै तवरले उल्लेख्य विकास भएको छ । त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) ले वि.सं. २०३३ (सन् १९७६) मा प्रारम्भ गरेको र कालान्तरमा पूर्वाञ्चल विश्वविद्यालय (पू.वि.) तथा काठमाडौं विश्वविद्यालय (का.वि.) सहितले प्रदान गरिरहेको पत्रकारिता शिक्षाले देशमा पत्रकारिता क्षेत्रको विकासका लागि महत्त्वपूर्ण योगदान दिएको छ । यद्यपि कक्षाकोठा र समाचारकक्षबीचको खाडलका परिप्रेक्ष्यमा विश्वविद्यालयहरूले प्रदान गर्ने पत्रकारिता शिक्षाको आलोचना पनि हुने गरेको छ । यस्तो पृष्ठभूमिमा समाचारकक्षको आवश्यकतालाई सम्बोधन गर्ने गरी विश्वविद्यालयहरूले अग्रणी पहल गर्नु पर्ने आवश्यकता स्पष्ट देखिन्छ ।

युनेस्कोद्वारा तयार पारिएको नमूना पाठ्यक्रम (युनेस्को, सन् २००७) ले विशेषतः पत्रकारिता अभ्यासको दृष्टिबाट उपयुक्त पत्रकारिता शिक्षाको आधार तय गरेको छ । तसर्थ, विभिन्न विश्वविद्यालयका पाठ्यक्रमको उक्त नमूना पाठ्यक्रमअनुरूप अनुकूलनले पत्रकारिताका विद्यार्थीहरूलाई उपयुक्त तवरले तयार पार्नमा अवश्यै मद्दत पुग्दछ । यद्यपि नमूना पाठ्यक्रमअनुरूप अनुकूलनभन्दा अगाडि नै हाल नेपालमा पत्रकारिता शिक्षाका पाठ्यक्रमको अवस्थाबारे अन्वेषण गर्नु र विद्यमान पाठ्यक्रमले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेबमोजिमका ज्ञान तथा सीपलाई अवलम्बन गर्न सकेका छन् वा छैनन् भन्ने अध्ययन गर्नु वाञ्छनीय छ । नेपालका विश्वविद्यालयहरूले आफ्ना वर्तमान पत्रकारिता पाठ्यक्रमलाई युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप अनुकूलन कसरी गर्न सक्छन् भन्नेबारे सुझाव उपर्युक्त अन्वेषण/अध्ययनकै आधारमा दिन सकिने हुन्छ ।

## १.२ समस्याकथन

नेपालमा पत्रकारिता शिक्षाको पाठ्यक्रमात्मक अवस्था (curricular

state) को अन्वेषणका लागि त्रि.वि., का.वि. र पू.वि. अन्तर्गत विद्यमान स्नातक तथा स्नातकोत्तर तहका वर्तमान पत्रकारिता पाठ्यक्रमहरूको विश्लेषण गर्नु आवश्यक हुन्छ । उक्त पाठ्यक्रमहरूको विश्लेषण युनेस्कोद्वारा तयार पारिएको पत्रकारिता शिक्षाको नमूना पाठ्यक्रमका आधारमा अभिनिर्मित सूचकहरूका आधारमा गरिँदा तिनीहरूले पत्रकारिताका लागि आवश्यक आधारभूत ज्ञान तथा सीपलाई अवलम्बन गरेका छन् वा छैनन् भन्ने लेखाजोखा गर्न मद्दत पुग्दछ । युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप नेपालका पत्रकारिता पाठ्यक्रमहरूको अनुकूलनले देशमा पत्रकारिता शिक्षाको गुणस्तर बढाउन मद्दत पुग्ने भएकाले यहाँका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमको विश्लेषण गर्न तथा ती पाठ्यक्रमलाई युनेस्कोको नमूना पाठ्यक्रमसँग अनुकूलनबारे सुझाव दिनका लागि प्रस्तुत अध्ययन गरिएको हो ।

## १.३ उद्देश्य

### १.३.१ सामान्य उद्देश्य

प्रस्तुत अध्ययनको सामान्य उद्देश्य नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमहरूको विश्लेषण गर्नु हो ।

### १.३.२ विशिष्ट उद्देश्य

प्रस्तुत अध्ययनका निम्नानुसारका विशिष्ट उद्देश्यहरू रहेका छन् :

- नेपालका विश्वविद्यालयहरूका पत्रकारिता पाठ्यक्रमको विश्लेषणका निमित्त परीक्षणसूची (चेकलिस्ट) का रूपमा प्रयोग गर्नका लागि युनेस्कोको नमूना पाठ्यक्रम (युनेस्को, सन् २००७), नेपालमा मिडिया विकासको अवस्थाबारे युनेस्कोको अध्ययन (युनेस्को, सन् २०१३) तथा युएनडीएएफ आउटकम ३ (गभर्नमेन्ट् अफ् नेपाल र युनाइटेड नेसन्स, सन् २०१३) का आधारमा सूचकहरू अभिनिर्माण गर्नु,
- त्रि.वि., का.वि. र पू.वि.का स्नातक तथा स्नातकोत्तर तहका वर्तमान पत्रकारिता पाठ्यक्रमको माथि उल्लेखित सूचकहरूका प्रकाशमा विश्लेषण गरी त्यसबाट प्रतिबिम्बित भएअनुरूप नेपालमा पत्रकारिता शिक्षाको पाठ्यक्रमात्मक अवस्थाबारे अध्ययन गर्नु,

- नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका आधारभूत ज्ञान तथा सीपलाई अवलम्बन गरेका छन् वा छैनन् भन्ने अध्ययन गर्नु,
- विश्वविद्यालयहरूले कसरी आफ्ना पाठ्यक्रमको अनुकूलन युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप गर्न सक्छन् र आफ्ना विद्यार्थीहरूलाई मिडिया संस्था र मिडियाका सहयोगी प्रणालीमा सार्थक भूमिकाका लागि तयार पार्न सक्छन्, साथै शैक्षणिक संस्थान, विकासे संस्था तथा अन्य सेवा क्षेत्रमा समेत लैङ्गिक संवेदनशीलता र विविधतालाई प्रवर्द्धन गर्न सक्षम बनाउन सक्छन् भन्नेबारे सुझाव दिनु ।

## १.४ शोधप्रश्नहरु

माथि उल्लेखित विशिष्ट उद्देश्यहरू अनुरूप नै प्रस्तुत अध्ययनका निम्नानुसारका शोधप्रश्नहरू रहेका छन् :

- नेपालका विश्वविद्यालयहरूका पत्रकारिता पाठ्यक्रमको विश्लेषणका निमित्त परीक्षणसूची (चेकलिस्ट) का रूपमा प्रयोग गर्नका लागि युनेस्कोको नमूना पाठ्यक्रम, नेपालमा मिडिया विकासको अवस्थाबारे युनेस्कोको अध्ययन तथा युएनडीएएफ आउटकम ३ का आधारमा के-कस्ता सूचकहरू अभिनिर्माण गर्न सकिन्छ ?
- त्रि.वि., का.वि. र पू.वि.का स्नातक तथा स्नातकोत्तर तहका वर्तमान पत्रकारिता पाठ्यक्रमको माथि उल्लेखित सूचकहरूका प्रकाशमा विश्लेषण गर्दा नेपालमा पत्रकारिता शिक्षाको पाठ्यक्रमात्मक अवस्था के-कस्तो देखिन्छ ?
- नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका आधारभूत ज्ञान तथा सीपलाई अवलम्बन गरेका छन् वा छैनन् ?
- विद्यमान पत्रकारिता पाठ्यक्रमको अनुकूलन युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप गर्नका लागि विश्वविद्यालयहरूलाई के-कस्तो सुझाव दिन सकिन्छ ? विश्वविद्यालयहरूले कसरी आफ्ना विद्यार्थीहरूलाई

मिडिया संस्था र मिडियाका सहयोगी प्रणालीमा सार्थक भूमिकाका लागि तयार पार्न, साथै तिनलाई शैक्षणिक संस्थान, विकासे संस्था तथा अन्य सेवा क्षेत्रमा समेत लैङ्गिक संवेदनशीलता र विविधतालाई प्रवर्द्धन गर्न सक्षम बनाउन सक्छन् ?

## १.५ औचित्य तथा महत्त्व

नेपालमा विश्वविद्यालयको पाठ्यक्रममा पत्रकारितालाई समेटिएको चार दशक पुग्नै लागेको, विश्वविद्यालयमा पत्रकारिता पढी व्यावसायिक पत्रकारितामा संलग्न हुनेहरूको सङ्ख्यामा क्रमिक बढोत्तरी हुँदै गएको तथा विश्वविद्यालयहरूले प्रदान गर्ने पत्रकारिता शिक्षाले समाचारकक्षको आवश्यकताअनुरूपको सीप प्रदान गर्न नसकिरहेको भनी आलोचना हुने गरेको तथ्यहरूलाई ख्याल राख्नासाथ प्रस्तुत अध्ययनको औचित्य तथा महत्त्व उजागर भइहाल्छ । पत्रकारिता पाठ्यक्रमहरूको विश्लेषण गर्नुका साथै समष्टि पाठ्यक्रमात्मक अवस्थाबारे प्रकाश पार्ने उद्देश्यले गरिने अध्ययनले विश्वविद्यालयहरूलाई पाठ्यक्रमको विकासमा मद्दत पुऱ्याउनुका साथै व्यावसायिक पत्रकारिताको दीर्घकालीन विकासमा पनि सहयोग पुऱ्याउँछ ।

प्रस्तुत अध्ययनले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका पत्रकारिताका आधारभूत ज्ञान तथा सीपहरूको नेपालका विश्वविद्यालयका वर्तमान पत्रकारिता पाठ्यक्रममा अवलम्बनको अवस्थालाई प्रकाश पारेको छ । विद्यमान पाठ्यक्रमलाई स्तरीय बनाउनका लागि विश्वविद्यालयहरूले गर्नु पर्ने सुधारका विभिन्न पक्ष पनि प्रस्तुत अध्ययनले खुट्ट्याएको छ । साथै, विद्यमान पत्रकारिता पाठ्यक्रमको अनुकूलन युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप गर्नका लागि विश्वविद्यालयहरूलाई सुझाव पनि यसले दिएको छ ।

यसरी, प्रस्तुत अध्ययनले नेपालका विश्वविद्यालयका वर्तमान पत्रकारिता पाठ्यक्रमलाई युनेस्कोको नमूना पाठ्यक्रमसँग तुलना गर्न तथा विद्यमान पाठ्यक्रमहरूको परिष्कार तथा उक्त नमूना पाठ्यक्रमका सापेक्षतामा अनुकूलनका लागि आधार प्रदान गरेको छ । तसर्थ, प्रस्तुत अध्ययनको औचित्य एवं महत्त्व साबित भएको मानिएको छ ।

# अध्याय २
# पूर्व-कार्य समीक्षा

यस अध्यायमा नेपालका परिप्रेक्ष्यमा भएका सान्दर्भिक पूर्व–अध्ययन तथा प्रस्तुत अध्ययनका क्रममा प्राप्त भएका पूर्व–सामग्रीहरूको समीक्षा कालक्रमिक तवरले पेस गरिएको छ ।

कोइराला (सन् १९९०) ले तत्कालीन अवस्थामा नेपालमा पत्रकारिता भ्रूण अवस्थामै रहेको उल्लेख गरेका छन् । उनले त्रि.वि. अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा पठनपाठन भइरहेको पाठ्यक्रमलाई नेपाल प्रेस इन्स्टिच्युटमा तालिमका लागि बनाइएको पाठ्यक्रमसँग तुलना गर्दै ती दुवै उस्तै देखिने एवं दुइटै पाठ्यक्रमहरू सामान्यीकृत रहेका र तिनीहरूमा विशिष्टकरणको कुनै प्रावधान नरहेको निष्कर्ष दिएका छन् । अध्येय विषयका रूपमा पत्रकारिताप्रति उपेक्षा बढ्दो रहेको उनको पर्यवेक्षण रहेको देखिन्छ । यसको कारण पत्रकारिता उपाधि हासिल गरेकाहरूले मिडियामा जागिर पाउन नसक्नु हुन सक्ने उनी अनुमान गर्छन् । साथै, यसले पत्रकारिता शिक्षालाई समष्टिमा बढी प्रभावकारी र सान्दर्भिक बनाउनका लागि निकै चासो दिनु पर्ने आवश्यकतालाई इङ्गित गरेको हुन पनि सक्ने उनी उल्लेख गर्छन् । त्रि.वि. को पत्रकारिता शिक्षा र तालिम केन्द्रको पत्रकारिता तालिम कार्यक्रम कुनैको पनि कहिल्यै मूल्याङ्कन नगरिएको तथ्यले पनि पत्रकारिता शिक्षा अलमलको अवस्थामा रहेको हुन सक्ने सम्भावनालाई इङ्गित गर्ने उनको तर्क छ ।

आदित्य (सन् १९९६) ले नेपालको परिप्रेक्ष्यमा आमसञ्चारमाध्यम र प्रजातान्त्रीकरणबारे अध्ययन गर्ने क्रममा पत्रकारिता शिक्षा तथा तालिमबारे पनि संक्षिप्त विवरण दिएका छन् । पत्रकारिताको औपचारिक शिक्षा त्रि.वि. अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा सन् १९७६ मा सुरु भएको प्रसङ्गबाट उठान गर्दै तत्कालीन अवस्थामा त्रि.वि. मा तीन वर्षे स्नातक तहको पत्रकारिता पाठ्यक्रम तर्जुमा हुँदै गरेको प्रसङ्गमा उक्त विवरण केन्द्रित छ । पत्रकारिता शिक्षा र पाठ्यक्रमबारे सरकार र त्रि.वि. को नीति सुस्पष्ट नभएकाले पत्रकारिता विषयको आवश्यकतानुसार जनशक्ति, शिक्षण उपकरण, प्रयोगशाला उपकरण तथा भौतिक पूर्वाधार उपलब्ध हुने हो वा होइन भन्नेबारे आशङ्का पनि झल्काइएको छ ।

काफ्ले (सन् १९९७) ले मिडियाकर्मी र मिडिया उद्योगले विश्वविद्यालयीय पत्रकारिता शिक्षाको विकासका लागि खेल्न सक्ने भूमिकाबारे परिचर्चा गरेका छन्, जसको प्रत्यक्ष सम्बन्ध पाठ्यक्रमको कार्यान्वयनसँग रहेको छ । विश्वविद्यालयका पत्रकारिता विभाग तथा मिडिया उद्योगबीचको सहकार्यले पाठ्यक्रमात्मक प्रक्रियामा पुऱ्याउन सक्ने तात्विक प्रभावको परिप्रेक्ष्यमा उनको परिचर्चा सान्दर्भिक देखिन्छ । उनका अनुसार, मिडिया उद्योगले विश्वविद्यालयको दैनन्दिन पठनपाठनका लागि जनशक्ति उपलब्ध गराएर प्रत्यक्षतः र विद्यार्थीहरूका लागि सान्दर्भिक सामग्रीको प्रकाशन, उनीहरूलाई प्रयोगात्मक र सैद्धान्तिक दुवै सिकाइको अवसर प्रदान गर्ने लगायतका तरिकाबाट अप्रत्यक्षतः योगदान पुर्‍याउन सक्छ । नेपालका सन्दर्भमा उनले विश्वविद्यालयको विभागसँग राम्रो पुस्तकालय र प्रयोगशालाको त के कुरा, कक्षाकोठाको पनि राम्रो प्रबन्ध नभएको उल्लेख गरेका छन् ।

पोखरेल (सन् १९९७) ले पत्रकारहरूका लागि अध्यापन विधि र स्रोत (resources) हरूबारे परिचर्चा गर्ने क्रममा नेपालका परिप्रेक्ष्यमा पनि पत्रकारिता शिक्षाका विभिन्न पक्षबारे लेखेका छन् । पत्रकारिता शिक्षाको प्रारम्भबारेको विवरणबाट उठान गर्दै उनले सन् १९९० मा प्रजातन्त्रको पुनर्स्थापना एवं नयाँ संविधान लागू भएको र मिडिया उद्योगको विकासका लागि उपयुक्त वातावरण (congenial atmosphere) भएको परिवेशमा त्रि.वि. अन्तर्गत पत्रकारिताको नयाँ पाठ्यक्रम बनेको उल्लेख गरेका छन् । व्यावसायिक तवरले मिडिया क्षेत्रमा आएको परिवर्तनको सन्दर्भ, प्रकृति एवं नैतिक सिद्धान्त (ethics) लाई बुझ्ने प्रयत्न गर्नुलाई उनले यस शैक्षणिक कार्यक्रमको सकारात्मक पक्ष ठहर्‍याएका छन् । पाठ्यक्रम र यसको कार्यान्वयनका विभिन्न पक्षहरूबारे चर्चा गर्ने क्रममा पोखरेलले पत्रकारिताका पाठ्यपुस्तकहरूको कमी, आमसञ्चार शिक्षाको भविष्य, त्रि.वि.को पत्रकारिता तथा आमसञ्चार विभागका तत्कालीन गतिविधि, दूरशिक्षा पद्धतिको सम्भावना तथा पत्रकारिता शिक्षामा पौरस्त्य र पाश्चात्य पद्धतिको संयोजनका प्रसङ्ग पनि उठाएका छन् ।

पौड्याल (सन् १९९७ए) ले नेपालमा पत्रकारिता विधाको विश्वविद्यालयीय शिक्षाको प्रारम्भको ऐतिहासिक प्रसङ्गबाट उठान गर्दै सन् १९७६ मा रत्नराज्य लक्ष्मी क्याम्पसमा केवल एक दर्जन विद्यार्थीबाट पठनपाठन सुरु भएकोमा सन् १९९७ सम्म आइपुग्दा प्रत्येक वर्ष प्रवीणता प्रमाणपत्र तहमा करिब २ सय र

स्नातक तहमा १ सय विद्यार्थी भर्ना हुने अवस्थामा आइपुगेको उल्लेख गरेका छन् । नेपाली मिडियामा पत्रकारिता गरिरहेकामध्ये ठूलो सङ्ख्यासँग पत्रकारिताको शिक्षा वा तालिम नरहेको र तिनको तुलनामा पत्रकारिता शिक्षा वा तालिम हासिल गरेकाहरूले आफ्नो व्यावसायिक उद्यममा निकै बढी सहजता महसुस गर्ने पनि उल्लेख गरिएको छ । त्रि.वि. अन्तर्गतको पत्रकारिता शिक्षाको पाठ्यवस्तु समय समयमा पुनरवलोकन तथा संशोधन गर्ने गरिएको तथा तीन वर्षे स्नातक तहको पाठ्यक्रममा फोटो वा रेडियो वा टेलिभिजनमा विशिष्टिकरणको प्रावधान राखिएको प्रसङ्ग पनि उनले उल्लेख गरेका छन् । उक्त पाठ्यक्रममा सैद्धान्तिक अध्ययन र प्रयोगात्मक अभ्यासको अनुपात प्रायः ६० र ४० रहेको, पुरानो दुई वर्षे स्नातक तहको पाठ्यक्रममा पत्रकारिताको ३ सय पूर्णाङ्कमा १ सय १० अङ्क र प्रवीणता प्रमाणपत्र तहमा २ सय पूर्णाङ्कमा २० अङ्क मात्र प्रयोगात्मक अभ्यासका लागि रहेको तथ्याङ्क उनले पेस गरेका छन् । नेपालमा प्रजातन्त्रको पुनर्स्थापनासँगै मिडिया क्षेत्रमा भएको विकासले गुणस्तरीय पत्रकारिता शिक्षाको माग पैदा भएको र यो नै त्रि.वि. को पत्रकारिता तथा आमसञ्चार विभागको वास्तविक चुनौती भएको पृष्ठभूमिमा त्रि.वि. को पत्रकारिताको शैक्षणिक कार्यक्रमले सन्तोषका लागि पर्याप्त आधार दिन नसक्ने पनि चर्चा गरिएको छ । तत्कालीन पत्रकारिता पाठ्यक्रमका अन्तर्वस्तु वा रूपरेखाबारे चर्चा नगरे तापनि पौड्यालले पाठ्यक्रमको कार्यान्वयनका क्रममा भोगिएका विभिन्न चुनौतीहरूलाई भने उजागर गरेका छन् ।

शाक्य (सन् १९९७ए) ले मिडिया शिक्षाको क्षेत्रमा नेपाललाई पश्चिमा विकसित देशको त के कुरा, भारत, पाकिस्तान, बङ्गलादेश र श्रीलङ्काको तुलनामा समेत विकासको आरम्भिक चरणमै रहेको आकलनबाट नेपालको पत्रकारिता शिक्षाबारेको आफ्नो चर्चा सुरु गरेका छन् । नेपालमा विश्वविद्यालयीय पत्रकारिता शिक्षाको इतिहासबारेको विवरण पेस गर्दै तत्कालीन अवस्थामा भोग्नु परेका व्यावहारिक कठिनाइबारे पनि उनले उल्लेख गरेका छन् । भौतिक संसाधनको कमी, शैक्षणिक उपकरणहरूको अभाव तथा प्रयोगात्मक तालिमको लागि प्रतिकूलताबारे पनि चर्चा गरिएको छ । प्रवीणता प्रमाणपत्र तहको दुई वर्षे र स्नातक तहको तीन वर्षे पाठ्यक्रमहरूबारे शाक्य दाबी गर्छन् कि तिनका अन्तर्वस्तुलाई हेर्दा ती विस्तीर्ण दायरायुक्त (wide-ranging) र व्यापक (comprehensive) छन् । त्रि.वि.को तत्कालीन पत्रकारिता पाठ्यक्रमको विदेशी

विश्वविद्यालयहरूका पाठ्यक्रमसँग सादृश्यपूर्ण बराबरी (analogously equivalence) रहेको दाबी पनि उनीबाट पेस भएको छ । अर्कोतिर नेपालका छापा र विद्युतीय माध्यमको दायरा र अवस्था भने विकासको आरम्भिक अवस्थामै रहेकाले क्याम्पसहरूमा पत्रकारिताको सिकाइ र शिक्षणमा यो ठूलो अवरोध हुन सक्ने उनी उल्लेख गर्छन् । शाक्यले त्रि.वि.को पत्रकारिता पाठ्यक्रमको सर्सरी रूपरेखा पेस गर्दै यसको कार्यान्वयनमा आइपरेका समस्याबारे पनि चर्चा गरेका छन् । यसरी त्रि.वि.को पत्रकारिता पाठ्यक्रमबारे पूर्ववर्ती तथा समकालीन सामग्रीहरूमा पेस भएको भन्दा फरक किसिमको निर्क्योल शाक्यले पेस गरेका छन् ।

राई र खनाल (सन् १९९८) ले नेपालमा पत्रकारिता शिक्षाको उद्भव र विकासबारे परिचर्चा गर्ने क्रममा पाठ्यक्रम र यसको कार्यान्वयनको पाटोबारे पनि उल्लेख गरेका छन् । तत्कालीन अवस्थामा त्रि.वि.अन्तर्गत मात्र पत्रकारिताको विश्वविद्यालयीय शिक्षा रहेको हुनाले उनीहरूले चर्चा गरेको पत्रकारिता पाठ्यक्रम सोही नै भएको स्वतः बुझिन्छ । उनीहरूले सो पाठ्यक्रम नेपाली मिडिया क्षेत्रको नयाँ आवश्यकता (माग) सँग तादात्म्य राख्ने किसिमकै भएको विश्वास गरिएको निष्कर्ष पेस गरेका छन् । विशेषतः पुनर्स्थापित बहुदलीय प्रजातन्त्रको परिप्रेक्ष्यमा यसो भनिएको देखिन्छ । यद्यपि समष्टि विश्वविद्यालय प्रणालीमा प्रशासन तथा व्यवस्थापन पक्षमा कमजोरी रहेको, आर्थिक संसाधनको कमी भएको तथा प्राज्ञिक वातावरणको राजनीतिकरणको कारणले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनलाई निकै असर पारेको उनीहरूले उल्लेख गरेका छन् । त्रि.वि.अन्तर्गतको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागको अवस्थिति काठमाडौंको रत्नराज्य लक्ष्मी क्याम्पसमा भएको कारणले राजनीतिक गतिविधिबाट पर्ने असरका हिसाबले यो विभाग झन् नाजुक अवस्थामा रहेको उल्लेख पनि उल्लेख गरिएको छ । पत्रकारिता विभागलाई पाठ्यक्रमले सुझाएका न्यूनतम प्रयोगात्मक सामग्री पनि उपलब्ध नगराइएको, तर विद्यार्थी सङ्ख्याको हिसाबले चाप थेग्नै नसक्ने अवस्था रहेको विडम्बनापूर्ण स्थिति पनि लेखमा झल्काइएको छ । समष्टिमा त्रि.वि.अन्तर्गतको पत्रकारिता शिक्षामा प्रयोगात्मक/अभ्यासमूलक पाटोमा न्याय नभइरहेको खनाल र राईले स्वीकार गरेका छन् ।

मिश्र (वि.सं. २०६३) ले पू.वि.को सम्बन्धनमा एम.ए.एम.सी.जे. (पत्रकारिता तथा

आमसञ्चारको स्नातकोत्तर तह) सञ्चालन गर्दाको अनुभव लेख्ने क्रममा पाठ्यक्रमबारे पनि चर्चा गरेकी छन् । पाठ्यक्रम परम्परागत र पुराना प्रकृतिको भएको उनले उल्लेख गरेकी छन् । पाठ्यक्रममा भएका कमजोरीहरूलाई बुँदागत रूपमा पनि पेस गरिएको छ । पू.वि.को स्नातकोत्तर तहको पत्रकारिता पाठ्यक्रममा कतिपय विषयवस्तु दोहोरिएका, कम्प्युटर विषयमा राखिएका अन्तर्वस्तु विश्वविद्यालय स्तरका नभएका, प्रयोगात्मक हुनु पर्ने मल्टिमिडिया जस्ता विषयमा पनि सिद्धान्तका कुरा मात्र पढाइ हुने, फोटोग्राफीको पाठ्यक्रममा डिजिटल प्रविधिको सानो अंश पनि नभएको आदि तथ्यहरू राख्दै मिश्रले एक्काइसौँ शताब्दीमा सञ्चार क्षेत्रमा देखिएका क्रान्तिकारी परिवर्तनलाई दृष्टिगत गर्दै विश्वविद्यालयले पाठ्यक्रममा परिमार्जन गर्न जरूरी देखिएकोमा जोड दिएकी छन् ।

राई (वि.सं. २०६३) ले त्रि.वि.अन्तर्गतको पत्रकारिता पाठ्यक्रमको कार्यान्वयनको अवस्थाबारे स्व-अनुभव/आत्मावलोकनका आधारमा परिचर्चा गरेका छन् । उनले त्रि.वि.अन्तर्गत पत्रकारिता पाठ्यक्रमको कार्यान्वयनमा गम्भीर समस्याहरू रहेको तथ्य उजागर गरेका छन् । यस क्रममा उनले रत्नराज्य क्याम्पसमा स्नातकोत्तर तहमा पत्रकारिता/आमसञ्चार शिक्षामा रहेका विभिन्न कमजोरीहरू उल्लेख गरेका छन् । व्यवस्थापन पक्ष हेर्दा क्षमता अनुसार भर्ना नहुनु, प्रवेश परीक्षा औपचारिकतामा सीमित हुनु, नियमित कक्षा सञ्चालन नहुनु, पाठ्यक्रमको परिमार्जन समयमा नहुनु, अनुसन्धान र अध्ययन/अध्यापनबीच तालमेल नहुनु आदिले केन्द्रीय विभाग पीडित रहेको उनी उल्लेख गर्छन् । साथै, केन्द्रीय विभागले कम्प्युटर प्रविधि, टेलिभिजन कार्यक्रम उत्पादन वा सूचना प्रविधिजस्ता विषयहरूका लागि पाठ्यक्रम दिन नसकिरहेको पनि उल्लेख गरिएको छ । उनी पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागको पाठ्ययक्रम त्रि.वि.को सम्बन्धित निकायबाट तर्जुमा भई अनुमोदन भएर लागू भएको, यसको ढाँचा तथा विषयवस्तु आदि विश्व बैङ्कको योजनाअन्तर्गत खटिई आएका विशेषज्ञसहितको टोलीले निर्माण गरेको तीनवर्षे स्नातक तहको पाठ्यक्रमसँग संयोजन गरी प्राप्त भएको निष्कर्षमा आधारित रहेको प्रसङ्ग पनि उठाउँछन् । अनुसन्धान विधिको राम्रो ज्ञान पाउन र अभ्यास गर्न विद्यार्थीहरूले पाउनै पर्ने, साथै संकायका लागि पनि अनुसन्धान परियोजना गर्न पाउने सुविधा हुनु पर्ने तथा स्नातकोत्तर तहको पाठ्यक्रममा अनुसन्धानसम्बन्धी खण्ड पनि आवश्यक हुनेमा पनि जोड दिइएको छ ।

रेग्मी (वि.सं. २०६३) ले पू.वि.को सम्बन्धनमा एम.ए.एम.सी.जे. (पत्रकारिता तथा आमसञ्चारको स्नातकोत्तर तह) सञ्चालन गर्दाको अनुभव लेख्ने क्रममा पाठ्यक्रमबारे पनि संक्षेपमा उल्लेख गरेका छन् । शैक्षिक आवश्यकताअनुसार कलेजले विद्यार्थीका निमित्त के-कस्तो व्यवस्था मिलाएको छ र पत्रकारिता तथा आमसञ्चार अध्ययन कार्यक्रमको उद्देश्यलाई आफू कार्यरत कलेजले कसरी लिएको छ भन्नेबारे पनि उनले उल्लेख गरेका छन् । पत्रकारिता तथा आमसञ्चार शिक्षामा चार विधाको सङ्गम पाइने पनि उल्लेख गरिएको छ । उनका अनुसार, यसबाट पत्रकारिताको पूर्ण स्वरूपलाई व्यावहारिक र प्राज्ञिक रूपमा ग्रहण गर्ने अवसर मिल्छ, सूचना प्रविधिका अद्यावधिक उपकरण र विधिलाई हातका औँलाले टिप्न सकिने सीप प्रदान गरिन्छ, कक्षाकोठामा ग्रहण गरेको सीप, कुशलता र ज्ञान भण्डारलाई कर्मथलोमा प्रयोग गर्न विद्यार्थीलाई सक्षम तुल्याउनका लागि सहजीकरणका साथै शिक्षा र आमसञ्चार संस्थाको आवश्यकतालाई केलाएर प्रभावकारिता ल्याउने प्रयास हुने उनी उल्लेख गर्छन् ।

हुमागाईं, भट्ट र अधिकारी (वि.सं. २०६४) ले मिडिया अनुसन्धानको परिप्रेक्ष्यमा प्राज्ञिक पूर्वाधार निर्माणका अभ्यासबारे विवेचना गर्ने क्रममा पत्रकारिताको औपचारिक पठनपाठन र शैक्षिक प्रयोजनका लागि हुने अनुसन्धानबारे चर्चा गर्नुका साथै पत्रकारिता तथा मिडिया शिक्षाको पाठ्यक्रमबारे पनि चर्चा गरेका छन् । उनीहरूले त्रि.वि., पू.वि. र का.वि.का पाठ्यक्रमको झलक प्रस्तुत गर्दै पाठ्यक्रमबारेका थरीथरी टिप्पणी पनि समेटिएको छ । त्रि.वि. र पू.वि.का पाठ्यक्रमहरू अद्यावधिक तथा परिमार्जन हुनु पर्ने र का.वि.को पाठ्यक्रम परीक्षणकालमै रहेकाले यसका कमीकमजोरीबारे खासै चर्चा नसुनिएको उल्लेख गरिएको छ । त्रि.वि. र पू.वि. दुवैका स्नातकोत्तर तहका पाठ्यक्रममा विषयको ज्ञान र अनुसन्धानलाई जोड दिइएको पनि उल्लेख गरिएको छ ।

अधिकारी (वि.सं. २०६५) ले नेपालमा पत्रकारिताको प्राज्ञिक र पेसागत क्षेत्रमा मिडिया नीतिशास्त्रको अवस्थाबारे अध्ययन गर्ने क्रममा त्रि.वि. र पू.वि. अन्तर्गतका पत्रकारिता पाठ्यक्रमको अन्तर्वस्तु विश्लेषण पनि गरेका छन् । नेपालका परिप्रेक्ष्यमा कुनै विषय-विशेषको दृष्टिबिन्दुबाट पत्रकारिता पाठ्यक्रमको अन्तर्वस्तु विश्लेषण गरिएको यो नै पहिलो अनुसन्धान कार्य हो । मिडियाको प्राज्ञिक र पेसागत दुवै क्षेत्रका लागि नीतिशास्त्र प्राथमिकताहीन विषय रहेको तथा

नेपालमा मिडियासम्बन्धी उच्च अध्ययनमा त्यस बेलासम्म लागू गरिएका पाठ्यक्रमले मिडिया नीतिशास्त्रलाई ज्ञानको स्वतन्त्र विधाका रूपमा पहिचान गर्न नसकेको भन्ने तथ्यहरूलाई उक्त अध्ययनमा साक्ष्यसहित उजागर गरिएको छ । अध्येय पाठ्यक्रमका अन्तर्वस्तु सतही हुनुका साथै कतिपय गलत धारणा पनि पाठ्यक्रममार्फत् प्रवर्द्धन भइरहेको पनि उक्त अध्ययनले देखाएको छ । मिडिया नैतिकताको अध्ययन दर्शनशास्त्रीय आधारमा हुनु पर्नेमा ती पाठ्यक्रमहरूले नीतिशास्त्र र दर्शनशास्त्रको अभिन्न सम्बन्धबारे सूचित गर्नसमेत नसकेका र तिनले मिडिया नीतिशास्त्र दर्शन, संस्कृति, धर्म आदिसँग सापेक्ष हुने तथ्यको सामान्य जानकारी समेत दिन नसकेका र ती पाठ्यक्रमहरूले मिडिया नीतिशास्त्र र मिडिया आचारसंहिता समानार्थक हुन् भन्ने गलत धारणा प्रवर्द्धन गरिरहेका तथ्यहरू उक्त अध्ययनले उजागर गरेको छ । यसरी, उक्त अध्ययनले नेपालका पत्रकारिता पाठ्यक्रमको मूल्याङ्कनका लागि एउटा आधार विषय-विशेषका दृष्टिबिन्दुबाट गरिने केन्द्रित-विश्लेषण हुनसक्ने उदाहरण पेस गरेको छ ।

अर्याल (वि.सं. २०६६) ले नेपाली पत्रकारिता शिक्षा सङ्क्रमणकालमा रहेको परिचर्चा गर्ने सन्दर्भमा पत्रकारिता पाठ्यक्रमको प्रसङ्ग पनि उठाएका छन् । उनले पत्रकारिता विषय आफैमा नवीनतम र गतिशील विषय भएको प्रसङ्गबाट चर्चा सुरु गर्दै प्रशासनिक कारण प्रस्तुत गरेर पत्रकारिता जस्तो विषयको अध्ययन र पाठ्यक्रमको परिमार्जनमा अवरोध हुँदा पाठ्यक्रमको विषयप्रति न्याय गरेको नठहरिनेमा जोड दिएका छन् । त्रि.वि.को सन्दर्भमा चर्चा गरिएको हो भन्ने खुलेको भएतापनि के-कस्ता प्रशासनिक कारण देखाएर पाठ्यक्रमको परिमार्जनमा अवरोध हुने गरेको छ भन्नेचाहिँ लेखबाट खुल्दैन । विकसित देशहरूमा पनि पत्रकारिता विषयको पाठ्यक्रम बहुविधात्मक दृष्टिकोणको आधारमा तयार गरिएका हुने, पत्रकारिता विषयलाई अविलम्ब प्राविधिक विषयका रूपमा मान्यता दिई पाठ्यक्रममा प्रयोगात्मक पक्षलाई बलियो बनाउनु पर्ने तथा पत्रकारिता शिक्षाको गुणात्मक पक्ष विचार गर्नै पर्ने उनी उल्लेख गर्छन् । परिचयात्मक, सूचनात्मक र ज्ञानात्मक रूपमा रहेको पत्रकारिताको वर्तमान शैक्षिक कार्यक्रम अहिलेसम्मका लागि सफल रहेको उल्लेख गर्दै आगामी दिनमा भने यो अपर्याप्त हुने निश्चित रहेको उनी ठोकुवा गर्छन् । पत्रकारिता शिक्षाबारे सामान्य झझल्को (general impression) जे रहिआएको छ, त्यसैसँग मिल्ने निष्कर्ष अर्यालको पनि छ, तर एउटा

विश्वविद्यालयको पाठ्यक्रम र त्यसको कार्यान्वयनको अवस्थाबारे टिप्पणी गरेर त्यसको आधारमा नेपालका सबै विश्वविद्यालयमा उस्तै अवस्था छ भन्ने सामान्यीकृत निष्कर्ष निकालिनुलाईचाहिँ अतिसामान्यीकरण दोषको रूपमा लिनु पर्ने हुन्छ ।

खनाल (वि.सं. २०६६क) ले नेपाली पत्रकारिता शिक्षाका सङ्गति र विसङ्गति केलाउने क्रममा पाठ्यक्रमको प्रसङ्ग पनि उठाएका छन् । उनले पाठ्यक्रम र भौतिक सामग्रीको अभावलाई विसङ्गतिका रूपमा उल्लेख गरेका छन् । उनका अनुसार, पत्रकारिता तथा आमसञ्चार जगतमा विकसित "मिडियाको नयाँ प्रविधि" का क्षेत्र अझै पनि यस विषयको पाठ्यक्रममा स्पष्ट व्यावहारिक रूपमा आउन नसकेको र कतिपय पाठ्यक्रमले दिन खोजेका कुराहरू पनि भौतिक सामग्रीको अभावमा नै शैक्षिक सत्र समाप्त हुने गरेको अवस्था छ । कतिपय शिक्षण संस्थानमा पत्रकारिता तथा आमसञ्चार विषयको अध्ययन अध्यापन भइरहेकोमा मिडिया ल्याबको ज्ञानसम्म नभएको पाइएको र पाठ्यक्रम र यसले निर्देश गरेको शैक्षिक सामग्रीकै अभावमा पत्रकारिता शिक्षा सञ्चालन भइरहेको पनि चर्चा गरिएको छ । उनका अनुसार, पत्रकारिता शिक्षालाई अति आवश्यक पर्ने कम्प्युटर, सामान्य रेकर्डर, क्यामेरा पनि आवश्यक पर्छ भन्नेसम्मको सोच नभई यो शिक्षा दिइएको अवस्था छ । उनी पत्रकारिता शिक्षाको भविष्यबारे आशङ्का व्यक्त गर्दै यो पक्षलाई कसैले ध्यान नदिइरहेको पनि उल्लेख गर्छन् । मूलतः त्रि.वि. र त्यसअन्तर्गतका शैक्षिक संस्थामा पत्रकारिता शिक्षणको अभ्यासबारे स्व–अनुभवका आधारमा लेखिएको यस लेखमा अन्य विश्वविद्यालय तथा तीअन्तर्गतका शैक्षिक संस्थामा भइरहेका अभ्यासको तुलनात्मक परिचर्चा नगरी निष्कर्ष निकालिएकाले अतिसामान्यीकरण दोष रहेको देखिन्छ । पत्रकारिता शिक्षाबारे सामान्य झझल्को (general impression) जे रहिआएको छ, त्यसैसँग मिल्ने निष्कर्ष आएको भए तापनि त्रि.वि.इतरका विश्वविद्यालयहरूका पाठ्यक्रम र तिनको कार्यान्वयनको अवस्थाबारे पर्याप्त विश्लेषणबिना सामान्यीकरण गरिएकाले सुविधाको दृष्टिबिन्दु लिएको देखिन्छ ।

चालिसे (वि.सं. २०६६) ले आमसञ्चार शिक्षाका विभिन्न पक्षको परिचर्चा गर्ने क्रममा पत्रकारिताको पाठ्यक्रमबारे पनि लेखेका छन् । उनका अनुसार, पत्रकारिता जगतको आधुनिक चुनौतीअनुरूपको पत्रकारिता र आमसञ्चार शिक्षाका लागि आवश्यक पर्ने पाठ्यक्रम र पाठ्यसामग्रीको उत्पादनमा भने पूर्ण सन्तोष गर्न

सकिने ठाउँ छैन । पाठ्यसामग्री निर्माणका योजनाबद्ध कार्यक्रमका अतिरिक्त आजको आवश्यकता पूरा गर्न प्रभावकारी पाठ्यक्रम र प्रयोगात्मक शिक्षा प्रणालीको पनि अपेक्षाकृत कमी नै छ । पत्रकारिताका नवमाध्यमका लागि आवश्यक पर्ने अत्याधुनिक सीप, प्रविधि र ज्ञानसँग साम्यता राख्ने खालका पाठ्यक्रम र शिक्षा प्रणाली परिमार्जनको अझै आवश्यकता देखिएको पनि उनी उल्लेख गर्छन् । आमसञ्चार तथा पत्रकारिता शिक्षाका विविध कार्यक्रम सञ्चालित रहेका भए पनि प्रायोगिक तथा अनुसन्धानमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन हुन नसकेको अवस्था रहेको र उच्चस्तरीय व्यावसायिक पाठ्यक्रमको समेत अपेक्षित विकास हुन अझै बाँकी रहेको उनी चर्चा गर्छन् । त्रि.वि.को पाठ्यक्रमलाई ध्यानमा राखी आलोचना गरिएको हो कि भन्ने भान पर्ने, तर कुन विश्वविद्यालय तथा अन्य शैक्षिक संस्थाका सन्दर्भमा परिचर्चा गरिँदैछ भन्ने नखुलाइएकाले चालिसेको विश्लेषण पनि अतिसामान्यीकरणको शिकार भएको देखिन्छ । पत्रकारिता शिक्षाबारे सामान्य झझल्को (general impression) जे रहिआएको छ, त्यसैसँग मिल्ने निष्कर्ष आएको भए तापनि त्रि.वि.इतरका विश्वविद्यालयहरूका पाठ्यक्रम र तिनको कार्यान्वयनको अवस्थाबारे पर्याप्त विश्लेषणबिना सामान्यीकरण गरिएकाले सुविधाको दृष्टिबिन्दु लिएको देखिन्छ ।

पन्त (सन् २००९ए) ले नेपालमा पत्रकारिता तथा मिडिया शिक्षाका विभिन्न पाटोबारे विवेचना गर्ने क्रममा पाठ्यक्रमबारे पनि सवाल उठाएका छन् । उनका अनुसार, नेपालका विभिन्न विश्वविद्यालयहरूले फरक-फरक नामकरणसहित सञ्चालन गरिरहेका शैक्षिक उपाधिको वैशिष्ट्य तथा तिनका पाठ्यक्रमबीचको भेद (distinction) अस्पष्ट रहेको र पाठ्यक्रमहरूमा स्पष्ट दिशा वा सङ्गति नरहेको (consistency) अवस्था छ । पाठ्यक्रममा विशिष्टिकरणको अभाव हुनु, देशको तीव्र परिवर्तनशील मिडिया परिवेशसँग गति मिलाउन नसक्नु तथा सीप र सैद्धान्तिक अन्तर्वस्तुको अनुपातबारे कुनै स्पष्ट दिग्दर्शन नहुनुलाई पनि उनले समस्याका रूपमा उल्लेख गरेका छन् । केही परम्परागत पत्रकारिता पाठ्यक्रममा अन्तर्विधात्मक/विविधविषयात्मक दृष्टिकोणको अभाव रहेको पनि उल्लेख गरिएको छ । साथै, विश्वविद्यालयहरूले पत्रकारिता तथा मिडिया शिक्षामा पर्याप्त लगानी नगर्नाले पाठ्यक्रमको कार्यान्वयनमा समस्या आएको उनको ठहऱ्याइ छ । पत्रकारिता पाठ्यक्रमको नियमन र सुपरिवेक्षण नहुनु, मानव संसाधन र भौतिक

संसाधनको कमी हुनु, पाठ्यक्रमहरू असङ्गत (inconsistent) हुनु तथा मिडिया उद्योगसँग सहकार्य नहुनुलाई उनले नेपालमा पत्रकारिता शिक्षाका प्रमुख चुनौतीका रूपमा खुट्याउँदै यिनै चुनौतीहरूलाई सम्बोधन गर्न आवश्यक रहेकोमा जोड दिएका छन् । पाठ्यक्रमहरूमा असङ्गतिको प्रसङ्ग धेरै आए तापनि पाठ्यक्रमहरूबाटै साक्ष्यहरूसहित त्यसको विश्लेषण भने हुन सकेको छैन ।

पराजुली, हुमागाईँ, पन्थी र महर्जन (सन् २००९) ले नेपालमा मिडिया तालिमको प्रवृत्ति र अभ्यासबारे परिचर्चा गर्ने क्रममा पत्रकारिता तथा आमसञ्चार शिक्षा र यसको पाठ्यक्रमबारे मुख्यतया त्रि.वि.का सन्दर्भमा केन्द्रित भई चर्चा गरेका छन् । त्रि.वि.को पत्रकारिता पाठ्यक्रममा प्रयोगात्मक पाटोमा कमी रहेको तथ्यलाई वि.सं. २०३८ सालमा गठित शाही प्रेस कमिसनले समेत खुट्याएको उनीहरूले उल्लेख गरेका छन् । त्रि.वि.का पाठ्यक्रमध्ये पनि प्रवीणता प्रमाणत्र तह र स्नातकोत्तर तहका तुलनामा स्नातक तहको पाठ्यक्रम तुलनात्मक रूपमा अभ्यासअभिमुखी रहेको उल्लेख गरिएको छ । पत्रकारिता तथा आमसञ्चारका पाठ्यक्रममा प्रयोगात्मक पक्षको ठूलो कमी रहेको भन्ने सामान्यीकृत निष्कर्ष पेस गरिएको छ । पत्रकारिता शिक्षाबारे सामान्य झझल्को (general impression) जे रहिआएको छ, त्यसैसँग मिल्ने निष्कर्ष आएको भए तापनि त्रि.वि.इतरका विश्वविद्यालयहरूका पाठ्यक्रम र तिनको कार्यान्वयनको अवस्थाबारे पर्याप्त विश्लेषणबिना सामान्यीकरण गरिएकाले सुविधाको दृष्टिबिन्दु लिएको देखिन्छ ।

सन् २०१० मा नेपालका विश्वविद्यालय लगायतका सबै शैक्षिक संस्थानका पत्रकारिता पाठ्यक्रमहरूको लैङ्गिक (जेण्डर) दृष्टिकोणबाट समीक्षा भयो (अधिकारी, सन् २०१०) । उक्त अध्ययनले माध्यमिक तह (कक्षा ९ र १०), उच्चमाध्यमिक तह (कक्षा ११ र १२) तथा विश्वविद्यालय तह (त्रि.वि., पू.वि. र का.वि. अन्तर्गतका स्नातक र स्नातकोत्तर) का गरी ११ वटा पाठ्यक्रमहरूको विश्लेषण गरेको छ । पत्रकारिता पाठ्यक्रमका साथै पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) का अन्य सान्दर्भिक पक्षहरूसमेत समेटी उक्त अध्ययनले समष्टिकृत दृष्टिकोणबाट निष्कर्षहरू दिएको छ । नेपालको पत्रकारिता शिक्षामा लैङ्गिक मूलप्रवाहीकरण हुन नसकेको निष्कर्ष वस्तुनिष्ठ साक्ष्यका साथ उक्त अध्ययनले निकालेको छ । पत्रकारिता पाठ्यक्रममा लैङ्गिक मूलप्रवाहीकरणका लागि संस्थागत तथा पाठ्यक्रमात्मक सुधारका लागि स्पष्ट सुझाव समेत उक्त

अध्ययनले दिएको छ । पाठ्यक्रमकै परिप्रेक्ष्यमा चाहिँ उक्त अध्ययनले विद्यमान पत्रकारिता पाठ्यक्रमलाई नै लैङ्गिक दृष्टिकोणबाट पठनपाठन कसरी गर्न सकिन्छ भन्ने सुझाव दिनुका अलावा पत्रकारिता पाठ्यक्रमअन्तर्गत विशिष्ट विषयको रूपमा पत्रकारिताका विद्यार्थीहरूको लागि लैङ्गिक अध्ययनको आधारभूत परिचयात्मक पाठ्यवस्तुको खाका (module) समेत प्रस्ताव गरेको छ ।

अर्याल (वि.सं. २०६७) ले त्रि.वि. र पू.वि. का पत्रकारिता विषयका पाठ्यक्रमहरूमा केही समानता र केही भिन्नता रहेको उल्लेख गरेका छन् । जसअनुसार, त्रिविको पाठ्यक्रममा प्रयोगात्मक कार्यलाई औसतमा ३० प्रतिशत अङ्कभार छुट्याइएको देखिन्छ भने पूर्वाञ्चलमा ४० प्रतिशत सम्म अङ्कभार छुट्याइएको पाइन्छ । उनका अनुसार, पाठ्यक्रममा प्रयोगात्मक कार्य गर्नु पर्छ भन्ने व्यवस्था गरिए पनि धेरै जसो कलेज र क्याम्पसमा यी कार्यहरू गर्नका लागि भौतिक सामग्रीको व्यवस्था गरेको पाइँदैन । पाठ्यक्रम, शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन पद्धति र विधिहरूमा परिमार्जन गर्दै लैजानु पर्नेमा उनी जोड दिन्छन् । नेपालको परिप्रेक्ष्यमा पत्रकारिता शिक्षामा प्रयोगात्मक पाटो पर्याप्त मात्रामा कार्यान्वयन हुन नसकेको उनको निष्कर्ष बुझिन्छ । लेखमा नेपालकै अन्य विश्वविद्यालयका पाठ्यक्रममा प्रयोगात्मक पक्ष कसरी समेटिएको र पाठ्यक्रमको कार्यान्वयन कसरी गरिएको छ भन्नेचाहिँ अनुल्लेखित देखिन्छ ।

खनाल (वि.सं. २०६७) ले पत्रकारिता तथा आमसञ्चार शिक्षाको विकासको विवरण पेस गर्ने क्रममा पाठ्यक्रमको प्रसङ्ग पनि संक्षेपमा लेखेका छन् । उनी शिक्षण र प्रशिक्षणमा परिमार्जन हुँदै गरेको र आमसञ्चार शिक्षा पनि सामयिक परिमार्जनको दिशामा अघि बढिरहेको उल्लेख गर्छन् । यस विषयका पाठ्यक्रमहरू आधुनिक प्रविधिसँग मेल खाने हुनै पर्ने, आमसञ्चार शिक्षाको प्रभाव धेरै हुँदाहुँदै पनि यो क्षेत्र आफै सुधारोन्मुख रहेको तथा विषयको गाम्भीर्यसमेतलाई विचार गरेर यस क्षेत्रको पाठ्यक्रमलाई सामयिक परिमार्जनको खाँचो रहेको पनि उल्लेख गर्छन् । पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रम नेपाली सञ्चार क्षेत्रले मागेको जस्तो हुनै पर्ने भन्दै अन्तर्राष्ट्रिय प्रयोगका अतिरिक्त नेपाली समाजलाई अघि बढाउन यस विषयको पाठ्यक्रममा सुधारको महसुस हुन थालेको पनि खनालले उल्लेख गरेका छन् । यद्यपि के कस्ता सुधार र परिमार्जन भएका छन् वा हुँदैछन् भन्नेबारेचाहिँ उल्लेख भएको छैन ।

ढकाल (वि.सं. २०६७) ले पत्रकारिता शिक्षाको कमजोरीहरूको चर्चा गर्ने क्रममा स्नातकोत्तर तहको पाठ्यक्रमबारे पनि लेखेका छन् । स्नातकोत्तरको पाठ्यक्रममा धेरै कुरा दोहोरिएका र महत्त्वपूर्ण विषय छुटेका, अहिलेसम्मको पत्रकारिता तथा आमसञ्चारको पाठ्यक्रममा पढाइ र गराइमा आकाश जमिनको भिन्नता भएको तथा एकातिर सूचना तथा सञ्चार क्षेत्रमा दिनदिनै भएको विकास र परिवर्तनलाई आत्मसात् गर्न सञ्चार गृह बाध्य भएको, तर अर्कातिर दक्ष जनशक्ति उत्पादन नै हुन नसकेको र यसको प्रमुख कारण पाठ्यक्रममा भएको कमजोरी नै हो भन्ने उनी उल्लेख गर्छन् । पू.वि. अन्तर्गत आमसञ्चार र पत्रकारिता तथा विकास सञ्चार विषयमा शिक्षा प्रदान गरिरहेका एक कलेज सञ्चालकलाई उद्धृत गर्दै पाठ्यक्रम नै गतार्थ भइसकेको र मिति गुज्रिसकेको पाठ्यक्रम अध्यापन गर्नु कुनै हालतमा उपयुक्त मान्न नसकिने पनि उल्लेख गरिएको छ । तथ्यहरू एउटा विश्वविद्यालय-विशेषको सन्दर्भमा लिने, तर निष्कर्षचाहिँ अतिसामान्यीकरण गर्ने दोषबाट यो लेख पनि आक्रान्त रहेको देखिन्छ ।

राई (वि.सं. २०६७क) ले पत्रकारिता तथा आमसञ्चार शिक्षाको विकासबारे चर्चा गर्ने क्रममा पाठ्यक्रमबारे अति संक्षेपमा उल्लेख गरेका छन् । नेपालमा पनि अब मल्टिमिडिया सञ्चार तथा पत्रकारिताको विकास हुने परिवेशलाई ध्यानमा राख्दै विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम परिमार्जन गर्नु पर्ने बाध्यता आउने सम्भावना बढेको उनले उल्लेख गरेका छन् । यस किसिमको पाठ्यक्रमले मूलधार र वैकल्पिक धारका सञ्चार तथा पत्रकारिता प्रणाली आत्मसात् गर्दै लोकतन्त्रको भावना विकास गर्ने पनि उनी उल्लेख गर्छन् ।

हुमागाईँ, पराजुली, महर्जन र पन्थी (वि.सं. २०६७) ले मिडिया तालिमको नेपाली अभ्यासबारे अध्ययन गर्ने क्रममा पत्रकारिता तथा आमसञ्चार शिक्षाको तत्कालीन अवस्थाबारे पनि परिचर्चा गरेका छन् । पत्रकारिता पाठ्यक्रमकै परिप्रेक्ष्यमा उनीहरूको चर्चाको चुरोचाहिँ पत्रकारिता शिक्षामा रहेको प्रयोगात्मक अभ्यासको कमी नै रहेको देखिन्छ । पुस्तक मुख्यत: तालिमबारे भएकाले उनीहरूले पत्रकारिता तालिम दिने संस्थाका पाठ्यक्रमबारे नै परिचर्चालाई केन्द्रित गरेका छन् । केही संस्थाले तालिम सञ्चालन गर्दा पाठ्यक्रमको प्रयोग गरे पनि परियोजना (प्रोजेक्ट) मा आधारित धेरैजसो तालिमहरू पाठ्यक्रमबिना

नै सञ्चालन गरिने, पाठ्यक्रम कस्तो बनाउँदा तालिम प्रभावकारी हुन्छ भन्ने कुरामा संस्थाहरूको ध्यान नपुगेको तथा प्रशिक्षक नै पाठ्यक्रम हो भन्ने मनोविज्ञानले काम गरेकोले यस्तो भएको उल्लेख गरिएको छ । नियमित तालिम दिने केही संस्थाहरूले बाहेक अन्यले पाठ्यक्रम निर्माणको पाटोलाई प्राथमिकतामा राखेको नपाइने पनि उल्लेख गरिएको छ ।

अधिकारी (वि.सं. २०६८) ले सञ्चारको अध्ययनका परिप्रेक्ष्यमा प्राज्ञिक/शैक्षिक संस्थाका पाठ्यक्रम तथा अध्येताहरूका सैद्धान्तीकरणका प्रयत्नहरूमा पाश्चात्य (विशेषतः अमेरिकी) प्रभुत्व रहेकोबारे परिचर्चा गर्दै त्यसको ऐतिहासिक कारणबारे समीक्षा गरिएको छ । आधुनिक विधा वा अध्ययन क्षेत्रका रूपमा सञ्चार (कम्युनिकेसन) को विस्तार सं.रा. अमेरिकाबाट अन्य मुलुकतर्फ रेखीय तवरले भएकाले नेपालजस्ता मुलुकका प्राज्ञिक र शैक्षिक संस्थाका पाठ्यक्रममा मौलिकताको अभाव भएको र पाश्चात्य (विशेषतः अमेरिकी) प्रभुत्व रहन गएको विश्लेषण गरिएको छ । विकास सञ्चारको सन्दर्भ उल्लेख गर्दै यसको अध्ययनमा बहुविधात्मकता, बहुसांस्कृतिकता एवं बहुप्रतिमानकताको अवधारणाले ल्याउन सक्ने परिवर्तनमा जोड दिइएको छ । अन्तर्यमा सञ्चार अध्ययनका पाठ्यक्रममा मौलिक स्थानीय र वैश्विक अन्तर्वस्तुको संयोजनमा जोड दिइएको छ ।

खनाल (वि.सं. २०६८) ले उल्लेख गरेका छन् कि त्रि.वि.का अधिकांश पाठ्यक्रमहरू सैद्धान्तिक पक्षसँग मात्र सम्बन्धित भएका पाइन्छन् भने पत्रकारिता विषयमा समावेश भएका सिद्धान्त, प्रेस कानुन, अनुसन्धानका अध्ययन पद्धति, सञ्चारका प्रयोग र विश्वव्यापी सञ्चार प्रक्रियाहरूले समाजको परिवर्तनशील गतिलाई समावेश गर्ने प्रयास गरेको छ । पुस्तकको चौथो खण्डमा त्रि.वि. अन्तर्गत पत्रकारिता शिक्षाको इतिहासका केही पक्षबारे जानकारी समेटिएको छ । पत्रकारिता पाठ्यक्रमको अन्तर्वस्तुबारे नभई पाठ्यक्रम निर्माण तथा अध्यापनमा संलग्न व्यक्तिहरूको फेहरिस्त पेस गर्नुमा यो खण्ड केन्द्रित छ । पुस्तकको अन्तिम खण्डमा त्रि.वि.को पत्रकारिता शिक्षाबारे विभिन्न व्यक्तिहरूका राय समेटिएको छ ।

अधिकारी (सन् २०११) ले मुख्यतः सञ्चार तथा मिडिया अध्ययनका सन्दर्भमा पाठ्यक्रमबारे गरेको विश्लेषण पत्रकारिता पाठ्यक्रमका सन्दर्भमा पनि प्रासङ्गिक छ । गैरपश्चिमा देशहरूसँग पाठ्यक्रम तर्जुमा तथा विकास गर्ने क्रममा विभिन्न विकल्प रहेको, तर उनीहरूले पाश्चात्य प्रतिमानलाई नै कुनै

युक्तिसिद्ध विश्लेषण (rational analysis) बिना ग्रहण गर्ने गरेको उनले चर्चा गरेका छन् । वैश्विकरण (globalization) को नाममा भइरहेको एकोहोरो सूचना प्रवाहसँग मिल्दो प्रवृत्तिकै रूपमा पाठ्यक्रममा पाश्चात्य प्रतिमानको अन्धानुकरण हुनुलाई उनले अर्थ्याएका छन् । नेपाल लगायतका गैरपश्चिमा देशमा सञ्चार तथा मिडियाका पाठ्यक्रमहरूमा मौलिक/रैथाने अन्तर्दृष्टिको अभावलाई उनले सोही प्रवृत्तिको परिणामका रूपमा खुट्ट्याएका छन् । त्रि.वि. र पू.वि. का आमसञ्चार तथा पत्रकारिता पाठ्यक्रमहरूको साक्ष्य पनि यसै प्रसङ्गमा उल्लेख गरिएको छ । उनले पछिल्लो समयमा प्रतिमान परिवर्तन (paradigm shift) को कारणले पाठ्यक्रमका अन्तर्वस्तुमा पनि परिवर्तन हुन थालेको साक्ष्यका रूपमा का.वि.को पाठ्यक्रममा मौलिक/रैथाने अन्तर्दृष्टिहरूलाई समावेश गरिनुलाई उल्लेख गरेका छन् ।

अधिकारी र पन्त (सन् २०११) ले नेपालमा पत्रकारिता शिक्षामा लैङ्गिक बहिष्करण (gender exclusion) को अवस्था रहेको तथ्यलाई अगाडि सारेका छन् । यस्तो बहिष्करण पाठ्यक्रममा स्पष्टसँग प्रतिबिम्बित भएको विश्लेषण त्रि.वि., पू.वि. र का.वि. अन्तर्गतका नौवटा पाठ्यक्रमहरूको अन्तर्वस्तु विश्लेषणका आधारमा गरिएको छ । साथै, विश्वविद्यालयका पत्रकारिता विषय समितिलगायतका संस्थागत संरचनामा महिलाको बहिष्करण भइरहेको अवस्था पनि चर्चा गरिएको छ । यसरी पाठ्यक्रमका साथै पाठ्यक्रमात्मक प्रक्रियामा समेत महिलाको बहिष्करण संस्थागत भइरहेको तथ्यलाई उजागर गरिएको छ ।

अधिकारी (वि.सं. २०७०) ले मिडिया शिक्षाका विभिन्न पक्षबारे विमर्श गर्ने क्रममा पाठ्यक्रमको प्रसङ्गमा पनि परिचर्चा गरेका छन् । नेपालमा सञ्चार विधा अन्तर्गत विद्यालय तह (कक्षा ९) देखि विद्यावारिधि तहसम्म अध्ययनअनुसन्धान हुने गरेको र यस क्रममा 'सञ्चार', 'आमसञ्चार', 'पत्रकारिता', 'पत्रकारिता र आमसञ्चार', 'आमसञ्चार र पत्रकारिता', 'विकास सञ्चार', 'मिडिया प्रविधि' तथा 'मिडिया अध्ययन' नामकरण गरिएका शैक्षिक कार्यक्रम तथा उपाधि प्रचलनमा रहेको उल्लेख गरिएको छ । शैक्षिक कार्यक्रम तथा उपाधिमा उपर्युक्त विविधता देखिए तापनि पाठ्यक्रमको चुरो अन्तर्वस्तु भने उस्तै रहेको पर्यवेक्षण उनको छ । नेपालमा पत्रकारिता प्रशिक्षण र शिक्षण हुँदै आमसञ्चारको अध्ययनको गोरेटो खनिएको ऐतिहासिक कारणले पाठ्यक्रमहरूमा पत्रकारिता केन्द्रमा रहेको र

सञ्चार सिद्धान्तीकरण छायामा परेको उनको ठम्याइ छ । उनका अनुसार, आधुनिक नेपालमा पाश्चात्य प्रतिमान अनुरूपको शिक्षा भारत हुँदै भित्रिएको हुनाले प्राज्ञिक अभ्यासमा त्यसको प्रभाव छ र सञ्चारको अध्ययन र सिद्धान्तीकरणको इतिहासका नाममा प्राचीनकालको ग्रीसेली र आधुनिक कालको अमेरिकी सन्दर्भलाई प्राथमिकता दिने प्रवृत्ति अद्यापि प्रबल छ । नेपालमा पनि पश्चिमी (विशेषत: अमेरिकी) अनुकरण गर्नु नै आधुनिक एवं वैश्विक हुनु हो भन्ठानेर पाठ्यक्रमहरूमा अन्धानुकरण गरिएको र सञ्चार अध्ययनको क्षेत्रमा पनि सोही प्रवृत्ति रहेकाले पाठ्यक्रमहरू मौलिक अन्तर्दृष्टिबाट वञ्चित रहेका भए तापनि पछिल्लो समयमा प्रतिमान परिवर्तनका कारण बहुविधात्मकता र बहुसांस्कृतिकताको पक्ष पनि पाठ्यक्रम निर्माणका क्रममा मुख्य मुद्दा बनेकामा जोड दिइएको छ ।

खरेल (वि.सं. २०७०) ले नेपालको सञ्चार परिदृश्यबारे परिचर्चा गर्ने क्रममा पत्रकारिताको शैक्षिक/प्राज्ञिक वृद्धिको कारक तत्वबारे पनि चर्चा गरेका छन् । यस प्रसङ्गको उठान ऐतिहासिक सन्दर्भबाट गर्दै राजा वीरेन्द्रले विशेष अभिरुचि देखाएपछि त्रि.वि.अन्तर्गत सञ्चारसम्बन्धी अध्ययन काठमाडौंस्थित रत्नराज्यलक्ष्मी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा सन् १९७६ मा सुरु भएको उल्लेख गरेका छन् । सन् १९८० मा पाटन बहुमुखी क्याम्पसमा पत्रकारिताको स्नातक तह सुरु भएकोमा तीन वर्षपछि रत्नराज्यलक्ष्मी क्याम्पसमा स्नातक तहमा पत्रकारिता सुरु भएपछि पाटनमा बन्द भएको पनि उल्लेख गरिएको छ । सन् १९९० को दशकमा सञ्चार क्षेत्रको वृद्धि र अवसर दुवैको माग बढ्दै गएपछि त्यसबाट प्रेरित भएर अन्य शैक्षिक संस्थाहरूमा पनि पत्रकारिताको पठनपाठन फैलिँदै गएको पनि उनी उल्लेख गर्छन् । यसरी बजारको मागले गर्दा नै पत्रकारिताको शैक्षिक कार्यक्रममा वृद्धि हुन पुगेको उनको विश्लेषण रहेको बुझिन्छ ।

अधिकारी (सन् २०१४) ले दक्षिण एसियामा सञ्चार सिद्धान्तको पुनर्अभिमुखीकरण, मथन (ferment) र सम्भावनाबारे परिचर्चा गर्ने क्रममा नेपालमा सञ्चारविधाको पाठ्यक्रमका क्षेत्रमा आइरहेको परिवर्तनबारे पनि चर्चा गरेका छन् । सञ्चारको अध्ययन तथा सिद्धान्तीकरणका क्षेत्रमा प्रतिमान परिवर्तन हुने क्रममा अब यो पुनर्अभिमुखीकरणको चरणमा आइपुग्न लागेको उनी तर्क गर्छन् । नेपालका परिप्रेक्ष्यमा काठमाडौं विश्वविद्यालयको मिडिया अध्ययनको पाठ्यक्रममा गरिएका प्रयोगलाई पाठ्यक्रमको वैश्वस्थानीकरण (glocalization) को उदाहरणका

रूपमा उल्लेख गर्दै यसबाट पाठ्यक्रमलाई मौलिक/रैथाने अन्तर्वस्तुले समृद्ध पार्ने उपक्रमका रूपमा अर्थ्याइएको छ । नेपाली र भारतीय विश्वविद्यालयहरूको समेत उदाहरण प्रस्तुत गर्दै सञ्चार विधाको अध्ययनका क्षेत्रमा बहुसांस्कृतिकता र बहुविधात्मकताको बढ्दो प्रभावलाई देखाउँदै यसले अन्ततोगत्वा यस विधाको पुनर्अभिमुखीकरण गराउने आकलन गरिएको छ ।

उल्लाह (सन् २०१४) ले दक्षिण एसियाली परिप्रेक्ष्यमा पत्रकारिता शिक्षाको पाठ्यक्रमबारे विश्लेषण गर्दा नेपालको प्रसङ्गलाई पनि समेटेका छन् । दक्षिण एसियामा पत्रकारिता शिक्षामा नाटकीय परिवर्तन हुँदै गरेको, पत्रकारिता पेसा उद्योगको प्रगति अनुरूप नै पत्रकारिता शिक्षकहरूले आफ्ना पाठ्यक्रममा अनेक परिवर्तन ल्याएका र पाठ्यक्रममा बढी प्रविधिकेन्द्रित, बहुविधात्मक, व्यवस्थापकीय उद्यमसम्बन्धी विषयहरू राखिएका उनले उल्लेख गरेका छन् । यस क्षेत्रमा २ सय भन्दा बढी विश्वविद्यालयका विभाग र सङ्कायअन्तर्गत पत्रकारिता/आमसञ्चारका विभिन्न तहका पठनपाठन गराइने तथ्याङ्क उनले प्रस्तुत गरेका छन् । उनले १२ वटा विश्वविद्यालयहरूका पाठ्यक्रमको अध्ययन गर्दा तिनीहरूले ७० प्रतिशत सञ्चार र मिडिया सिद्धान्त र ३० प्रतिशत मात्र प्रयोगात्मक पत्रकारितालाई आफ्ना अन्तर्वस्तुमा समेटेको उनी उल्लेख गर्छन् । यसरी समेटिएका सैद्धान्तिक अन्तर्वस्तुको एसियाली सन्दर्भमा अत्यन्त न्यून सान्दर्भिकता रहेको तथा पाठ्यक्रमहरूमा स्पष्ट दिशा र एकरूपता र सङ्गतिको अभाव देखिएको पनि उनी उल्लेख गर्छन् । दक्षिण एसियाका विश्वविद्यालयका पत्रकारिता पाठ्यक्रमहरू पश्चिमकेन्द्रित भएको भन्दै उनी आलोचना गर्छन् ।

पूर्वकार्यसमीक्षाले के देखाउँछ भने नेपालको परिप्रेक्ष्यमा पत्रकारिता पाठ्यक्रम तथा पाठ्यक्रमात्मक अवस्थाबारे पर्यवेक्षण, मूल्याङ्कन तथा विश्लेषण गर्नु पर्छ भन्ने सचेतना भने सरोकारवालाहरूमा रहेकै छ । फलस्वरूप पत्रकारिता पाठ्यक्रमबारेको सङ्कथन पछिल्ला वर्षहरूमा वृद्धि भएको पनि देखिन्छ । माथि समीक्षा गरिएका पूर्वसामग्रीहरूका अतिरिक्त अन्य सामग्रीहरूमा पनि पत्रकारिता पाठ्यक्रम वा यसको कार्यान्वयनको अवस्थाबारे विश्लेषण वा राय, विचार, आत्मकथन वा आलोचना व्यक्त गरिएको पाइन्छ (जस्तैः अधिकारी, सन् २००२, सन् २००३, वि.सं. २०६७, वि.सं. २०७१, अर्याल, वि.सं. २०५८, आचार्य, वि.सं. २०६५, केसी, वि.सं. २०६०, खनाल, वि.सं. २०५५, खनाल, वि.सं. २०६६ख, खनाल, वि.सं. २०६६,

गौतम, वि.सं. २०५९, चालिसे, सन् २००३, ज्ञवाली, वि.सं. २०५१, दुरा, वि.सं. २०६०, देउजा, वि.सं. २०५२, वि.सं. २०५६, देवकोटा, सन् २००८, पन्त, सन् २००८, सन् २००९बी, सन् २०१०, पहाडी, वि.सं. २०६३, पाँडे, वि.सं. २०६६, वि.सं. २०६७, पोखरेल, वि.सं. २०५६, सन् २००१, पोखरेल, सन् २००४, पोखरेल, सन् १९९६, पौड्याल, सन् १९९७बी, बुढाथोकी, वि.सं. २०६७, भट्टराई, वि.सं. २०६९, भण्डारी, वि.सं. २०५९, भण्डारी, वि.सं. २०६०, भादगाउँले, वि.सं. २०५३, महर्जन, सन् २००९, राई, वि.सं. २०४३, सन् १९९३, सन् १९९५, वि.सं. २०५२, सन् १९९६, वि.सं. २०५५, वि.सं. २०६३, सन् २००७, वि.सं. २०६७ख, सन् २०१३, लम्साल, सन् २००८, लामिछाने, सन् २००१, वन्त, सन् २००६, शाक्य, सन् १९९५, सन् १९९७बी, सुवेदी, सन् २००७, सुवेदी, सन् २००२) ।[1] पत्रकारिता शिक्षाबारे लेखिएका पूर्वोक्त प्रकाशित वा अप्रकाशित सबैखाले सामग्रीले पत्रकारिता शिक्षा एवं पाठ्यक्रमबारेको सङ्कथन वृद्धिमा अवश्यै योगदान गर्ने भए तापनि पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) मा ठोस योगदान भने नपुग्न सक्छ । उपर्युक्त योगदानका लागि त पत्रकारिता पाठ्यक्रम र पाठ्यक्रमात्मक प्रक्रियामै केन्द्रित भई गरिएका अध्ययन, विश्लेषण एवं मूल्याङ्कन आवश्यक पर्छन् । यद्यपि, नेपालमा पत्रकारिता शिक्षाबारे देखिने सरोकार र चासोको तुलनामा यसको पाठ्यक्रम र पाठ्यक्रमात्मक प्रक्रियामा केन्द्रित भई गरिएका अध्ययन, विश्लेषण एवं मूल्याङ्कनको मात्रा अद्यापि न्यून देखिन्छ । त्रि.वि. अन्तर्गत पत्रकारिता पाठ्यक्रमबारे बेला बेलामा प्रतिवेदनहरू तयार हुने (जस्तै : उपाध्याय, सन् १९९७, उपाध्याय, खनाल र शर्मा, सन् १९९१, राई, सन् १९८४, सन् १९८७, सन् १९९१) भए तापनि ती सार्वजनिक रूपमा उपलब्ध भने नरहेको तथ्य यहाँनेर उल्लेख्य छ ।

प्रस्तुत अध्ययनको दायरामा समेटिएका तीनवटा विश्वविद्यालयहरूमध्ये त्रि.वि.कै पत्रकारिता पाठ्यक्रमको सेरोफेरोमा अधिकतर आलोचना, चर्चा, विश्लेषण तथा मूल्याङ्कन हुने गरेको पूर्वकार्य समीक्षाबाट देखिएको छ । त्रि.वि.कै पाठ्यक्रमबारेको अति सामान्यीकृत बुझाइ र त्यसको कार्यान्वयनको अवस्थाबाट सिर्जित सामान्यीकृत निष्कर्ष नै पू.वि.को पाठ्यक्रम र त्यसको कार्यान्वयनका सन्दर्भमा समेत सामान्यीकरण हुने गरेको देखिन्छ । पू.वि.को पाठ्यक्रमको प्रत्यक्ष

1 यहाँ उल्लेखित कतिपय सामग्री हर्षमान महर्जन, मार्टिन चौतारीद्वारा तयार पारिएको सन्दर्भ सूचीबाट हेरी उल्लेख गरिएको ।

उदाहरण दिएर विश्लेषण गरेका सामग्री त्रि.वि.का तुलनामा कम देखिन्छन् । का.वि.को पाठ्यक्रमको अन्तर्वस्तुको विश्लेषण गरिएका केही सामग्री पूर्वकार्य समीक्षाका क्रममा भेटिएका भए तापनि पत्रकारिताको विश्वविद्यालयीय शिक्षाको प्रसङ्गमा त्रि.वि. र पू.वि.को नै मुख्यतः चर्चा भएको छ ।

त्रि.वि.को पत्रकारिता तथा आमसञ्चार शैक्षणिक कार्यक्रम सबैभन्दा पुरानो र ठूलो हुनुका कारणले बढी चासो पाएको तथा पू.वि.को आमसञ्चार तथा पत्रकारिता शैक्षणिक कार्यक्रमप्रति पनि त्यससँग सम्बद्ध शैक्षिक संस्था, विद्यार्थी सङ्ख्या तथा त्यहाँबाट उत्पादित जनशक्तिको पत्रकारिता क्षेत्रमा प्रवेश बढ्दै जाँदा क्रमशः चासो बढ्दै गएको बुझ्न सकिन्छ । का.वि.को मिडिया अध्ययन शैक्षणिक कार्यक्रमको विद्यार्थी सङ्ख्या न्यून रहेको र त्यहाँबाट उत्पादित जनशक्तिको पत्रकारिता क्षेत्रमा प्रवेश कम मात्रामा रहेका कारणले यसको पाठ्यक्रमबारे त्रि.वि. र पू.वि.का तुलनामा कम चासो र जानकारी रहेको हुन सक्छ । का.वि.को मिडिया अध्ययन शैक्षणिक कार्यक्रम तथा यसको पाठ्यक्रमबारे परिचर्चा वा उल्लेख भएको अवस्थामा सकारात्मक छवि नै प्रायः पाइनुचाहिँ यसले कमाएको पूँजीका रूपमा हेर्न सकिन्छ ।

पत्रकारिता पाठ्यक्रमबारेका पूर्वप्रकाशित सामग्रीहरू मुख्यतया दुई प्रकारका देखिन्छन् । एकथरी सामग्रीहरूमा पत्रकारिता शिक्षाबारे सामान्य झझल्को (general impression) जे रहिआएको छ, त्यसैसँग मिल्ने गरी सुविधाको दृष्टिबिन्दु लिएर मनोगत विचार छरपस्ट पार्ने, कुनै एउटा विश्वविद्यालयको सन्दर्भ लिएर सबैलाई हुण्डीमुण्डीमा आलोचना गर्ने, पाठ्यक्रमको अन्तर्वस्तु हेर्दै नहेरी अनुमानका भरमा टिप्पणी गर्ने एवं अति सामान्यीकरण गर्ने प्रवृत्ति देखिन्छ । कतिपय व्यक्तिले त फरक फरक लेखोटमा परस्पर विपर्यास नै हुने गरी समेत लेखेकोसमेत देखिएको छ । एकै विश्वविद्यालयका उही विभागका सदस्यहरूले लेखेका सामग्रीहरूमा १ सय ८० डिग्रीको फरक पर्ने गरी दाबी गरिएको पनि पाइएको छ । विश्वविद्यालयको पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) मा प्राथमिक भूमिका निर्वाह गर्नु पर्ने दायित्व भएका र सोहीअनुरूपको औपचारिक हैसियतमा पनि रहिसकेका व्यक्तिले समेत पानीमाथिको ओभानो बन्न खोजी आलोचना मात्र पस्केको पनि नपाइने होइन ।

अर्कोतिर, थोरै सङ्ख्यामा रहेका केही पूर्वप्रकाशित सामग्रीहरूमाचाहिँ

सामान्यतः पत्रकारिता शिक्षा र विशेषतः पत्रकारिता पाठ्यक्रमका परिप्रेक्ष्यमा वस्तुनिष्ठ आत्मावलोकन, वस्तुनिष्ठ पर्यवेक्षण तथा साक्ष्यहरूको आधारमा विश्लेषण भएको देखिन्छ । यस कोटिमा पर्नेमध्येका केही सामग्रीहरूमा त शोधपद्धतिको उपयुक्त विधि प्रयोग गरी पत्रकारिता पाठ्यक्रम तथा पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) बारे विश्लेषण भएको एवं ठोस सुझावहरू समेत दिइएको छ । यद्यपि, यिनमा पत्रकारिता पाठ्यक्रमका अन्तर्वस्तुलाई कुनै निश्चित दृष्टिकोणबाट मात्र विश्लेषण गरिएको छ ।[2]

यस्तो पृष्ठभूमिमा, पूर्वकार्य समीक्षाले के इङ्गित गर्दछ भने नेपालमा हाल लागू रहेका पत्रकारिता पाठ्यक्रमहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने कार्य मात्रात्मक तथा गुणात्मक दुवै हिसाबले अपर्याप्त नै रहेको छ । पाठ्यक्रममा कमजोरी छ भनेर आलोचना गर्ने काम जुन मात्रामा भएको छ, त्यसको निकै कम मात्रामा मात्र पाठ्यक्रमको अन्तर्वस्तु तथा पाठ्यक्रमात्मक प्रक्रियाका अन्य पाटाहरूबारे विमर्श भएको पूर्वकार्य समीक्षाले देखाएको छ । पाठ्यक्रमको अन्तर्वस्तु तथा पाठ्यक्रमात्मक प्रक्रियाका अन्य पाटाहरूबारे अनुसन्धान पद्धतिको मानकअनुसार भएका अन्वेषण त झन् दुई/चारवटा मात्र रहेछन् । विश्वविद्यालयीय पत्रकारिता शिक्षाले चार दशक समयावधि पूरा गर्नै लागेको तथ्यलाई ख्याल राख्ने हो भने त नेपालमा विद्यमान पत्रकारिता पाठ्यक्रमहरूबारेको सङ्कथन झनै अपर्याप्त देखिन्छ । तसर्थ, नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रम र तत्सम्बन्धी पाठ्यक्रमात्मक प्रक्रियाको समष्टि विश्लेषणका लागि पर्याप्त आधार पूर्वकार्यहरूले प्रदान गरिसकेका छैनन् ।

पाठ्यक्रममा समयसापेक्ष परिष्कार एवं पुनर्संरचनाका लागि यसको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन अनवरत भइरहनु पर्ने हुन्छ । पत्रकारिताजस्तो तीव्र गतिमा परिवर्तनशील क्षेत्रको पाठ्यक्रम त झन् गतिशील हुनु स्वाभाविकै हो । त्यस्तो गतिशीलतालाई दिग्दर्शन गर्ने आधार भने पाठ्यक्रमबारे गरिने वैज्ञानिक अध्ययनहरूले प्रदान गर्छन् । नेपालका विश्वविद्यालयका पत्रकारिता पाठ्यक्रमबारे यसअघिका सङ्कथनले पाठ्यक्रममा समसामयिक सुधार एवं विकासको कार्यसूची (agenda) लाई स्थापित गरेको भए तापनि वर्तमान पत्रकारिता पाठ्यक्रम र

2 जस्तै : एउटा अध्ययनमा मिडिया नीतिशास्त्रको दृष्टिबिन्दुबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ (अधिकारी, वि.सं. २०६५) भने अर्को अध्ययन लैङ्गिक (जेण्डर) दृष्टिकोणमा केन्द्रित रहेको छ (अधिकारी, सन् २०१०, अधिकारी र पन्त, सन् २०११) ।

तत्सम्बन्धी पाठ्यक्रमात्मक प्रक्रियाको समष्टि विश्लेषणका लागि पर्याप्त आधारको थप अध्ययनको आवश्यकता रहेको पृष्ठभूमिमा प्रस्तुत अध्ययन भएको हो । पाठ्यक्रममा पत्रकारिताका आधारभूत ज्ञान तथा सीपहरूको सुनिश्चितताका लागि यसलाई वैश्विक मानकसँग तुलना गर्नु समीचीन नै हुन्छ । युनेस्कोको नमूना पाठ्यक्रमलाई तुलनाको आधार बनाई नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमको विश्लेषण गर्ने तथा उक्त नमूना पाठ्यक्रममा अवलम्बित पत्रकारिताका आधारभूत ज्ञान तथा सीपहरूको नेपालका विश्वविद्यालयका वर्तमान पत्रकारिता पाठ्यक्रममा अवलम्बनको अवस्था खुट्याउने कार्य पनि यस्तै उपक्रम हो ।

# अध्याय ३
# अध्ययनको शोध योजना

## ३.१ शोध पद्धति

प्रस्तुत अध्ययनमा गुणात्मक र मात्रात्मक दुवै शोध दृष्टिकोणको संयोजन गरिएको छ । अध्येय पाठ्यक्रमहरूको विश्लेषणका लागि अन्तर्वस्तु विश्लेषण विधि प्रयोग भएको छ ।

नेपालका विश्वविद्यालयहरूका पत्रकारिता पाठ्यक्रमको विश्लेषणका निमित्त परीक्षणसूची (चेकलिस्ट) का रूपमा प्रयोग गर्नका लागि युनेस्कोको नमूना पाठ्यक्रम (युनेस्को, सन् २००७), नेपालमा मिडिया विकासको अवस्थाबारे युनेस्कोको अध्ययन (युनेस्को, सन् २०१३) तथा युएनडीएएफ आउटकम ३ (गभर्नमेन्ट् अफ् नेपाल र युनाइटेड नेसन्स, सन् २०१३) का आधारमा सूचकहरू अभिनिर्माण गरिएको छ । सोही सूचकहरूकै आलोकमा अध्येय पाठ्यक्रमहरूको अन्तर्वस्तु विश्लेषण गरिएको हो ।

अध्ययनका क्रममा निम्नानुसारका कार्यहरू सम्पन्न गरिएको छ :

- विद्यमान पत्रकारिता पाठ्यक्रमहरूको सान्दर्भिकता तथा युनेस्कोको नमूना पाठ्यक्रम र लैङ्गिक तथा विविधताका सूचकहरूसँग तादात्म्य हुने गरी संशोधनको आवश्यकताबारे परिचर्चाका निमित्त ४२ जना सरोकारवाला तथा विज्ञहरूको सहभागितासहित पूर्व-ग्रहणक्षमीकरण गोष्ठी (pre-sensitization seminar) को आयोजना गरियो, जसमा विश्वविद्यालयका अधिकारीहरू, मिडियाविद् तथा मिडिया उद्योगका प्रतिनिधिहरूको सहभागिता रह्यो ।
- त्रि.वि., का.वि. तथा पू.वि. वा तिनीहरूबाट सम्बन्धन प्राप्त महाविद्यालयहरूसँग सम्बद्ध रहेका मिडियाविद् तथा अनुसन्धाताहरूको एक समूह (consortium) निर्माण गरियो ।
- युनेस्कोको नमूना पाठ्यक्रमले समेटेका पत्रकारिताका आधारभूत ज्ञान तथा सीपहरूको परिचर्चा एवं विश्वविद्यालयहरूका पाठ्यक्रमको परिमार्जनका क्रममा तिनीहरूको अनुकूलनबारे सुझावको सुनिश्चितता

गरिएको छ ।


- विश्वविद्यालयहरूले कसरी आफ्ना पाठ्यक्रमको अनुकूलन युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप गर्न सक्छन् र आफ्ना विद्यार्थीहरूलाई मिडिया संस्था र मिडियाका सहयोगी प्रणालीमा सार्थक भूमिकाका लागि तयार पार्न सक्छन्, साथै शैक्षणिक संस्थान, विकासे संस्था तथा अन्य सेवा क्षेत्रमा समेत लैङ्गिक संवेदनशीलता र विविधतालाई प्रवर्द्धन गर्न सक्षम बनाउन सक्छन् भन्नेबारे सुझाव दिइएको छ ।
- अध्ययनका क्रममा भएका गतिविधिबारे युनेस्कोद्वारा मिडियामार्फत् वितरणका लागि उक्त गतिविधिको प्रतिफललाई जोड दिँदै फोटोसहितका समाचार सामग्री तयार पारिएको छ ।
- एक विश्लेषणात्मक प्रतिवेदन तयार पारिएको छ, जसमा अङ्ग्रेजीमा सुझावहरू तथा नेपालमा सारांश समेत समावेश छ ।
- अध्ययन प्रतिवेदनलाई नेपाली भाषामा प्रकाशित गरिएको छ र यसलाई विश्वविद्यालयका अधिकारीहरू, मिडियाविद्हरू तथा पत्रकारिता पाठ्यक्रम निर्माताहरूसम्म पुर्‍याइने छ ।

प्रस्तुत अध्ययन मूलतः पाठ्यक्रमहरूको विश्लेषण हो तापनि यो त्यतिमा मात्र सीमित रहेको छैन । पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) मा प्रत्यक्ष असर पार्ने विभिन्न पक्षहरूलाई ख्याल नगरी फगत् पाठ्यक्रमका अन्तर्वस्तुको मात्र विश्लेषणले पत्रकारिता शिक्षाको समष्टि चित्र नआउने हुनाले पाठ्यक्रम विकास तथा कार्यान्वयनका विभिन्न आयामलाई पनि प्रस्तुत अध्ययनमा समेटिएको हो ।

## ३.२ अध्येय सामग्री तथा नमूना सङ्कलन विधि

त्रि.वि., का.वि. तथा पू.वि.अन्तर्गत स्नातक तथा स्नातकोत्तर तहका वर्तमान पत्रकारिता पाठ्यक्रमहरू प्रस्तुत अध्ययनका लागि अध्येय सामग्री हुन् । उद्देश्यमूलक नमूना छनोट विधि अनुसार सान्दर्भिक सबै पाठ्यक्रमलाई अध्ययनमा समाविष्ट गराइएको छ । अध्येय पाठ्यक्रमको समूहमा त्रि.वि.का दुईवटा, पू.वि.का छवटा र का.वि.का एउटा गरी कूल नौवटा पाठ्यक्रमहरू समेटिएका छन् ।

चित्र नं. १: विभिन्न विश्वविद्यालयहरुमा पत्रकारितासम्बद्ध पाठ्यक्रमहरुको सङ्ख्यात्मक अवस्था




## ३.३ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत अध्ययन मूलतः अन्तर्वस्तु विश्लेषण भएकाले शोध योजनाअनुरूप गुणात्मक तथा मात्रात्मक अन्तर्वस्तु विश्लेषणका लागि उपयुक्त तथ्याङ्क सङ्कलन विधिको प्रयोग भएको छ । यसै अध्ययनको प्रयोजनका लागि अभिनिर्मित परीक्षणसूची (चेकलिस्ट) का आलोकमा अध्येय सामग्रीको गहन पठन गरी तथ्य/तथ्याङ्कको सङ्कलन गरिएको छ ।

साथै, माथि उल्लेख गरिएझैँ, पाठ्यक्रम विकास तथा कार्यान्वयनका विभिन्न आयामबारेका तथ्य/तथ्याङ्क पनि प्रस्तुत अध्ययनको दायरामा समेटिएको छ र त्यसका लागि ग्रहणक्षमीकरण गोष्ठीबाट प्राप्त सूचनाका साथै द्वितीयक स्रोतबाट प्राप्त सूचना पनि उपयोग गरिएको छ । अध्ययन समूह (consortium) का कतिपय सदस्यहरू वर्षौंदेखि पत्रकारिता शिक्षा एवं पाठ्यक्रमात्मक प्रक्रियामा प्रत्यक्ष संलग्न रहिआएको हुनाले यस्तो प्रत्यक्ष संलग्नताबाट हासिल भएको अनुभव/अन्तर्ज्ञान तथा प्रत्यक्ष पर्यवेक्षणबाट प्राप्त सूचना पनि प्रस्तुत अध्ययनमा तथ्य/तथ्याङ्कका स्रोत बनेका छन् ।

## ३.४ तथ्याङ्क विश्लेषण विधि

प्रस्तुत अध्ययनमा विवरणात्मक तथा समालोचनात्मक विश्लेषण विधि तथा आगमनात्मक तर्कको प्रयोग गरिएको छ ।

## ३.५ सीमाङ्कन

नेपालमा पत्रकारिताको अध्ययन-अध्यापन तथा अनुसन्धान विद्यालयतह (कक्षा ९) देखि विद्यावारिधि तहसम्म हुन थालिसकेको भए तापनि प्रस्तुत अध्ययनको दायरामा त्रि.वि., का.वि. र पू.वि. अन्तर्गत स्नातक र स्नातकोत्तर तहका वर्तमान पत्रकारिता पाठ्यक्रमलाई मात्र समाविष्ट गरिएको छ । नेपालमा पत्रकारिता शिक्षाको पाठ्यक्रमात्मक अवस्थालाई उक्त पाठ्यक्रमहरूकै आधारमा आकलन गरिएको छ ।

युनेस्कोले तयार पारेको नमूना पाठ्यक्रमले दुई वर्षे डिप्लोमा तह, तीन वर्षे तथा चारवर्षे स्नातक तह र दुई वर्षे स्नातकोत्तर तहका लागि पाठ्यक्रमको खाका दिएको भए तापनि प्रस्तुत अध्ययनका क्रममा नेपालका विश्वविद्यालयहरूमा सञ्चालित स्नातक तथा स्नातकोत्तर तहका शैक्षणिक कार्यक्रमका पाठ्यक्रमहरूको विश्लेषण गरिने भएकोले नमूना पाठ्यक्रमबाट उपर्युक्त तहहरू कै पाठ्यक्रमलाई सन्दर्भका रूपमा लिइएको छ ।

प्रस्तुत अध्ययनमा अन्तर्वस्तु विश्लेषण विधिका अतिरिक्त अन्य विधिबाट समेत तथ्य/तथ्याङ्क लिइएको छ । ग्रहणक्षमीकरण गोष्ठी, विभिन्न द्वितीयक स्रोत तथा अध्ययन समूहका सदस्यहरूको प्रत्यक्ष अनुभव/अन्तर्ज्ञान तथा पर्यवेक्षणबाट प्राप्त सूचना प्रस्तुत अध्ययनमा समेटिएका छन् । यस क्रममा वस्तुनिष्ठतामा आँच नपुगोस् तथा विश्वसनीयता सुनिश्चित होस् भन्नेमा विशेष ध्यान पुर्‍याइएको छ ।

विद्यमान पत्रकारिता पाठ्यक्रमको अनुकूलन युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप गर्नका लागि विश्वविद्यालयहरूलाई सुझाव दिनु पनि प्रस्तुत अध्ययनको मुख्य उद्देश्य भएकाले सोही परिप्रेक्ष्यमा यसको सीमा पनि तय भएको छ । पाठ्यक्रमको विश्लेषण विभिन्न दृष्टिकोणबाट गर्न सकिने भए तापनि प्रस्तुत अध्ययन युनेस्कोको नमूना पाठ्यक्रमसँगको तुलनामा केन्द्रित छ । तसर्थ, यसले उक्त नमूना पाठ्यक्रममा समेटिएका पत्रकारिताका

आधारभूत ज्ञान तथा सीपहरूको नेपालका विश्वविद्यालयका वर्तमान पत्रकारिता पाठ्यक्रममा अवलम्बनको अवस्थालाई प्रकाश पारेको छ । अध्येय सामग्रीको अन्तर्वस्तु विश्लेषण गर्नका निमित्त अभिनिर्मित परीक्षणसूची (चेकलिस्ट) मा रहेका सूचकहरूकै परिप्रेक्ष्यमा यहाँ प्रस्तुत विश्लेषणलाई हेर्नु पर्ने हुन्छ ।

# अध्याय ४
# युनेस्कोको नमूना पाठ्यक्रम र पाठ्यक्रम विश्लेषणको परीक्षण–सूची

यस अध्यायमा युनेस्कोको नमूना पाठ्यक्रम (युनेस्को, सन् २००७) को सामान्य परिचय दिँदै पाठ्यक्रम विश्लेषणको परीक्षण-सूची अभिनिर्माणबारे विमर्श गरिएको छ र प्रस्तुत अध्ययनको प्रयोजनका लागि अभिनिर्मित सूचकहरूको विवरण पनि दिइएको छ ।

## ४.१. युनेस्कोको नमूना पाठ्यक्रम

विश्वविद्यालयीय पत्रकारिता शिक्षाले भावी पत्रकारहरूलाई पत्रकारिताका सिद्धान्त एवं अभ्यासबारे शिक्षित गराई विधागत ज्ञान एवं पेसागत दक्षता प्रदान गर्ने भएकाले समयक्रममा पत्रकारिता उद्योगको गुणस्तर अभिवृद्धि गराउन ठूलो योगदान पुर्‍याउँछ । विश्वविद्यालयीय पत्रकारिता शिक्षा कस्तो हुने भन्ने कुरा विश्वविद्यालयहरूका पाठ्यक्रम एवं पाठ्यक्रमात्मक प्रक्रियामा निर्भर रहन्छ । तसर्थ, कुनै पनि देशमा पत्रकारिता क्षेत्रको स्वस्थ विकासका लागि राखिने सरोकारकै अभिन्न अवयवका रूपमा विश्वविद्यालयीय पत्रकारिता शिक्षा एवं पाठ्यक्रमलाई पनि लिइन्छ ।

पत्रकारिताले समाजको बृहत्तर हितका लागि सूचना प्रवाह गरी आम नागरिकलाई जागरूक बनाउन सशक्त भूमिका खेल्ने भएकाले यसलाई राज्यको चौथो अङ्गको रूपमा लिइन्छ । तर यो चौथो अङ्ग मानिने पेसामा आबद्ध पेसाकर्मीले यसको मर्मलाई बुझ्न सकेमात्र पेसागत मर्यादा रहन्छ र पत्रकारिताबाट समाजले अपेक्षा गरेको कुरालाई सम्बोधन गर्न पनि सकिन्छ । यसका लागि आधार तयार गर्ने पत्रकारिता शिक्षाले नै हो । यस्तो गुरूतर जिम्मेवारी रहेको हुनाले पत्रकारिता शिक्षाको स्तरीयताको सवाललाई निकै महत्त्वका साथ लिनु स्वाभाविकै हो । पत्रकारिताले समाजको आर्थिक, सामाजिक, राजनीतिक सवालहरूको सही विवेचना गरी रचनात्मक समाज निर्माण र प्रजातन्त्रको सबलीकरणमा योगदान दिन मद्दत गरोस् भन्ने उद्देश्य

परिपूर्ति गर्नमा पत्रकारिता पाठ्यक्रमहरूको महत्त्वपूर्ण भूमिका रहन्छ ।

युनेस्कोले सन् २००५ देखि नै पत्रकारिताको पाठ्यक्रमलाई विश्वव्यापीरूपमा स्तरीय बनाउने प्रयासको थालनी गरेको छ । सोही वर्षको डिसेम्बरमा "युनेस्कोले पेरिसमा विकासशील देशहरू र उदीयमान प्रजातन्त्रहरूको प्रयोगको लागि सुहाउँदो पत्रकारिता अध्ययनको पाठ्यक्रमको मोटामोटी रूपरेखामा विचार गर्न पत्रकारिता प्रशिक्षकहरूको बैठक आयोजना गऱ्यो । यो आफ्नो शिक्षा व्यवस्थाहरू भित्र पत्रकारिता कार्यक्रमहरू स्थापित गर्न खोज्ने युनेस्को सदस्य राष्ट्रहरूले मार्गदर्शनका लागि गरिएको अनुरोधको प्रत्युत्तरमा गरिएको प्रयास थियो" (युनेस्को, सन् २००७, पृ. ६) । उक्त बैठकपछि एक कार्य समूह गठन गरिएको थियो, जसलाई एउटा विस्तृत पाठ्यक्रम प्रस्ताव गर्न तथा सो पाठ्यक्रमलाई सन् २००७ जुनमा सिङ्गापुरमा पत्रकारिता शिक्षकहरूको पहिलो विश्व सम्मेलनमा पेस गर्न जिम्मेवारी दिइएको थियो । सोही प्रयासको फलस्वरूप सन् २००७ मा पत्रकारिता शिक्षाको नमूना पाठ्यक्रम प्रकाशित भयो । यो पाठ्यक्रमले दुई वर्षे डिप्लोमा तह, तीन वर्षे तथा चारवर्षे स्नातक तह र दुई वर्षे स्नातकोत्तर तहका पत्रकारिता पाठ्यक्रमको खाका दिएको छ ।

नमूना पाठ्यक्रमलाई सन् २०१२ को अन्त्यसम्ममा ६० राष्ट्रका कम्तीमा पनि ७० वटा पत्रकारिता शिक्षण संस्थानहरूले अवलम्बन गरेका वा आफ्नो पाठ्यक्रमलाई नमूना पाठ्यक्रमसँग अनुकूलन गराएको उल्लेख गरिएको पाइन्छ (बान्दा, सन् २०१३, पृ. १०) । विश्वमा हुँदै गएको प्रविधिको विकास र त्यसलाई आम मानिसहरूले सूचना प्राप्तिका लागि गरेको प्रयोग, अनि परिवर्तित समाजका पत्रकारिताको पनि नयाँ भूमिका थपिने हुन्छ । यही तथ्यलाई मध्यनजर गर्दै उक्त नमूना पाठ्यक्रमलाई सघाउन युनेस्कोले सन् २०१३ मा नयाँ पाठ्यक्रमबारे एक पुस्तक (बान्दा, सन् २०१३) प्रकाशित गरेको छ । दोस्रो प्रकाशनले पहिलोमा नसमेटिएका केही विशिष्टिकृत विषयहरूका पाठ्यक्रमको खाका पेस गरेको छ, जस्तै : सञ्चार संस्थाहरूको दिगोपना, तथ्याङ्क पत्रकारिता, अन्तरसांस्कृतिक पत्रकारिता, सामुदायिक रेडियो पत्रकारिता, विज्ञान पत्रकारिता, लैङ्गिक सवाल र पत्रकारिता, मानवीय पत्रकारिता, मानव बेचविखनको रिपोर्टिङ् तथा सुरक्षा र पत्रकारिता ।

पछिल्लो पुस्तकलाई अघिल्लो नमूना पाठ्यक्रमकै अर्को किस्ता भनिएको छ र यसले विश्व पत्रकारिताको परिदृश्यलाई पुनः परिभाषित गर्न मद्दत पुग्ने मानिएको छ ।

यसरी, विश्वविद्यालयीय पत्रकारिता शिक्षालाई समाजसापेक्ष एवं समयसापेक्ष स्तरीय बनाउने जुन उद्देश्य रहेको छ, त्यसको योजनालाई उपर्युक्त दुवै प्रकाशनहरू (बान्दा, सन् २०१३, युनेस्को, सन् २००७) का परिप्रेक्ष्यमा बुझ्नु पर्ने हुन्छ । सोही अनुरूप, प्रस्तुत अध्ययनका क्रममा पाठ्यक्रम विश्लेषणको परीक्षण-सूची अभिनिर्माण गर्दा पनि उपर्युक्त दुवै प्रकाशनहरूलाई मुख्य आधार बनाइएको छ ।

## ४.२ पाठ्यक्रमका अन्तर्वस्तुबारे नमूना पाठ्यक्रमको मान्यता

युनेस्कोको नमूना पाठ्यक्रमले अन्तर्वस्तुको कस्तो सुसंयोजनको परिकल्पना गरेको छ भन्ने आकलनका लागि यसको परिचयात्मक खण्डबाट लिइएको तलको उद्धरण सहायक हुनेछ :

सूचनाको स्रोत, विश्लेषण र विद्यमान घटनाक्रमको समालोचनाको रूपमा पत्रकारिताले आधुनिक समाजमा थुप्रै कामहरू सम्पन्न गर्दछ । तथापि अधिकांश पत्रकारहरूको मूल लक्ष्य जनसाधारणलाई सुसूचित गर्दै शक्तिको प्रयोग कसरी गरिन्छ भन्ने छानबिन गर्दै, प्रजातान्त्रिक बहसलाई बढावा दिँदै र राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहयोग गर्ने अन्य सबै कुराहरूद्वारा समाजको सेवा गर्नु हो । पत्रकारिता शिक्षाले विद्यार्थीहरूलाई समाचारहरू कसरी पहिचान गर्ने र तथ्य तथा राज्यको जटिल क्षेत्रबाट कथा कसरी बनाउने, पत्रकारिता अनुसन्धान कसरी सञ्चालन गर्ने र कसरी लेख्ने (जस्तै) व्याख्या गर्ने, सम्पादन गर्ने तथा विभिन्न पत्रकारिता ढाँचामा सामग्री उत्पादन गर्ने (समाचार पत्रहरू, पत्रिकाहरू, रेडियो, टेलिभिजन र अनलाइन र बहु-पत्रकारिता कार्यक्रमहरू) तथा आफ्ना विशेष स्रोतहरूका लागि लेख्ने कुराहरू सिकाउनु पर्दछ । यसले उनीहरूलाई पत्रकारिताको आचारसंहिता र पत्रकारिताका उच्च कार्य प्रणालीहरू र समाजमा पत्रकारिताको भूमिका, पत्रकारिताको इतिहास, पत्रकारिता कानून, पत्रकारिताको राजनीतिक अर्थनीति (स्वामित्व, सङ्गठन र प्रतिस्पर्धा समेत) बारे ज्ञान र तालिम दिनु पर्दछ । यसले उनीहरूलाई

कलेज वा विश्वविद्यालयका अन्य विभागहरूसँगको सहयोगमा विकास गरिएका पाठ्यक्रमहरूको माध्यमले आफ्नो समाजका लागि विशेष महत्त्वका राजनीतिक, सामाजिक मुद्दाहरूको समाचार कसरी दिने भन्ने कुरा सिकाउनु पर्दछ । यसले यो कुरा सुनिश्चित गर्नु पर्दछ कि उनीहरूले मोटामोटी साधारण ज्ञान र पत्रकारिता क्षेत्रका लागि महत्त्वको विशिष्ट ज्ञानको आधारशिला दुवै विकास गरून् । यसले सुनिश्चित गर्नु पर्दछ कि, उनीहरूले आफ्नो देशमा पत्रकारितामा काम गर्न आवश्यक हुने भाषागत योग्यता, साथै जहाँ यो आवश्यक हुन्छ, स्थानीय वा आदिवासी मातृभाषाहरूमा काम गर्ने योग्यता समेतको विकास गरून् अथवा पूर्व सर्तका रूपमा उनीहरूले यसलाई धारण गरून् । (युनेस्को, सन् २००७, पृ. ६)

साथै, समसामयिक प्राविधिक विकास र अन्य परिवर्तनलाई आत्मसात् गर्न सक्ने गतिशीलताको अपेक्षा पनि एक आदर्श पाठ्यक्रमसँग राखिएको हुन्छ । "व्यावहारिक र शैक्षिक पक्षबीच सन्तुलन भएको बलियो मुख्य शैक्षिक संरचनाको विकास गर्ने" (पृ. ७) सामान्य मार्ग निर्देशक सिद्धान्त रहेको भन्ने उल्लेख गरिएकाले विश्वविद्यालयीय पत्रकारिता पाठ्यक्रमले पत्रकारिता अभ्यासको व्यावसायिकता तथा सीपलाई ध्यान दिनै पर्ने पक्षमा नमूना पाठ्यक्रमको जोड रहेको तथ्य छर्लङ्ग हुन्छ । साथै, "हाम्रो उद्देश्य विद्यार्थीहरूलाई आफ्नो र अरूको पत्रकारिता व्यवसायप्रति समालोचनात्मक हुन तयार पार्नु पनि हो" भनिएको छ (पूर्ववत्) ।

युनेस्कोले तयार पारेको नमूना पाठ्यक्रमलाई प्रत्येक परिस्थितिमा हुबहु लागू हुने 'रामवाण' का रूपमा लिनु समीचीन हुँदैन । "पत्रकारिता शिक्षालाई विविध शैक्षिक परम्पराहरू र स्रोतहरू भएका विविध सङ्गठनहरूद्वारा विविध परिवेशमा, अवस्थामा र संस्कृतिमा र विविध राजनीतिक स्थितिमा, विविध तरिकाले प्रदान गरिन्छ" (पृ. ७) । वास्तवमा यसलाई स्थानीय परिस्थितिसँग अनुकूलन गराइएको खण्डमा राम्रो पत्रकारिता शिक्षाका जग बसाल्नमा उपयोग गर्न सकिन्छ । यस क्रममा "आफ्नो लक्ष्य प्राप्तिका लागि कुनै पनि पाठ्यक्रमको सफलता राम्रो प्रशिक्षणमा र राम्रो वातावरणमा भर पर्दछ" (पूर्ववत्) । उक्त पाठ्यक्रमलाई कुनै पनि मुलुकले त्यहाँको आर्थिक, सामाजिक परिवेश र आवश्यकता अनुसार यसलाई आधार बनाई उपयोग

गर्न सक्दछ ।

नमूना पाठ्यक्रमले विश्वविद्यालयस्तरमा पत्रकारिता शिक्षा साधारणतया तीनवटा पाठ्यक्रम धूरीहरू अथवा विकास पंक्तिहरू खुट्ट्याई तिनीहरूबारे चर्चा समेत गरेको छ (पृ. ७–९) :

- **पहिलो :** यसमा पत्रकारिताका मूल्य, मान्यता, साधनहरू, स्तरहरू र अभ्यासहरू समावेश हुन्छन् । यसमा भएको पाठ्यवस्तुको अध्ययनले विद्यार्थीहरूलाई विभिन्न सञ्चार माध्यमका लागि प्रतिवेदनको लेखन तथा सम्पादनका लागि तयार पार्दछ । पत्रकारिता पेसाका लागि तयार पार्ने उद्देश्यले निर्माण गरिएका कार्यक्रमहरूको मुख्य भागको प्रतिनिधित्व यसले गर्दछ । यसअन्तर्गत पत्रकारिताका व्यावसायिक सीपहरूको बुझाइ, सोचाइ, अभिलेखन जस्ता कुराहरू समेटिन्छन् ।
- **दोस्रो :** यसले राष्ट्रिय सीमाहरूभित्र र बाहिर दुवैतिर पत्रकारिताका सामाजिक, सांस्कृतिक,राजनीतिक, आर्थिक,कानूनी र नैतिक पक्षहरूलाई समावेश गरेको हुन्छ । यसको अध्ययनले पत्रकारहरूले गर्ने कार्यहरू सिङ्गो समाज र त्यहाँ रहेका प्रजातान्त्रिक कार्यविधिहरू, नैतिकता र मूल्य मान्यतालाई केलाउन तथा विश्लेषण गर्ने आधार दिन्छ । यसले गर्दा पत्रकारिताको व्यवसायिकता, नैतिकता तथा प्रजातन्त्रका लागि स्वतन्त्र पत्रकारिताको महत्त्वलाई बुझाउन मद्दत पुग्दछ ।
- **तेस्रो :** यसमा पत्रकारितालाई कला र विज्ञान सङ्कायसँग जोडेर विद्यार्थीहरूलाई आधुनिक ज्ञानसँग जानकार गराउने उद्देश्य राखिएको हुन्छ । यसले पत्रकारितालाई एक बौद्धिक उपक्रमका रूपमा उभ्याउँछ ।

पत्रकारिता शिक्षाको पाठ्यक्रमले समावेश गनु पर्ने एकाइहरूबारे पनि नमूना पाठ्यक्रमको परिचयात्मक खण्डमा विचार गरिएको छ । पत्रकारिता पाठ्यक्रममा समावेश हुनु पर्ने "आधारशिला" का रूपमा निम्नानुसारका चार बुँदाहरू उल्लेख गरिएका छन् (पृ. ९) :

(क) विवेचनात्मक रूपमा सोच्ने योग्यता, बुझाइको सीप समावेश भएको, विश्लेषण, संश्लेषण र मूल्याङ्कन र प्रमाण र अनुसन्धान विधिको आधारभूत ज्ञान ।

(ख) वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी स्पष्टसँग र सामञ्जस्यपूर्ण रूपले लेख्ने योग्यता ।

(ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक र सामाजिक संस्थाहरूको ज्ञान ।

(घ) वर्तमान अवस्था र मुद्दाहरूको ज्ञान, इतिहास र भूगोलको साधारण ज्ञान ।

यसरी, पत्रकारिता शिक्षाले विद्यार्थीहरूलाई पत्रकारिता क्षेत्रमा अनुसन्धान कसरी गर्ने, स्रोतहरूबाट सूचना कसरी प्राप्त गर्ने, विभिन्न आमसञ्चार माध्यमहरूका लागि समाचार तथा अन्य सामग्री कसरी उत्पादन गर्ने जस्ता कुराहरू सिकाउनु पर्ने तथ्यलाई आत्मसात् गर्दै विश्वमा बद्लिरहेको मिडियाका आयामहरू तथा सामाजिक विविधताका अनेक पाटाहरूलाई सम्बोधन गर्नु पर्ने आवश्यकतालाई पनि नमूना पाठ्यक्रमले सम्बोधन गरेको छ । स्नातक तहको अध्ययनबाट विद्यार्थीले समाचार लेखन तथा संप्रेषण कार्यलाई कसरी परिपक्व, व्यवसायिक बनाई समाजलाई लाभ दिने काम गर्न सक्छन् भन्ने कुराको अपेक्षा गरिएको छ । स्नातकोत्तर तहको अध्ययनबाट विद्यार्थीहरूको पत्रकारिता विषयको ज्ञान र अभ्यासमा एउटा अर्को विषयको विशेषज्ञता ज्ञानका रूपमा स्तरीय उपलब्धिको अपेक्षा गरिएको छ ।

## ४.३ पाठ्यक्रम विश्लेषणको परीक्षण–सूची

नेपालका विश्वविद्यालयहरूका पत्रकारिता पाठ्यक्रमको विश्लेषणका निमित्त परीक्षणसूची (चेकलिस्ट) का रूपमा प्रयोग गर्नका लागि युनेस्कोको नमूना पाठ्यक्रम (युनेस्को, सन् २००७), नेपालमा मिडिया विकासको अवस्थाबारे युनेस्कोको अध्ययन (युनेस्को, सन् २०१३) तथा युएनडीएएफ आउटकम ३ (गभर्नमेन्ट् अफ् नेपाल र युनाइटेड नेसन्स, सन् २०१३) का आधारमा सूचकहरू अभिनिर्माण गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा नेपालका विश्वविद्यालयहरूमा सञ्चालित स्नातक तथा स्नातकोत्तर तहका शैक्षिणिक कार्यक्रमका पाठ्यक्रमहरूको विश्लेषण गरिने भएको युनेस्कोको नमूना पाठ्यक्रमबाट पनि उपर्युक्त तहहरूकै पाठ्यक्रमलाई सन्दर्भका रूपमा

लिइएको छ ।

पाठ्यक्रमको विश्लेषणका निमित्त परीक्षणसूची (चेकलिस्ट) अभिनिर्माण गर्नका लागि सर्वप्रथम एक विज्ञ समूहले नमूना पाठ्यक्रमको गहन अध्ययन गरी मस्यौदा तयार गऱ्यो । उक्त मस्यौदालाई एक गोष्ठीमा ४२ जना सरोकारवालाको उपस्थितिमा प्रस्तुत गरी सुझावहरू सङ्कलन गरियो । प्राप्त सुझावहरूका आधारमा परीक्षणसूचीलाई अन्तिम रूप दिइयो । यसरी अन्तिम रूप दिइएको परीक्षणसूचीमा निम्नानुसारका आठवटा सूचकहरू रहेका छन् :

१. बृहद् संस्थागत संरचना
२. पाठ्यक्रममा विद्यार्थीको पहुँच
३. मूल ज्ञान र सीप
४. लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप
५. पाठ्यक्रममा समाविष्ट विषयहरूमा विविधता
६. पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षबीचको संयोजन
७. पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता
८. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

उपर्युक्त आठवटा सूचकहरूबारे तल चर्चा गरिएको छ :

१. पाठ्यक्रममा बृहद् संस्थागत संरचनालाई पत्रकारिता शिक्षालाई स्तरीय बनाउने एउटा महत्त्वपूर्ण आधार मानिएको छ । व्यावहारिक र शैक्षिक पक्षबीच सन्तुलन भएको बलियो मुख्य शैक्षिक संरचनाको विकास गर्ने कार्यका लागि उपयुक्त संस्थागत संरचनाको ठूलो भूमिका रहन्छ । पाठ्यक्रमको कार्यान्वयन लगायतका पाठ्यक्रमात्मक पाटो पूर्णतया संस्थागत संरचनाबाट नै निर्धारित हुने हो । पत्रकारिता तथा आसञ्चार विषयका पाठ्यक्रमको आवधिक समीक्षा र सोअनुरूप परिमार्जन गर्नु पर्ने प्रावधान संस्थागत संरचनाकै अभिन्न पक्ष हो । पाठ्यक्रम परिमार्जनका लागि पनि कुनै विशिष्ट समिति वा यस्तै खालको छुट्टै संयन्त्रको जरूरत पर्दछ । स्रोत व्यक्तिको उपलब्धता र विषय समितिको

गठन र त्यसको संरचना पनि पत्रकारिताको गुणस्तरीय अध्ययनसँग जोडिएको छ । त्यसैले प्रस्तुत अध्ययनमा विश्वविद्यालयका पत्रकारिता शिक्षालाई विश्लेषण गर्नका लागि तिनको संस्थागत संरचनालाई पनि हेरिएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) पाठ्यक्रम परिमार्जन प्रावधान

ख) पाठ्यक्रम परिमार्जनको नियमितता

ग) परिमार्जनका आधार

घ) स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता

ङ) विषय समितिको संरचना

२. पाठ्यक्रम राम्रो र समय सान्दर्भिक हुनसक्छ, तर यो विद्यार्थीको पहुँचसम्म छैन भने यसको त्यति अर्थ रहदैन । आर्थिक अभाव, भौगोलिक विकटता वा अन्य कारणले यो विषय अध्ययन गर्न चाहने विद्यार्थी वञ्चित हुनु हुदैन भन्ने मर्मलाई युनेस्कोको नमूना पाठ्यक्रमले जोड दिएको छ । युनेस्कोको मिडिया विकास सूचकमा उल्लेख गरिएअनुसार समाजका सबै पक्ष, खासगरी अति सीमान्तीकृत वर्गले पनि सूचना प्राप्त गर्न र आफ्ना सूचना मिडियासमक्ष राख्न आवश्यक छ । युनेस्कोको यो मर्मलाई व्यवहारमा उतार्नका लागि सबै वर्ग र क्षेत्रको मिडिया शिक्षामा पहुँच हुनुपर्छ । त्यसैले प्रस्तुत अध्ययनमा यो पक्षलाई पनि विश्लेषण गरिएको छ । यसमा महाविद्यालय र विश्वविद्यालयहरूले कस्ता प्रकारका विषयहरू अध्यापन गराइरहेका छन् भन्ने तथ्यलाई हेरिएको छ । साथै, ती विषयहरूमा विद्यार्थीको पहुँचको अवस्था, शुल्क तथा शैक्षिक संस्थाहरू र सञ्चार गृहको क्रियाशील सहभागिताको सम्बन्धलाई पनि हेरिएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) विश्वविद्यालयले प्रदान गरेका पाठ्यक्रमको सङ्ख्या

ख) पाठ्यक्रममा पहुँच र धान्ने अवस्था

ग) विभाग र रोजगारदाता संस्थाबीचको क्रियाशील सम्बन्ध

३. पत्रकारिता शिक्षाले विद्यार्थीहरूलाई पत्रकारिता क्षेत्रमा अनुसन्धान कसरी गर्ने, स्रोतहरूबाट सूचना कसरी प्राप्त गर्ने, विभिन्न आमसञ्चार माध्यमहरूका लागि समाचार तथा अन्य सामग्री कसरी उत्पादन गर्ने जस्ता कुराहरू सिकाउनु पर्छ भन्ने मान्यता अनुरूप नै पाठ्यक्रमको अन्तर्वस्तुको संयोजन हुनु पर्ने खाकालाई नमूना पाठ्यक्रमले अवलम्बन गरेको छ । यसले मुख्यगरी तीन किसिमका पाठ्यक्रमको नमूना प्रस्तुत गरेको छ : दुई वर्षे डिप्लोमा, स्नातक तह र स्नातकोत्तर तह । यी तिनै तहमा पत्रकारिता विषयको अध्ययन गर्दा निश्चित अन्तरवस्तुको ज्ञान र सीपलाई समावेश गर्नु पर्ने औँल्याइएको छ । यो पाठ्यक्रमले विद्यार्थीहरूलाई पत्रकारिता तथा आमसञ्चार विषयको अध्यापन गराउँदा उनीहरूले यसका अन्तरवस्तुको अर्थ बुझेको हुनु पर्ने अपेक्षा राखेको छ । यस अन्तर्गत विषयवस्तुको गहन रिपोर्टिङ, सूचनाको हक, प्रेस स्वतन्त्रता, अदालतको मानहानी जस्ता विषयहरू पर्दछन् । साथै, यस विषयअन्तर्गत अनुसन्धानका विधि, मिडिया प्रविधि र सामान्य लेखन सीपको मूल्याङ्कन पनि पर्दछन् ।

नमूना पाठ्यक्रमले तोके अनुसार स्नातक तहमा पत्रकारिता अध्ययन गर्ने विद्यार्थीमा कम्तीमा पनि आफ्नो भाषामा र आफूले पत्रकारिता गर्ने भाषामा शुद्ध पढ्न र लेख्न सक्ने हुनु पर्छ । विश्वविद्यालयको कार्यक्रममा पत्रकारिता अभ्यासको विकासलाई पत्रकारिताको अध्ययनबाट र अन्य विधाका शाखाहरू (राजनीति शास्त्र, समाजशास्त्र, अर्थशास्त्र आदि) को पाठ्यक्रमहरूको माध्यमले आधुनिक ज्ञान प्रदान गर्ने विधिमार्फत् सुसूचित र समृद्ध बनाइन्छ । यस किसिमको बुझाइ कला र सीप विद्यार्थीहरूमा हुनु पर्छ । तीन वर्षे स्नातक तहको अध्ययन गर्ने विद्यार्थीमा निम्न ज्ञान र सीपको अपेक्षा राखिन्छ :

- **भाषिक ज्ञान :** लेखनका लागि आवश्यक पर्ने व्याकरण, वाक्य रचना, व्याख्या, विवरण लेखन र वर्णन सीप । पत्रकारिता अध्ययन गर्ने विद्यार्थीमा आफूले पत्रकारिता गर्ने भाषाको यो ज्ञानमा पारङ्गत हुनु

पर्ने ज्ञान र सीपको अनिवार्य माग गर्दछ । अध्यापन गराउने शिक्षकले यो कुरालाई विद्यार्थीको क्षमता र दक्षता मूल्याङ्कनको महत्त्वपूर्ण आधार बनाउनु पर्ने उल्लेख गरिएको छ ।

- **सामाजिक र राज्य गठनको ज्ञान :** समाजका अभिन्न अङ्गहरू जस्तै धर्म संस्कृति, अर्थ व्यवस्था, वर्ग, राजनीति, गरिबी लगायतका सवालको ज्ञान आवश्यक पर्छ । त्यसैगरी राज्यका मुख्य अङ्गहरू कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, आफ्नो देशको सरकार प्रणाली र यसको अन्य देशसँगको सम्बन्ध लगायतको ज्ञान र प्रस्तुति कला पनि आवश्यक छ । आफ्नो देशमा भएका महत्त्वपूर्ण आर्थिक सामाजिक आयामहरूको गहिरो ज्ञान राख्नु जरूरी छ । उनीहरूमा त्यो ज्ञान भए/नभएको कुरा जाँच्नका लागि विभिन्न विषयहरू पनि समावेश गरिएको छ । जस्तै विद्यार्थीको लेखन सीप र क्षमता, उसको विश्लेषण क्षमता, विषय वस्तुको पहिचान र सूचना सङ्कलन कला, विविध विषय वस्तुको सामान्य ज्ञान आदि । यी कुराको ज्ञान र सीपले उसलाई समाजले अपेक्षा गरेको पत्रकारिता गर्न सघाउँछ ।

- **लेखन तथा सम्पादन सीप :** रेडियो, टेलिभिजन, अनलाइन, छापा माध्यमका लागि समाचार लेखन तथा सम्प्रेषण सीप आवश्यक पर्छ । यो तहमा अध्ययन गरेको विद्यार्थीसँग आफूले अध्ययन गरेको अर्थशास्त्र वा कानून वा राजनीतिशास्त्र वा अन्य कुनै विषयलाई पत्रकारितासँग जोडेर विशिष्ट पत्रकारिता गर्ने र बिट पत्रकारिताको समेत अभ्यास गर्न सक्ने सीप हुनु पर्छ । ऊसँग रेडियो तथा टेलिभिजनको उद्घोषण, कार्यक्रम उत्पादन गर्ने ज्ञान र सीप हुनु पर्दछ । यसका साथै अन्तर्वार्ता सञ्चालन, विविध मिडिया सामग्रीको सम्पादनको ज्ञान र सीप पनि यो तहमा अध्ययन गर्ने विद्यार्थीमा हुनु पर्ने अपेक्षा गरिएको छ ।

- **समाचार कार्यशाला तथा इन्टर्नसीप :** पत्रकारिताको सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक क्षेत्रमा अभ्यास गर्नका लागि विद्यार्थीहरूले समाचार प्रयोगशालामा काम गरी फोटो उत्पादन तथा प्रयोगको आधारभूत ज्ञान हासिल गरेको हुनु पर्छ । उनिहरूमा अन्तर्वार्ता सीप पनि हुनु जरूरी

छ । विद्यार्थीहरूलाई आफ्नो अध्ययन सकेपछि सचार माध्यमका काम गर्न व्यावहारिक कठिनाइ नहोस् भन्ने उद्देश्यले तीन वर्षे स्नातक तहमा दोस्रो र तेस्रो वर्षको बीचमा र चार वर्षे स्नातक तहमा तेस्रो र चौथो वर्षको बीचमा इन्टर्नसीप गर्नुपर्ने नमूना प्रस्तुत गरिएको छ । यो इन्टर्नसीप चार हप्ता अवधिको हुनु पर्ने उल्लेख गरिएको छ । यी ज्ञान र सीप भएको व्यक्तिले असल पत्रकारिता गर्न सक्ने परिकल्पना गरिएकाले स्नातक तहसम्म अध्ययन गरेको विद्यार्थीमा यस किसिमका ज्ञान र सीप जरूरी हुन्छ । यो कुरा शिक्षक र विश्वविद्यालयले स्थानीय सन्दर्भ अनुसार ख्याल गरी अध्यापन गराउनु पर्छ ।

युनेस्को नमूना पाठ्यक्रमले दुई किसिमका स्नातकोत्तर तहको अध्यापनको परिकल्पना गरेको छ, जसमा केही समान भए पनि केही भिन्न ज्ञान र सीपको अपेक्षा गरेको छ । पत्रकारिताको कुनै ज्ञान नभएका, तर अन्य विषयमा स्नातक गरी पत्रकारिता विषयमा स्नातकोत्तर अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि एक किसिमको र स्नातक तहमा पत्रकारिता विषय पढेका वा पाँच वर्ष पत्रकारिताको कार्य अनुभव सङ्गालेका वा दुवै ज्ञान र अनुभव भएका विद्यार्थीहरूका लागि अर्को किसिमको पाठ्यवस्तुको योजना गरिएको छ । तर यो तहको अध्ययन गरेका यी दुवै किसिमका विद्यार्थीहरूमा पत्रकारिताको कुनै विशेषज्ञता हासिल गराउने र चाहेको खण्डमा सञ्चार व्यवस्थापनको दक्ष व्यक्ति बनाउने उद्देश्य राखिएको छ । यो उद्देश्य प्राप्तिका लागि पत्रकारिता पृष्ठभूमि नभएका विद्यार्थीलाई दुवै वर्षमा ७० प्रतिशत पत्रकारिता र ३० प्रतिशत कला तथा विज्ञान विषय अध्यापन गराउनु पर्ने सुझाव दिइएको छ । तर स्नातक तहमा पत्रकारिता पढेका वा पाँच वर्षको पत्रकारिता अनुभव सङ्गालेका विद्यार्थीहरूलाई भने पहिलो वर्षमा ३० प्रतिशत पत्रकारिता, ७० प्रतिशत कला विज्ञान तथा दोस्रो वर्षमा ५० प्रतिशत पत्रकारिता र ५० प्रतिशत कला विज्ञान अध्यापन गराइएमा उनीहरूमा अपेक्षित ज्ञान र सीपको विकास हुने औंल्याएइको छ । नेपालको सन्दर्भमा कि स्नातक तहमा पत्रकारिता अध्ययन गरेका, कि त पत्रकारिता वा सञ्चार क्षेत्रको कार्य अनुभव सँगालेका व्यक्तिहरू नै

स्नातकोत्तर तहमा अध्ययन गरेको पाइन्छ । तर एउटा शिक्षण संस्थामा यी दुवै कार्यक्रम छुट्टाछुट्टै सञ्चालन गर्न संभव नहुने भएकाले दुवैलाई गाभेर सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने कुरा पनि नमूना पाठ्यक्रमले स्पष्ट उल्लेख गरेको छ (पृ. १७) ।

यो नमूना पाठ्यक्रमले स्नातकोत्तर उपाधिले विद्यार्थीहरूमा पत्रकारिता विषयको ज्ञान र अभ्यास तथा एउटा अर्को विषयको अर्को कुनै विषयको विशेषज्ञतासहित स्तरीय उपलब्धिको अपेक्षा गर्दछ । यसको अर्थ हो– स्नातकोत्तर अध्ययन गरिसकेको विद्यार्थीले पत्रकारिताका निश्चित कुराहरूसँगै समाज विज्ञानका कुनै पनि विषयमा विशिष्टता हासिल गरेको हुन्छ भन्ने मान्यता राखिन्छ । यो तहमा अध्ययन गरिसकेको विद्यार्थीसँग कुनै पनि विषयको गहिराइमा गएर विश्लेषण गर्न सक्ने, सोही अनुसारको सूचना सङ्कलन गर्ने र पत्रकारिता अभ्यासका चुनौतिपूर्ण क्षेत्रमा काम गर्न सक्ने परिपक्व क्षमताको अपेक्षा गरिन्छ । पत्रकारिताको अनुभव पनि नभएका र स्नातक तहमा पत्रकारिता नपढेका विद्यार्थीहरूको दक्षता वृद्धिका लागि पत्रकारिताको आधारभूत ज्ञान र सीपसम्बन्धी सेमिनार तथा छलफल गर्नु पर्दछ । यस क्रममा विद्यार्थीले सामाजिक विविधताका पाटाहरू जात, भाषा, धर्म, संस्कृति, इतिहास, आर्थिक व्यवस्था, विभिन्न वर्ग, पेसा, लिङ्गका समुदाय र उनीहरूका विशिष्टताहरू बुझ्न सक्ने ज्ञान र त्यसलाई विश्लेषण गर्ने सीप विद्यार्थीमा हुनु पर्दछ । उनीहरूमा यो सीप र ज्ञानको विकास गर्नका लागि सैद्धान्तिक र प्रयोगात्मक दुवै शिक्षण विधिको आवश्यकता औँल्याइएको छ ।

विद्यार्थीले उपर्युक्त सवाललाई के कति बुझेका छन् र के कति प्राथमिकता दिएका छन् भन्ने हेर्नका लागि निश्चित मापदण्ड पनि बनाइएको छ । यस्ता मापदण्ड स्नातक र स्नातकोत्तर दुवै तहका लागि बनाइएको छ । उदाहरणका लागि, विद्यार्थीले तोकिएको स्तरमा आफ्नो ज्ञान र सीपमा कसरी निखार ल्याएका छन् भन्ने कुरा मूल्याङ्कनका लागि उनीहरूको उपस्थिति, कामप्रतिको लगनशीलता, आवधिक रूपमा हुने परीक्षा, विश्लेषण क्षमता जस्ता सूचकहरू

राखिएको छ । यसरी नमूना पाठ्यक्रमले विद्यार्थीमा पत्रकारिता गर्नका लागि चाहिने सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान र सीपको समष्टिगत रूपरेखा तयार पारेको छ । यो रूपरेखाको नेपाली सन्दर्भमा पनि अनुकूलन हुन सक्छ ।

समग्रमा भन्नु पर्दा स्नातकोत्तर तहको अध्ययन गरेको विद्यार्थीमा पत्रकारिताका आधारभूत विषयवस्तुबारे जानकारी, सैद्धान्तिक ज्ञान, प्रविधिलाई प्रयोग गर्ने तरिका जस्ता अति आवश्यक कुराहरूसँगै सञ्चार सामग्रीको विश्लेषणात्मक प्रस्तुति दिन सक्ने सीप, विचार लेखन क्षमता, उच्च अनुसन्धान विधिहरूको जानकारी, विशेषज्ञतायुक्त समाचार संप्रेषण क्षमताहरू पनि हुनु पर्दछ । यसका लागि उपयुक्त शैक्षिक वातावरण, सक्षम शिक्षक, पर्याप्त स्रोतसाधन जस्ता पक्षहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । त्यसैले विद्यार्थीले हासिल गर्नु पर्ने ज्ञान र सीपका पछाडि अन्य पक्षहरू पनि जोडिएका हुन्छन् ।

यो सूचक अन्तर्गतको विश्लेषणमा विश्वविद्यालयका पाठ्यक्रमले यी सवाललाई कसरी समेटेका छन् र अध्यापन गराउँदा यी सवाललाई कसरी सम्बोधन गरिएको छ भन्ने पक्षलाई हेरिएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) खास विषयवस्तु (बिट रिपोर्टिङ) मा विशेष ज्ञान र सीप

ख) सूचनाको हक, प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, कानूनी प्रावधान, मानहानी, गालीबेइज्जती र अदालतको अवहेलनाबारेको बुझाइ

ग) विभिन्न विषयका सूचना र समाचारलाई विश्वसनीय बनाउन खोज सम्बन्धी ज्ञान

घ) प्रविधिबारे अद्यावधिक ज्ञान र सीप

ङ) आधारभूत पत्रकारिता लेखन सीप

च) खोजका आधारमा समाचार लेखन सीप

४. लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप युनेस्को

नमूना पाठ्यक्रमको अर्को महत्त्वपूर्ण पाटो हो । युनेस्कोको नमूना पाठ्यक्रममा लेखिएको छ : पत्रकारिता शिक्षाले विद्यार्थीलाई समाचार कसरी पहिचान गर्ने र पस्किने भन्ने कुराका साथै पत्रकारिताको आचारसंहिता, कानुन र समाजसँग पत्रकारिताको सम्बन्ध तथा पत्रकारिताले प्रजातान्त्रिक समाजको सबलीकरणमा दिनसक्ने योगदानको कुरा सिकाउनु पर्दछ (पृ. ६) । यसअन्तर्गत मिडिया कानुन, नीति र मर्यादा तथा महत्त्वपूर्ण राष्ट्रिय सार्वजनिक नीतिको मूल्याङ्कन गर्ने क्षमता पत्रकारमा हुनुपर्ने भएकाले ती कुरा विश्वविद्यलायमा अध्यापन गराउनु पर्ने हुन्छ । पाठ्यक्रमले बहुविधात्मकताको पनि परिकल्पना गरेको छ । आधुनिक वातावरणमा मिडिया शिक्षाको भूमिका के कस्तो हुनु पर्दछ भन्ने पनि समीक्षाका विषयवस्तु रहेका छन् । पत्रकार हुनको लागि स्वतन्त्र विचार र विश्लेषणको अमवश्यकतालाई महसुस गर्दै उक्त सीप विकास गर्ने प्रावधान नमूना पाठ्यक्रममा राखिएकाले यो पक्षलाई पनि विश्लेषणको अर्को आधार बनाइएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) पाठ्यक्रमले समेटेका मिडिया कानुन, आचारसंहिता, नीति र नियम

ख) मिडियामार्फत् लोकतन्त्र र मानव अधिकार प्रवर्द्धनका लागि पाठ्यक्रमले ल्याउने सचेतना

ग) पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप

घ) पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञान

ङ) आधुनिक वातावरणका लागि मिडिया साक्षरतासम्बन्धी पाठ्यक्रम

५. मिडिया यस्तो क्षेत्र हो, जहाँ लोकतान्त्रिक छलफल हुने गर्दछ र सूचना आदानप्रदान तथा सांस्कृतिक अनुभवहरू पनि साटासाट गरिन्छ । त्यसैले यो मर्मलाई पत्रकारिता शिक्षामा समेटिनु अति आवश्यक हुन्छ । मिडिया विकासका पाँच मूल सूचकमध्ये युनेस्कोले लोकतान्त्रिक बहसको एउटा महत्त्वपूर्ण मञ्चको रूपमा मिडियालाई

स्वीकार गर्दै उल्लेख गरिएको छः लोकतान्त्रिक सम्भाव्यतालाई आत्मसाथ गरी काम गर्नका लागि मिडियामा विविधता हुनु जरूरी हुन्छ । मिडियामा विविधता स्थापित गर्न बहुलता एक महत्त्वपूर्ण शर्त हो । सामाजिक विविधतासँगै मिडियाको आचरण र व्यवहार पनि औपचारिक नियमनभित्रको पाटो हो (पृ. ३७) । लोकतन्त्रमा विविधताको सन्तुलन र सम्मान हुने भएकाले पत्रकारिता शिक्षामा यो सवाल गहन रूपमा समेटिनु आवश्यक देखिन्छ । युनेस्कोको नमूना पाठ्यक्रममा समाविष्ट विषयहरूअन्तर्गत प्रजातन्त्रको सुदृढीकरणको लागि पत्रकारिताको भूमिकालाई विशेष जोड दिइएको पाइन्छ । त्यसअनुरूप लोकतन्त्रलाई विकासका लागि आवश्यक सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक ज्ञानबारे मूल्याङ्कनका प्रयास भएका छन् । त्यसैले यो सूचकलाई पनि पत्रकारिता शिक्षाको विश्लेषण गर्ने अर्को महत्त्वपूर्ण सूचक बनाइएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) लोकतन्त्रको संस्थागत विकासमा पत्रकारको भूमिका

ख) लोकतन्त्र र विकासको प्रवर्द्धनकालागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारेको ज्ञान

६. जुनसुकै पाठ्यक्रमको प्रभावकारिता सैद्धान्तिक पक्ष र यसको प्रयोगको समुचित सन्तुलनमा निर्भर गर्दछ । पत्रकारिता पाठ्यक्रम पनि यसको अपवाद हुन सक्दैन । तसर्थ, सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन र स्थलगत प्रशिक्षण (internship) का पक्षलाई पनि पाठ्यक्रम विश्लेषण तथा मूल्याङ्कनको आधार बनाउनु समीचीन हुन्छ । युनेस्कोको नमूना पाठ्यक्रमले यसमा उल्लेख गरिएको छ कि पत्रकारिता शिक्षाको अधिकांश कमजोरी विश्वविद्यालयमा पत्रकारिता व्यवसायका आधारशिलाहरू कुन हदसम्म समावेश गरिन्छन् भन्ने कुरा राम्रोसँग बुझ्न असफल हुनबाट नै उत्पन्न हुन्छ (पृ. ८) । साथै, पत्रकारिताका विद्यार्थीहरूलाई पत्रकारिताको प्रविधि र साधनहरूलगायतका विषयमा प्रयोगात्मक पक्षलाई बलियो बनाउन

इन्टर्नसीप कार्यविधि अथवा रोजगारी व्यवस्था प्रयोगमा ल्याइनु पर्ने र पत्रकारिताका शैक्षिक संस्थाहरूले स्थानीय समाचार माध्यमहरूसँग साझेदारी विकास गर्नु पर्नेमा पनि जोड दिइको छ (पूर्ववत्) ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) हरेक विषयमा सैद्धान्तिक र प्रयोगात्मक व्यवस्था

ख) प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र

ग) प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्ने निर्देशिका

घ) विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रावधान

ङ) इन्टर्नसीप

७. पाठ्यक्रममा उल्लेख भएका विषयहरूको सहज र प्रभावकारी सिकाइका लागि पाठ्यसामग्रीको आवश्यकता हुन्छ नै । यदि त्यस्ता सामग्री उपलब्ध छैनन् भने त्यसले कुनै न कुनै रूपमा शिक्षको गुणस्तरलाई फिक्का बनाएको हुन्छ । यो कुरालाई मध्यनजर गर्दै युनेस्कोको नमूना पाठ्यक्रमले पत्रकारिता शिक्षाको गुणस्तरीय अध्यापनका लागि पाठ्यसामग्रीको उपलब्धतालाई पनि जोड दिएको छ । युनेस्कोको मिडिया विकास सूचक (२००८) का अनुसार शैक्षिक संस्थाहरूले मिडियाको बारेमा प्राज्ञिक बहस र छलफल गर्ने स्थान उपलब्ध गराउँछन् र पाठ्यक्रम विकास गर्न तथा राम्रो व्यवस्थाको प्रवर्द्धन गर्न सञ्चार संस्था र नागरिक समाजबीच सम्बन्ध स्थापित गर्छन् । यस्तो अध्ययन आर्थिक रूपले पहुँचयोग्य हुनुपर्छ र पाठ्यपुस्तक तथा तालिम सामग्री स्थानीय भाषामा उपलब्ध हुनुपर्छ (पृ. ५४) । साथै, मिडिया विकास सूचक (युनेस्को, सन् २००८) मा आधारित रही नेपालमा मिडियाको विकासबारे युनेस्कोद्वारा गरिएको अध्ययन (युनेस्को, सन् २०१३) ले पत्रकारिता विषयका पुस्तक र सन्दर्भ सामग्रीहरू नेपाली तथा अन्य राष्ट्रिय भाषाहरूमा उपलब्ध हुनु पर्ने सुझाव दिएको छ (पृ. ८२) ।

युनेस्कोले उल्लेख गरेझैँ यो सूचक अन्तर्गत पनि पत्रकारिता शिक्षामा

पाठ्यक्रममा उल्लेख भएका पाठ्यपुस्तकको उपलब्धता छ वा छैन र विद्यार्थी चाहेको स्थानीय भाषामा के कस्तो उपलब्धता छ भन्ने पक्षलाई ध्यान दिनु पर्ने हुन्छ । मूल्याङ्कनको क्रममा कति सामग्रीहरू अङ्ग्रेजी भाषामा र कति नेपालीमा छन् भन्नेबारे अनुसन्धानकर्ताहरूको ध्यान केन्द्रित थियो । साथै अध्ययन गरिएका पक्षहरू प्रयोगशालाको उपलब्धता, स्थिति र ऐच्छिक विषयका अवसरहरूबारे पनि अध्ययन गरिएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) पाठ्यक्रमको आवश्यकता अनुसार नेपाली र अङ्ग्रेजी दुवै भाषामा सामग्रीको उपलब्धता

ख) उपकरण सहितको पत्रकारिता प्रयोगशाला (फोटो स्टुडियो, कम्प्युटर कक्ष, रेडियो स्टेशन, टीभी स्टुडियो र पुस्तकालय)

ग) माग अनुसारको वैकल्पिक विषय रोज्न पाउने व्यवस्था

८. लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई अहिले विश्वभरी नै हरेक विकासको अनिवार्य तत्वको रूपमा लिने गरिन्छ । यो सूचकले नेपालका विश्वविद्यालयहरूले वर्तमानमा लागू गरेका पत्रकारिता पाठ्यक्रमहरूको विश्लेषण लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिबिन्दुबाट गर्ने आधार तय गरेको छ ।

यो सूचकको आधारका रूपमा युनेस्कोले सन् २०१२ मा प्रकाशन गरेको सञ्चार माध्यमका लागि लैङ्गिक संवेदनशील सूचक (युनेस्को, सन् २०१२), मिडिया विकास सूचक (युनेस्को, सन् २००८) तथा नेपालका लागि संयुक्त राष्ट्रसंघीय विकास सहायता कार्यसंरचना २०१३-२०१७ (गभर्नमेन्ट अफ् नेपाल र युनाइटेड नेसन्स, सन् २०१३) लाई मुख्य आधार बनाइएको छ । सञ्चार माध्यमका लागि लैङ्गिक संवेदनशील सूचकलाई युनेस्कोको मिडिया विकास सूचककै विस्तारित रूप मानिन्छ । मिडिया विकास सूचक विश्वव्यापी रूपमा मान्यता पाएको मिडिया क्षेत्रको विश्वव्यापी महत्त्वपूर्ण दस्तावेज हो । यसले युनेस्कोको

प्राथमिकता अनुसारका लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालको पनि सम्बोधन गरेको छ । त्यसैगरी, नेपालका लागि संयुक्त राष्ट्र सङ्घीय विकास सहायता कार्यसंरचनाले सन् २०१७ सम्म विकासका प्राथमिकता के के हुन् र तिनलाई संयुक्त राष्ट्र सङ्घीय निकायहरूले सरकारको प्राथमिकता अनुसार कसरी सम्बोधन गर्ने भन्नेबारे उल्लेख गरेको छ । यसमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूका साथै तिनको मूलप्रवाहीकरणबारे पनि उल्लेख गरिएको छ । यसमा महिला, दलित, मधेसी, जनजाति, सीमान्तीकृत समुदायको हरेक विकासमा समावेशीकरणलाई जोड दिइएकाले मिडिया क्षेत्रमा पनि यी सवालको मूलप्रवाहीकरण कसरी हुन सक्छ भन्ने चिन्तन स्वाभाविक हुने भएकाले यसलाई पनि यो सूचक निर्माणको आधार मानिएको हो । यस्ता समुदायको सशक्तिकरणका लागि मिडियाले त्यतिखेर मात्र उचित ढङ्गले प्रस्तुत गर्न सक्छ, जब मिडियाकर्मीले यसको संवेदनशीलता बुझ्छ । मिडियाकर्मीले यी सवाललाई राम्रोसँग बुझ्न उसले अध्ययन गर्ने पत्रकारिता विषयमा नै यस्ता सवालहरूमाथि छलफल र अध्ययन हुनु आवश्यक हुन्छ । सिद्धान्ततः आवाजविहीनहरूको आवाज मानिने पत्रकारितालाई व्यवहारमा यो मर्मलाई उतार्न पक्कै पनि समावेशीकरणका यी आयामहरूको गहनता बुझ्नु र बुझाउनु जरूरी नै हुन्छ ।

नेपालको सन्दर्भमा जात, भाषा, धर्म, संस्कृति, मूल्य, मान्यता जस्ता बहुलताका सवालहरू धेरै छन् । अभिव्यक्ति स्वतन्त्रता, सूचनाको प्राप्ति लगायतका सञ्चार माध्यमसँग जोडिएका सवालहरू माथि उल्लेख भएका बहुलतासँग प्रत्यक्ष रूपमा जोडिन्छन् । यो अध्ययनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सूचकले यिनै सवाहरूलाई औँल्याएको छ । लैङ्गिक समानता र समाजिक विविधताको सवाल पत्रकारिता शिक्षामा पनि महत्त्वपूर्ण छ । मिडियासम्मको सीमित पहुँच तथा मिडियासँगको सम्बन्धको कमीका कारण गरिबी र कमजोर शिक्षा हो र भाषा, लिङ्ग, उमेर, जातीयता तथा गाउँ एवं सहरबीचको विभाजन पनि यसको बढोत्तरीका कारण हुन् (युनेस्को, सन् २००८, पृ. ४) ।

युनेस्को नमूना पाठ्यक्रमले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई जोड दिएअनुरूप लैङ्गिक मुद्दा, लैङ्गिक विकास, मिडियामा विविधता र मिडियामा बहुलता जस्ता पक्षहरूलाई विश्लेषण गर्ने प्रयास भएको छ । पत्रकारिताका विद्यार्थीले समाजका बहुलताको ज्ञान राखून् र उक्त ज्ञानले समावेशी तथा सामाजिक विविधतालाई उचित ढङ्गले उठान गर्न सकोस् भन्ने अपेक्षा गरिएको हुन्छ । स्नातक तहमा पनि पत्रकारितासँगै अन्य विषयको अध्ययनलाई अघि बढाउँदा त्यसले समष्टिकृत ज्ञान हासिल हुने र पत्रकारिता अभ्यास पनि बढी प्रभावकारी हुने मान्यता देखिन्छ । तसर्थ, यस सूचक अन्तर्गत नेपालका विश्वविद्यालयहरूले वर्तमानमा लागू गरेका पत्रकारिता पाठ्यक्रमहरूले लैङ्गिक तथा सामाजिक समावेशीकरणका मुद्दालाई सम्बोधन गर्न सकेको वा नसकेकोबारे विश्लेषण गरिएको छ ।

यस सूचकअन्तर्गत निम्नानुसारका आयामबाट पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ :

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे पाठ्यक्रममा विशिष्टिकृत विषय रहेको वा नरहेको

ख) पाठ्यक्रमले विद्यार्थीहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणको अभिमुखीकरण तथा ज्ञान प्रदान गर्ने वा नगर्ने

उपर्युक्त अनुसारको परीक्षण-सूचीलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १ : पाठ्यक्रम विश्लेषणको परीक्षण-सूची**

| क्र.सं. | सूचक | विश्लेषणका आयाम |
|---|---|---|
| १ | बृहद संस्थागत संरचना | क) पाठ्यक्रम परिमार्जन प्रावधान<br>ख) पाठ्यक्रम परिमार्जनको नियमितता<br>ग) परिमार्जनका आधार<br>घ) स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता<br>ङ) विषय समितिको संरचना |

| | | |
|---|---|---|
| २ | पाठ्यक्रममा विद्यार्थीको पहुँच | क) विश्वविद्यालयले प्रदान गरेका पाठ्यक्रमको संख्या |
| | | ख) पाठ्यक्रममा पहुँच र धान्ने अवस्था<br>ग) विभाग र रोजगारदाता संस्थाबीचको क्रियाशील सम्बन्ध |
| ३ | मूल ज्ञान र सीप | क) खास विषयवस्तु (बिट रिपोर्टिङ) मा विशेष ज्ञान र सीप<br>ख) सूचनाको हक, प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, कानूनी प्रावधान, मानहानी, गालीबेइज्जती र अदालतको अवहेलनाबारेको बुझाइ<br>ग) विभिन्न विषयका सूचना र समाचारलाई विश्वसनीय बनाउन खोज सम्बन्धी ज्ञान<br>घ) प्रविधिबारे अद्यावधिक ज्ञान र सीप<br>ङ) आधारभूत पत्रकारिता लेखन सीप<br>च) खोजका आधारमा समाचार लेखन सीप |
| ४ | लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप | क) पाठ्यक्रमले समेटेका मिडिया कानुन, आचारसंहिता, नीति र नियम<br>ख) मिडियामार्फत् लोकतन्त्र र मानव अधिकार प्रवर्द्धनका लागि पाठ्यक्रमले ल्याउने सचेतना<br>ग) पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप<br>घ) पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञान<br>ङ) आधुनिक वातावरणकालागि मिडिया साक्षरता सम्बन्धी पाठ्यक्रम |
| ५ | पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता | क) लोकतन्त्रको संस्थागत विकासमा पत्रकारको भूमिका |

| | | |
|---|---|---|
| | | ख) लोकतन्त्र र विकासको प्रवर्द्धनका लागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारेको ज्ञान |
| ६ | पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन | क) हरेक विषयमा सैद्धान्तिक र प्रयोगात्मक व्यवस्था<br>ख) प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र<br>ग) प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्ने निर्देशिका<br>घ) विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रावधान<br>ङ) इन्टर्नसीप |
| ७ | पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता | क) पाठ्यक्रमको आवश्यकता अनुसार नेपाली र अङ्ग्रेजी दुवै भाषामा सामग्रीको उपलब्धता<br>ख) उपकरण सहितको पत्रकारिता प्रयोगशाला (फोटो स्टुडियो, कम्प्युटर कक्ष, रेडियो स्टेशन, टीभी स्टुडियो र पुस्तकालय)<br>ग) माग अनुसारको वैकल्पिक विषय रोज्न पाउने व्यवस्था |
| ८ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे पाठ्यक्रममा विशिष्टिकृत विषय रहेको वा नरहेको<br>ख) पाठ्यक्रमले विद्यार्थीहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणको अभिमुखीकरण तथा ज्ञान प्रदान गर्ने वा नगर्ने |

उपर्युक्त परीक्षण–सूचीको आलोकमा त्रि.वि., पू.वि. र का.वि.का अध्येय पाठ्यक्रमहरूको विश्लेषण आगामी अध्यायमा दिइएको छ ।

# अध्याय ५
# पाठ्यक्रमहरुको विश्लेषण

नेपालमा पत्रकारिताको विश्वविद्यालयीय शिक्षा प्रारम्भ गर्ने अग्रणी शैक्षिक संस्था त्रि.वि. हो । वि.सं. २०३३ मा त्रि.वि.को प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रममा पत्रकारितालाई ऐच्छिक विषयका रूपमा समेटी पठनपाठन आरम्भ हुनु नै नेपालमा पत्रकारिताको विश्वविद्यालयीय शिक्षाको प्रारम्भ बिन्दु हो । हाल त्रि.वि. र पू.वि.मा तीन वर्षे स्नातक तह र दुई वर्षे स्नातकोत्तर तहका शैक्षणिक कार्यक्रम सञ्चालनमा छन् का.वि.मा चार वर्षे स्नातक तह भने चार वर्षको रहेको छ । सञ्चार विधामा विद्यावारिधि तहको अनुसन्धान तथा उपाधिका सन्दर्भमा भने नेपाल संस्कृत विश्वविद्यालयले अग्रणी भूमिका निर्वाह गर्‍यो, जहाँबाट दुईजनाले अनुसन्धान सम्पन्न गरी विद्यावारिधि उपाधि हासिल गरिसकेका छन् भने त्रि.वि.अन्तर्गत विद्यावारिधिका लागि शोधार्थीहरू अनुसन्धानरत छन् ।

त्रि.वि.मा स्नातक तहमा वार्षिक प्रणाली अनुसार पठनपाठन हुन्छ भने स्नातकोत्तर तहमा २०७० साल देखि सेमेस्टर प्रणाली लागु गरिएको छ । पू.वि. र का.वि.का अध्येय शैक्षणिक कार्यक्रमहरू भने सुरुदेखि नै सेमेस्टर प्रणालीमा सञ्चालित छन् । यस अध्यायमा त्रि.वि., पू.वि. र का.वि.का अध्येय पाठ्यक्रमहरूको विश्लेषण गरिएको छ । अध्येय पाठ्यक्रमको समूहमा त्रि.वि.का दुईवटा, पू.वि.का छ वटा र का.वि.का एउटा गरी कूल नौवटा पाठ्यक्रमहरू समेटिएका छन् । यसअघि (अध्याय ४ मा) उल्लेखित परीक्षणसूचीअन्तर्गतका सूचकहरूको आलोकमा नै प्रस्तुत विश्लेषण गरिएको हो ।

## ५.१ त्रिभुवन विश्वविद्यालय

त्रि.वि.को पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग काठमाडौंको रत्नराज्यलक्ष्मी क्याम्पसमा अवस्थित छ, जहाँ पत्रकारिताको स्नातक र स्नातकोत्तर तहको अध्ययनअध्यापन हुन्छ । अन्य आङ्गिक तथा सम्बन्धन प्राप्त गरी ९० भन्दा बढी शैक्षिकसंस्थाहरूमा त्रि.वि.को पाठ्यक्रम लागू भई आमसञ्चार विषयको अध्ययन अध्यापन हुने गर्दछ ।

त्रि.वि.अन्तर्गत पत्रकारिता तथा आमसञ्चार शिक्षाको पठनपाठन

युनेस्कोकै आर्थिक तथा भौतिक सहयोगमा सुरु भएको मानिन्छ । वि. स. २०३३ साउन ३२ गतेदेखि रत्न राज्यलक्ष्मी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा पत्रकारिता विषयको अध्ययन सुरु भएको थियो । यो विषयको संस्थापक शिक्षकको रूपमा लालदेउसा राईले प्राध्यापन सुरु गर्नुभएको थियो । त्यतिखेरको पत्रकारिता पाठ्यक्रम लालदेउसा राई र गोकुलप्रसाद पोखरेलको तयार पार्नुभएको थियो ।

वि.सं. २०३६ देखि पाटन क्याम्पसमा पत्रकारिता विषयको स्नातक तहको पठनपाठन सुरु गरियो । वि.सं . २०३६ चैत १ गतेदेखि अस्थायी रूपमा परशुराम खरेलले स्नातक तहको पहिलो विभागीय सदस्यका रूपमा कार्य आरम्भ गर्नुभएको थियो । पाटन क्याम्पसमा स्नातक तहको अध्यापन सुरु भएको एक वर्षपछि स्नातक तहको पठनपाठन पनि रत्न राज्यलक्ष्मी क्यापसमा नै सुरु गरियो । स्नातक तहको अध्यापनमा विद्यार्थीहरूको आकर्षण बढ्दै गएपछि यसलाई अझ व्यवस्थित बनाउने क्रम बढ्दै गयो । यसैक्रममा वि.स. २०३८ साल देखि क्याम्पसले पत्रकारिता विषयको शिक्षण समिति बनाई यसको अध्यक्षमा लालदेउसा राईलाई नियुक्त गरेको थियो । पत्रकारिता विषयको स्नातकोत्तर तहसम्म अध्यापनका लागि पाठ्यक्रम तयार भएपछि २०५५ सालमा त्रि.वि. मा पत्रकारिता तथा आमसञ्चार विभागको स्थापना भयो । २०५८ साल देखि पत्रकारिता तथा आमसञ्चारमा स्नातकोत्तर तह सुरु भयो ।

### ५.१.१ बृहद संस्थागत संरचना

#### क) पाठ्यक्रम परिमार्जन प्रावधान

त्रि.वि.मा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि जिम्मेवार निकायका रूपमा पत्रकारिता तथा आमसञ्चार समिति, विद्या परिषद तथा प्राज्ञिक परिषदको संरचनागत स्वरूप रहेको देखिन्छ । पत्रकारितामा समावेश गरिने विषयवस्तुको निक्योंल गर्न विषय समितिको गठन गरिएको हुन्छ र मूलत: विषय समितिले पाठ्यक्रम परिमार्जनको प्रक्रियामा पहल गर्नु पर्ने मान्यता देखिन्छ । शैक्षिक कार्यक्रमको अभिवृद्धि तथा सम्बन्धित विषयका डीनसँग समन्वय गर्ने, खारेज वा एकीकृत वा अन्य

व्यवस्था गर्नुपर्ने विषयका सम्बन्धमा पनि सम्बन्धित विषयको पाठ्यपुस्तक निर्माण, समयसमयमा पुनरावलोकन गरी, संयोजन, परीक्षण र परिवर्तन गरी पाठ्यक्रम तर्जुमा गराउने अधिकार विषय समितिसँग रहेको छ ।

**ख) पाठ्यक्रम परिमार्जनको नियमितता**

पाठ्यक्रम निर्माण र परिमार्जनका लागि संस्थागत व्यवस्था भए तापनि त्रि.वि.मा पत्रकारिता विषयको पाठ्यक्रम परिमार्जनमा नियामितताको अभाव छ । बदलिदो सञ्चार क्षेत्रको आयामलाई सम्बोधन गर्न नियमित पाठ्यक्रमको परिमार्जनको आवश्यकता भए पनि यो हुन सकेको छैन । त्रि.वि.मा पाठ्यक्रमात्मक प्रक्रिया त्यतिधेरै गतिशील देखिँदैन । त्यसैले पाठ्यक्रम परिमार्जनको पक्ष पनि व्यवहारतः प्राथमिकतामा नपरेको देखिन्छ । वास्तवमा निकै लामो अवधिसम्म कुनै परिमार्जन तथा समयसापेक्ष संशोधन नभइकनै त्रि.वि.को पाठ्यक्रम लागू रहिरह्यो । यद्यपि पछिल्लो समयमा पत्रकारिता पाठ्यक्रममा परिमार्जनका लागि पहलकदमी भएको देखिन्छ । संक्षेपमा, पत्रकारिताको पाठ्यक्रमात्मक प्रक्रियाको दृष्टिबिन्दुबाट हेर्दा त्रि.वि.को बृहद संस्थागत संरचना मैत्रीपूर्ण रहेको देखिँदैन ।

**ग) परिमार्जनका आधार**

पाठ्यक्रमलाई समयसापेक्ष बनाउनु पर्ने चुनौती नै परिमार्जनको आधार रहेको बुझिन्छ ।

**घ) स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता**

त्रि.वि.मा पत्रकारिता विषयको पठनपाठनमा रहेका चुनौतीमध्ये मुख्यतया दक्ष जनशक्तिको उपलब्धता पनि एक हो । दक्ष तथा पूर्णकालीन जनशक्तिको अभावले गर्दा यस विषयलाई विषयगत उत्कृष्टताको हिसाबले अगाडि बढाउन निकै गाह्रो परेको देखिन्छ । यसको निम्ति विषयगत तालिम, अध्ययन, लगानी, प्रविधिको उपलब्धता र अवसरको प्राप्यता जरूरी छ । लामो

समयसम्म यो विभाग विश्वविद्यालयको प्राथमिकता क्षेत्रमा पर्न नसकेको कारण यसलाई आवश्यक पर्ने जनशक्ति अल्पकालीन रूपमा परिपूर्ति गर्नु परेको स्थितिमा सैद्धान्तिक तथा प्राविधिक ज्ञान अध्ययन, अध्यापन प्रयोगात्मक भन्दा बढी विशेष गरी सैद्धान्तिक बहसमा मात्रै केन्द्रित भएको पाइन्छ । हाल पत्रकारिता विषयमा २ प्राध्यापक, २ सह प्राध्यापक, २ उपप्राध्यापक तथा ६ जना करारमा नियुक्ति हुने व्यवस्था भएता पनि हाल ३ जना मात्र करारमा छन् । केही आंशिक शिक्षक पनि रहेका छन् ।

त्रि.वि. नियमावलीअनुसार दरबन्दीमा महिला ३३ प्रतिशत, आदिवासी २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ र पिछडिएको क्षेत्रलाई ९ प्रतिशत राखिएको छ । यसरी समतामूलक दरबन्दीको व्यवस्था गरिए पनि हालसम्म लैङ्गिक व्यवस्था अनुसार एकजना पनि महिला स्थायी दरबन्दीमा नियुक्ति छैनन् ।

#### ङ) विषय समितिको संरचना

विषय समितिको गठन त्रि.वि.को नियमावली अनुसार हुन्छ । पत्रकारिता तथा आमसञ्चार विषय समितिका अध्यक्ष सम्बन्धित केन्द्रीय विभागका प्रमुख हुने प्रचलन छ । विषय समितिमा शिक्षा क्षेत्रसँग सम्बन्धित बढीमा १५ जना सदस्य रहन्छन् । सम्बन्धन प्राप्त शिक्षकहरूमध्येबाट २ जना राख्ने प्रावधान रहेको छ । विश्वविद्यालय बाहिरका विषयविशेषज्ञबाट बढीमा ३ जना रहन्छन् । उनीहरूको कार्यकाल ३ वर्षको रहने छ ।

### ५.१.२ पाठ्यक्रममा विद्यार्थीको पहुँच

#### क) विश्व विद्यालयले प्रदान गरेको पाठ्यक्रमको सङ्ख्या

वि.स. २०३३ साल देखि प्रमाणपत्र तहबाट सुरु भएको पत्रकारिता विषयको अध्यापन २०३६ सालबाट स्नातक र २०५८ सालमा स्नातकोत्तर तहको अध्यापन सुरु भयो । त्रि.वि.ले प्रमाणपत्र तह हटाएकाले हाल पत्रकारिताको स्नातक र स्नातकोत्तर तहको

मात्र पढाइ हुन्छ ।

**ख) पाठ्यक्रममा पहुँच र धान्ने अवस्था**

हाल स्नातकोत्तर तह काठमाडौंमा सीमित छ भने स्नातक तहको अध्यापन काठमाण्डौ बाहिरका मुख्य शहरहरूमा पनि उपलब्ध छ । हाल कुनै पनि विषयमा उच्चमाध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीले स्नातक तहको अध्ययन गर्न पाउछन् । तर स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि भने स्नातक तहमा अनिवार्य रूपमा पत्रकारिता विषय पढेको हुनु पर्ने व्यवस्था छ । आर्थिक दृष्टिले भने स्नातक तह भन्दा स्नातकोत्तर तह महङ्गो छ । अध्ययनका लागि तिर्नु पर्ने शुल्क शिक्षण संस्था अनुसार फरक फरक छ । हाल स्नातक तहमा ३ सयको हाराहारीमा आगिंक क्याम्पसमा मात्रै विद्यार्थी रहेका छन् । त्रि.वि. सम्बन्धन प्राप्त अन्य क्याम्पसमा समेत गर्दा स्नातक तहमा २ हजारभन्दा बढी सङ्ख्यामा विद्यार्थीहरू अध्ययनरत रहेका छन् । २०५८ मा सुरु भएको स्नातकोत्तर तहमा पनि वार्षिक प्रणाली अनुसार वार्षिक १२० को हाराहारीमा विद्यार्थीको चाप रहेको देख्न सकिन्छ ।

**ग) विभाग र रोजगारदाताबीचको क्रियाशील सम्बन्ध**

विद्यार्थीहरूलाई पाठ्यक्रमले परिकल्पना गरेको प्रयोगात्मक ज्ञान दिनका लागि रेडियो, टेलिभिजन, अनलाइन, म्यागेजिन, सञ्चार सामग्री निर्माण कम्पनीसँग समझदारी गरी काम गर्नु पर्ने हो । तर यस किसिमको क्रियाशील सम्बन्ध भने भएको देखिँदैन । रेडियो, टेलिभिजन जस्ता विषयहरूको अध्यापन गराउँदा या त आफ्नै प्रयोगशाला हुनु पर्ने वा छुट्टै संस्थाहरूसँग सम्झौता गरी काम गरेको हुनु पर्ने प्रावधान भने राखिएको छ ।

### ५.१.३ मूल ज्ञान र सीप

**क) खास विषय वस्तुमा ज्ञान र सीप**

स्नातक तहमा अध्ययन हुने पत्रकारिताका विषयमा आर्थिक, सामाजिक, वातावरणीय, संसदीय, अदालती जस्ता विषयमा

विशिष्टिकृत रिपोर्टिङ् तथा सम्पादनलाई समावेश गरिएको छ । त्यसैगरी स्नातकोत्तर तहमा पनि विकास सञ्चार लगायतका विषयमा यस्ता विषयलाई समावेश गरिएको छ । स्नातक तहमा अध्ययन हुने कूल १४०० पूर्णाङ्क मध्ये ९०० पूर्णाङ्क भाषा तथा अन्य विषयहरू छन् । यसले पनि विद्यार्थीहरूलाई केही विषयमा विशिष्टता हासिल गर्न सघाउँछन् । पत्रकारिता पढ्ने विद्यार्थीका लागि स्नातक तहमा नेपाली वा अङ्ग्रेजी विषयमध्ये कुनै एक अनिवार्य गरिएकाले यसले उनीहरूको भाषागत दक्षता विकासका लागि पनि सहयोग गर्छ । स्नातकोत्तरमा उच्चस्तरको रिपोर्टिङ् (Advanced Reporting) नामक छुट्टै विषय नै अध्ययन हुन्छ । यस अन्तर्गत पत्रकारिताको सिद्धान्त, समाचारको विस्तृत रिपोर्टिङ्, प्रतिस्पर्धात्मक समाचारका आयामिक विषयवस्तुहरू, छापा, रेडियो, टीभी, समाचार एजेन्सी तथा अनलाइनका समाचार स्रोत तथा अनुसन्धानमूलक रिपोर्टिङ् समेटिएको छ ।

**ख) सूचनाको हक, प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, कानूनी प्रावधान, मानहानी, गालीबेइज्जती र अदालतको अवहेलना बारेको बुझाइ**

त्रि.वि.मा स्नातक र स्नातकोत्तर दुवै तहमा पत्रकारिताको इतिहास, प्रेस कानून, आचारसंहिता जस्ता शीर्षकमा यी सबै कुराहरू समेटिएका छन् । यी विषयमा विश्वका केही मुलुकहरूमा भएको व्यवस्था छ र भएको व्यवस्थाको बारेमा अध्यापन हुन्छ । पाठ्यक्रमले समेटे अनुसारको अध्ययन भएको खण्डमा यी कुराहरूको सैद्धान्तिक बुझाइ हुने र सो अनुसारको अनुभूतिले उनीहरूको सीप विकासमा सहयोग पुग्छ । पाठ्यक्रममा शीर्षक अन्तर्गत यी सवालहरू समेटिएका छन् । तुलनात्मक रूपमा यी सवालमध्ये सूचनाको अधिकार न्यून रूपमा समाविष्ट छ । प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, मान हानी, गाली बेइज्जती र अदालतको मान हानी भने आवश्यकता अनुसार राखिएको पाइन्छ । यी विषहरू स्नातक र स्नातकोत्तर दुवै तहमा अध्ययन

हुने भएकाले यस बारेमा विद्यार्थीलाई आवश्यक ज्ञान र सीप दिन सकिने देखिन्छ ।

**ग) विभिन्न विषयका सूचना र समाचारलाई विश्वसनीय बनाउन खोजसम्बन्धी ज्ञान**

सूचना सङ्कलनका सिलसिलामा कसरी खोजी कार्य गर्ने भन्ने कुरा स्नातक तहका अधिकांश विषयमा कुनै न कुनै रूपमा सम्बोधन भएको छ । सामाजिक अनुसन्धान विषयलाई नै केन्द्र बिन्दुमा राखेर स्नातक तहको दोस्रो वर्षमा आमसञ्चार अनुसन्धान भन्ने १०० पूर्णाङ्कको विषय छ । यसमा रेडियो, टेलिभिजन र पत्रपत्रिकालाई जोडेर आधारभूत अनुसन्धान ज्ञान र सीप सिकाउने गरी पाठ्यक्रम तयार गरिएको छ । स्नातकोत्तर तहमा पनि १०० पूर्णाङ्कको शोधपत्र लेख्नु पर्ने अनिवार्य व्यवस्था स्नातकोत्तर दुवै तहमा परियोजना तथा प्रयोगात्मक कार्यका लागि लघुअनुसन्धान कार्यहरू गर्नु पर्ने अनिवार्य व्यवस्था छ । पाठ्यक्रममा भएको यो व्यवस्थाले विद्यार्थीमा अनुसन्धान ज्ञान र सीप बढाउन मद्दत गर्छ । तर यसको कार्यान्वयन कति हुन्छ भन्ने कुरा चाहिँ विद्यार्थी आफैले गर्ने अभ्यास एवं शिक्षण संस्थाले यसलाई दिने प्राथमिकतामा भर पर्छ ।

**घ) प्रविधि बारे अध्यावधिक ज्ञान**

त्रि.वि.को स्नातक तहका पाठ्यक्रममा फाटोग्राफी, टेलिभिजन पत्रकारिता, रेडियो पत्रकारिता विषयहरू अध्ययन हुन्छ । यी विषयले पुराना प्रविधिको ज्ञान र नयाँ प्रविधिको सञ्चालन सीप दुवैको कुरा गर्छन् । तर पाठ्यक्रमले मागे अनुसारको गुणस्तरीय शिक्षा दिन भने सकिएको छैन । पाठ्यक्रमले भने बमोजिम सबै ठाउँमा पर्याप्त मात्रा यस्ता भौतिक पूर्वाधार छैनन् भने कतिपय शिक्षण संस्थाले आधारभूत प्रयोगात्मक सीप पनि दिन सकेका छैनन् । स्नातकोत्तर तहमा पनि प्रसारण पत्रकारिता र रेडियो पत्रकारिता तथा कार्यक्रम उत्पादन विषयहरू समेटिएको छ । यी विषयले सैद्धान्तिक र प्रयोगात्मक दुवै किसिमका सीप

विकासको परिकल्पना गरेको छ । त्रि.वि.को आफ्नै एफ.एम. रेडियो भए पनि टेलिभिजन स्टुडियो भने छैन । अनलाइन पत्रकारितालाई कुनै शीर्षक मार्फत सम्बोधन गरिए तापनि यसको छुट्टै पाठ्यक्रम भने छैन । फोटो पत्रकारिताका लागि फोटो ल्याबको व्यवस्था भने छ । आधारभूत कम्प्युटर चलाउने, क्यमरा चलाउने, फोटो धुलाउने र साजसज्जा सम्बन्धी प्राविधिक ज्ञान र सीप भने यो पाठ्यक्रम पढेका विद्यार्थीले हासिल गर्ने स्तरको अन्तर्वस्तु पाठ्यक्रममा देखिन्छ । आङ्गिक र सम्बन्धनप्राप्त शिक्षण संस्थाहरूमा पाठ्यक्रम कार्यान्वयन भएको वा नभएको अनुगमन नगरिने भएकाले स्थिति अस्पष्ट छ ।

**ङ) आधारभूत पत्रकारिता लेखन सीप**

स्नातक तहको पत्रकारिता तथा आमसञ्चारको परिचय (जेएमसि ३०१) र सञ्चार माध्यम, पत्रकारिता र आमसञ्चार (जेएमसि ३०६) विषयहरूमा आधारभूत पत्रकारिताको सैद्धान्तिक ज्ञानसँगै यसको समाचार लेखन तथा सम्पादन ज्ञान र सीप सिकाउने किसिमले अन्तर्वस्तु तयार गरिएको छ । स्नातक दोस्रो र तेस्रो वर्षमा पनि विधागत पत्रकारितामा लेखन सम्पादन तथा उत्पादनका शीर्षकहरू समावेश गरिएको छ । स्नातक तहको अध्ययनमा नेपाली वा अङ्ग्रेजी भाषा विषय अनिवार्य गरिएकाले यसले विद्यार्थीलाई भाषागत ज्ञान पनि प्राप्त हुन्छ । यसका साथै रेडियो, टिभि, छापा माध्यमका लागि समाचार, अन्तर्वार्ता, फिचर लेखन कार्यलाई पनि पाठ्यक्रमले समेटेको छ ।

**च) खोजका आधारमा समाचार लेखन सीप**

स्नातक तह दोस्रो वर्षमा अध्ययन हुने मिडिया अनुसन्धान (जेएमसी ३०२) ले मिडिया अनुसन्धानका विविध पाटाहरूलाई समेटेको छ । यसले अनुसन्धान सीप बढाउन सहयोग गरेको छ । फोटो पत्रकारिता, उच्च स्तरको समाचार सङ्कलन तथा सम्पादन (जेएमसी ३०५) ले खोजमूलक समाचार गहन समाचार, विशिष्टिकृत समाचार सङ्कलन, सम्पादन तथा तिनीहरूको

विश्वसनीयता पहिचानलाई समेटेको छ । यी विषयमा प्रयोगात्मक पक्षलाई पनि अनिवार्य गरेकाले पाठ्यक्रम अनुसार विद्यार्थीको ज्ञान र सीप विकासको अपेक्षा गर्न सकिन्छ । तर व्यावहारिक रूपमा यसको प्रभावकारिता कस्तो भन्ने पक्ष चाहिँ थप विश्लेषणको पाटो हो ।

विद्यार्थीहरूको भाषागत, साहित्य, लेखनी तथा रेडियो र टीभीमा प्रस्तुतीका लागि चाहिने सीपको विकास निमित्त अभ्यास कार्यक्रमको जरूरत रहेको देखिन्छ । आचारसंहिता, नीति, मर्यादा, उत्तरदायित्व, आचारसंहिता, अदालतको मानहानीको व्यवस्था आदिबारेको ज्ञानलाई सीपमा ढाल्न थप प्रयास आवश्यक देखिन्छ । पत्रकारिता विषय जनसरोकारसंग प्रत्यक्ष गासिएको विषयवस्तु भएकोले यस क्षेत्रमा लाग्नेले विभिन्न विषयमा नीतिगत तथा वस्तुगत नीतिनियमहरू जान्नु आवश्यक हुन्छ । यसैगरी वैयक्तिक स्वतन्त्रता, व्यक्तिगत गोपनीयता लगायतका विषयवस्तुको प्रस्तुतीकरणमा समेत आचारसंहिताको पालना हुनु जरूरी देखिन्छ । राष्ट्र र राष्ट्रियताको सवाल जोडिएका विषयवस्तु वा धार्मिक वा दार्शनिक विषयवस्तु संवेदनशील विषयमा कसरी समाचार बनाउने वा संप्रेषण गर्ने भन्ने पूर्व ज्ञान अध्ययनको क्रममा हुनु जरूरी हुन्छ ।

### ५.१.४ लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप

#### क) पाठ्यक्रमले समेटेका मिडिया कानून, आचारसंहिता, नीति र नियम

लोकतान्त्रिक विकासमा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार जस्ता सवालहरूको महत्त्वपूर्ण योगदान हुन्छ । आमसञ्चारका सिद्धान्त, परिभाषा, विशेषता, किसिम र भूमिका, राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्ध, व्यावसायिक पत्रकारिता, सोच र सिद्धान्त, विकासमूलक पत्रकारिता जस्ता पत्रकारिताका आधारभूत ज्ञानहरू पनि यसका लागि जरूरी छ । यस सन्दर्भमा पाठ्यक्रमले राष्ट्रिय विकास–प्रेस सिद्धान्त, मिडियाका विषयवस्तु,

दर्शक तथा पाठकहरू, परंम्परावादी सञ्चार र व्यवहारिक परिवर्तनका सीप, जाँगर र अनुभवको स्वरूपसँग गाँसिएको पाइन्छ । यसमा पत्रकार र वर्तमान विश्वमा पत्रकारको भूमिका तथा आमसञ्चार माध्यम र समाजव्यवस्थासंग सम्बन्धित विषयवस्तुहरू गांसिएका छन् । पत्रकारिताको सिद्धान्त तथा व्यवस्था अन्तर्गत पत्रकारको व्यवहार प्रक्रिया, समाचार व्यवस्थाको सञ्चालन, विधि, परिभाषा र सञ्चारको प्रक्रिया आदि समेटिएका छन् ।

सञ्चारका माध्यमका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रेस कन्फरेन्स समेत अध्ययनका विषयहरू समेटिएका छन् । आमसञ्चारका सिद्धान्त, पत्रकारिताको सिद्धान्त, विश्व पद्धति र अन्तर्राष्ट्रिय पत्रकारिता, तुलनात्मक सञ्चार, कानून र सञ्चार पद्धति, नेपाली मिडिया पद्धति र पत्रकारिता जस्ता विषयहरू स्नातक र स्नातकोत्तर दुवै तहमा अध्ययन हुने भएकाले यो अध्ययनले अन्ततोगत्वा लोकतान्त्रिक विकासका लागि योगदान दिन सक्ने देखिन्छ । तर यो कुरा विद्यार्थीको बुझाइ र शिक्षक तथा शिक्षक संस्थाले पढाउने स्तरमा भर पर्छ । स्नातक तहमा अध्ययन हुने पत्रकारिता तथा आमसञ्चारको परिचय (जेएमसि ३०१), इतिहास, कानून र आमसञ्चारको व्यवस्थापन( जेएमसि ३०३) विषयले यी सवाललाई समेटेका छन् । यस बाहेक जन सम्पर्क, रेडियो पत्रकारिता लगायतका विषयले पनि खासगरी आचारसंहितालाई समेटेका छन् ।

### ख) मिडिया मार्फत लोकतान्त्रिक र मानव अधिकार प्रवर्द्धनका लागि पाठ्यक्रमले ल्याउने सचेतना

पत्रकारिताको बढ्दो लोकप्रियता देशको राजनीतिक, सांस्कृतिक रूपान्तरणसँग पनि जोडेर हेर्न सकिन्छ । यो दृष्टिलाई पाठ्यक्रमले कुनै न कुनै रूपमा समेटेको भए तापनि मानव अधिकारलाई विशिष्ट रूपमा संबोधन गर्न सकेको छैन । तर मानव अधिकारका सवालहरू जस्तो कि गोपनीयता, आर्थिक,

सामाजिक अधिकारलाई सम्मान गर्नु पर्ने कुरा कतै न कतै प्रतिबिम्बित भएको पाइएको छ। प्रेस कानून सम्बन्धीका विषयमा यी कुराहरू समेटिएका छन् ।

**ग) पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषण सीप**

त्रि.वि. अन्तर्गत स्नातक र स्नातकोत्तर दुवै तहमा आर्थिक, समाजिक, राजनीतिक सवालहरू विश्व परिवेश र राष्ट्रिय सन्दर्भमा नै समावेश गरिएको छ । विभिन्न विधागत रिपोर्टिङ् तथा सम्पादन, विकास सञ्चार तथा अन्तर सांस्कृति सञ्चार, राजनीतिक सञ्चार जस्ता विषयहरू समावेश छन् । यी विषयले विद्यार्थीहरूमा कुनै पनि विषयमा आफ्नो स्वतन्त्र विचार राख्ने र विश्लेषण गर्ने सीप सिकाउन मद्दत गर्ने देखिन्छ । यसका साथै स्नातक तहमा पत्रकारिता बाहेक उनीहरूले पढ्ने ९०० पूर्णाङ्कको अन्य विषयले पनि विषय विविधतामा उनीहरूको ज्ञान दक्षता बढाउन मद्दत गर्छ ।

**घ) पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञान**

त्रि.वि.को पाठ्यक्रम, खासगरी स्नातक तहले पत्रकारिता विषय मात्र नपढाई अन्य विषयहरू पनि सँगै पढाउने भएकाले यो पक्ष यहाँ समेटिएको छ । जस्तो कि स्नातक तहमा अध्ययन गरिने कूल १४०० पूर्णाङ्क मध्ये ९०० पूर्णाङ्क उनीहरूले अन्य बहुविधागत विषय अध्ययन गर्छन् ।

**ङ) आधुनिक वातावरणका लागि मिडिया साक्षरता सम्बन्धी पाठ्यक्रम**

यस सम्बन्धी छुट्टै शीर्षक र विषय समेटिएको छैन, तर पत्रकारिताका आधारभूत सिद्धान्त, मूल्य मान्यता, पत्रकारिताको सामाजिक उत्तरदायित्व जस्ता शीर्षकहररूले यसको अवधारणालाई सम्बोधनसम्म गरेको भन्न सकिन्छ । तर विशिष्ट ढङ्गले यो विषय समेटेको छैन ।

### ५.१.५ पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता

**क) लोतकतन्त्रको संस्थागत विकासमा पत्रकारको भूमिका**

आचारसंहिता, उत्तरदायित्व जस्ता विषय समेटेको देखिन्छ ।

ख) **लोकतन्त्र र विकासको प्रबर्द्धनका लागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारे ज्ञान** समावेश भएको देखिन्छ ।

### ५.१.६ पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन

**क) हरेक विषयमा सैद्धान्तिक र प्रयोगात्मक व्यवस्था**

स्नातक तहमा कूल आठवटा पत्रकारिताका विषयहरू छन् । यीमध्ये नियमित र ऐच्छिक ७ वटा विषयहरूमा ७० प्रतिशत् सैद्धान्तिक र ३० प्रतिशत प्रयोगात्मक भार छुट्याइएको छ । स्नातकोत्तर तहमा भने केही विषयमा २० प्रतिशत प्रयोगात्मक ८० प्रतिशत सैद्धान्तिक भारका धारमामा पाठ्यक्रम बनाइएको छ । तर सबै विषयमा प्रयोगात्मक व्यवस्था छैन । उदाहरणका लागि, विकास सञ्चार विषयमा प्रयोगात्मक कार्य छैन । स्नातकोत्तर तहमापनि प्रयोगात्मक पक्षलाई पनि जोड दिएमा यसले पाठ्यक्रमको मर्मलाई अझ राम्रोसँग सम्बोधन गर्न सक्ने देखिन्छ । विद्यमान पठनपाठनको प्रक्रियालाई मध्यनजर गर्दा शिक्षणलाई प्रभावकारी तुल्याउन पनि अध्यापन विधिमा सुधार ल्याउनु जरूरी देखिन्छ । परपम्रावादी लेक्चरको सटट्ामा सम्बन्धित विषयमा अनुसन्धानात्मक कार्यपत्रहरू प्रस्तुत गर्ने व्यवस्था भएमा त्यसरी गरिएको सिकाइ अझ प्रभावकारी हुने देखिन्छ । मल्टीमिडियाको प्रयोग, इन्टरनेट, फेसबुक, ब्लग सोसियल मिडियाको प्रयोगमार्फत संप्रेषण गरिने समाचार एवं अन्य जनसरोकार सम्बद्ध विषयवस्तु प्रस्तुत गर्न प्राविधिक ज्ञान जरूरी पर्ने हुनाले त्यसलाई पनि यस अन्तर्गत पारी समूहकार्यमार्फत प्रस्तुत गरिने सेमिनार पेपरको समेत प्रावधान भएको पठनपाठन विधि आवश्यक देखिन्छ ।

**ख) प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र**

यस्तो प्रभावकारी संयन्त्र देखिँदैन । सिद्धान्ततः विद्यार्थीलाई

पाठ्यक्रमले तोकेबमोजिम प्रयोगात्मक कार्य अनिवार्य गर्ने व्यवस्था देखिन्छ । तर उनीहरूका कामको नियमित अनुगमन गर्ने, गुणस्तर सुनिश्चित गर्ने तर्फ काम गर्न बाँकी नै देखिन्छ । त्यसैगरी प्रयोगात्मक कार्यका लागि आवश्यक पर्ने पूर्वाधारको अभाव पनि देखिन्छ । यतातर्फ पनि काम गर्न सके यसले प्रयोगात्मक पक्षलाई अझ बलियो बनाउँछ र विद्यार्थीको क्षमता बढाउँछ ।

**ग) प्रयोगात्मक कार्यको सुपरीवेक्षण गर्ने निर्देशिका**

यस्तो निर्देशिका छैन । व्यवहारतः विद्यार्थीहरूले निश्चित समयावधिमा सम्बन्धित विषयका गुरुहरूले खटाएका कार्यको विशेष फाइल आन्तरिक मूल्याङ्कन सञ्चार माध्यम तथा जनसम्पर्क प्रयोगात्मक स्थान, विधि र प्रविधिको अध्ययन अध्यापनमा प्राज्ञिक क्षेत्रमा अभावको पृष्ठभूमिमा सम्बन्धित क्षेत्रमै गएर सिकाइमा विद्यार्थी आबद्ध हुने अवस्था छ । अन्तिम परीक्षामा विषयगत शिक्षक बाहेक अन्य बाह्य परीक्षकबाट मूल्याङ्कन गर्ने व्यवहारिक चलन भए तापनि प्रयोगात्मक कार्यको स्तर मापन गर्ने स्पष्ट निर्देशिका भने छैन ।

**घ) विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रावधान**

यस्तो सुनिश्चित प्रावधान देखिँदैन । फोटो पत्रकारिता, रेडियो पत्रकारिता जस्ता विषय अध्ययन गर्ने विद्यार्थीहरू प्रयोगशालामा निश्चित कार्यका लागि संलग्न हुनु पर्ने भए तापनि अनुगमन र सुपरिवेक्षणको प्रभावकारी संयन्त्रको अभाव छ । त्यसैगरी प्रोजेक्ट वर्क, सेमिनार पेपर प्रस्तुति, प्रयोगशाला अखबार तथा म्यागेजिन प्रकाशन जस्ता कार्यलाई पनि अनिवार्य गरिएको भनिन्छ, तर यसमा पनि कार्यान्वन सुनिश्चित गर्ने संयन्त्रको अभाव छ । सम्बन्धनप्राप्त शैक्षिकसंस्थाका गतिविधिबारे अनुगमन नहुने भएकाले विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाएको वा नबनाएको भन्ने कुरा नै अत्तोपत्तो नहुने अवस्था देखिन्छ ।

**ङ) इन्टर्नसीप**

त्रि.वि.को स्नातक तहमा अध्ययन हुने फोटो पत्रकारिता, उच्च स्तरीय समाचार रिपोर्टिङ् तथा सम्पादन, रेडियो पत्रकारिता र टेलिभिजन पत्रकारितामा ६ देखि ८ हप्ताको इन्टर्नसीप वा स्थलगत कार्यमध्ये कुनै एक लाई अनिवार्य गरिएको छ ।

### ५.१.७ पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता

**क) पाठ्यक्रमको आवश्यकता अनुसार नेपाली र अङ्ग्रेजी दुवै भाषामा सामग्रीको उपलब्धता**

पाठ्यक्रमले तोकेका अधिकांश पाठ्यसामग्री विदेशी लेखकले लेखेका छन् । नेपाली भाषामा यस्ता सामग्रीको उपलब्धताको कमी छ । जस्तैः स्नातकोत्तर तहमा अध्यापन हुने अनिवार्य विषय विकास सञ्चारको नेपाली सन्दर्भमा लेखिएको एउटा पनि पुस्तक उल्लेख गरिएको छैन जबकि पाठ्यक्रममा नेपाली सन्दर्भमा अध्ययन गर्नु पर्ने कुराहरू धेरै छन् । यो अवस्था अन्य विषयमा पनि छ । पाठ्यक्रममा उल्लेख गरिएका नेपाली भाषाका सामग्रीको स्तरीयताको प्रश्न पनि उठ्ने गरेको छ । नेपालका अन्य भाषाहरूमा पनि पाठ्यसामग्रीको उपलब्धता हुनु पर्नेतर्फ कुनै ध्यान पुगेको देखिँदैन ।

**ख) उपकरणसहितको पत्रकारिता प्रयोगशाला**

कतिपय विषयमा निश्चित सीमाबद्ध, आधारभूत भौतिक संरचना संयन्त्रको आवश्यक छ जुन पूर्ति हुन सकेको छैन । रेडियो टीयु एफएम अध्ययन, अध्यापन र प्रयोगात्मक कार्यको प्रयोगशाला भएता पनि एउटा मात्र स्टुडियो भएकोले यसले सम्पूर्ण विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्न सक्ने देखिँदैन । आवश्यक दक्ष जनशक्तिको अभावमा यो माध्यम सञ्चालन गर्न कठिनाइ भएकोले बिहान ७ बजेदेखि १० बजेसम्म जम्मा ३ घण्टा भन्दा बढी सञ्चालन हुन पाएको देखिंदैन । AIR LAB मार्फत टेलिभिजनको सञ्चालन प्रक्रियामा टेन्डरको जटिलता बजेटको

अभाव र जनशक्तिको समुचित व्यवस्था गर्नु पर्ने चुनौती देखिन्छ । फोटो ल्याब तथा कम्प्युटरल्याबको व्यवस्था त छ तर विद्यार्थीले चाहे जति प्रयोगात्मक अभ्यास गर्न सक्ने अवस्था छैन । त्रि.वि.का आङ्गिक तथा सम्बधन प्राप्त शिक्षण संस्थाहरूमा भने केन्द्रीय विभागमा जस्तो प्रयोगशाला सुविधा छैन । पुस्तकालय भए पनि पर्याप्त पुस्तक र यसको उचित व्यवस्थापनको अभाव छ ।

**ग) माग अनुसार वैकल्पिक विषय रोज्न पाउने व्यवस्था**

स्नातक तहमा कूल आठवटा विषय मध्ये चारवटा अनिवार्य, तीनवटा ऐच्छिक र एउटा कार्यमूलक विषय रहेका छन् । यस मध्ये अहिलेको जल्दो-बल्दो अनलाइन पत्रकारितालाई समावेश गरेको पाइदैन । पत्रकारिता क्षेत्रको विषयगत विविधता बढिरहेका बेला पाठ्यक्रममा पनि त्यहि किसिमको पाठ्यक्रमको विविधताको आवश्यकता हुन्छ । तर यस किसिमको विविधता पाठ्यक्रममा देखिँदैन ।

### ५.१.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे पाठ्यक्रममा विशिष्टिकृत विषय रहेको वा नरहेको**

त्रि.वि.ले पत्रकारिताको लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई विशिष्टिकृत विषय बनाएको पाइदैन । यद्यपि पत्रकारिताका विभिन्न आयाम र सिद्धान्तहरूको अध्ययनको क्रममा लैङ्गिकताका मुद्दाहरू पढाइ हुने गरेका छन् । महिला र अन्य सिमान्तकृत समुदायका सवालहरूलाई मिडियाले कसरी प्रस्तुत गरिएका छन् भन्ने विषयले लैङ्गिक र समावेशीता विषयबारे विद्यार्थीको ज्ञान बढाउँछ । त्यस्तै रेडीयो र टेलिभिजन कार्यक्रम निर्माण गर्दा महिला, बालबालिका र जनजातिका विषयहरू कसरी उठान गरिनुपर्छ भनेर पनि अध्यापन गराइन्छ । यसले पनि विद्यार्थीहरूमा लैङ्गिक तथा सामाजिक सचेतना बढाउँछ । मानव विकास अवधारणाका साथै सहस्राब्दी विकास

लक्ष्यले आत्मसाथ गरेका विषयहरूबारे पनि अध्ययन हुन्छ जसमा महिलाका मुद्दाहरू स्वतः आउने गर्छन् । समाज र जातीयताको सम्बन्धका बारेमा पाठ्यक्रममा विशेष उल्लेख छैन । तर कुनै विषय भित्र समेटेर अध्ययापन हुने गरेको छ । सञ्चार तथा सामाजिक परिवर्तन, सञ्चार र संस्कृति आदि विषयको अध्यापनले विद्यार्थीलाई समाजीक समावेशीकरणको बारेमा ज्ञान प्रदान गर्छ । त्यस्तै सञ्चारमाध्यममा महिला र अन्य सीमान्तीकृत समूहको प्रतिनिधित्व शीर्षकमा गरिने अध्यापनले लैङ्गिक समानता र सामाजीक समावेशीकरणबारे विद्याथीलाई सजग हुने शिक्षा प्रदान गर्छ । विश्वविद्यालय अन्तर्गत विभिन्न कलेजहरूले सम्बन्धन लिएर पत्रकारिता विषय अध्यापन गराइरहेकोमा पद्मकन्या क्याम्पसमा भने महिलाहरूका लागि मात्रै पत्रकारिता अध्ययनको व्यवस्था छ ।

**ख) पाठ्यक्रमले विद्यार्थीहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणको अभिमुखीकरण तथा ज्ञान प्रदान गर्ने वा नगर्ने**

यसका लागि लागि केही प्रयास गरेको देखिन्छ । जस्तैः रेडीयो र टेलिभिजनहरूले कार्यक्रम निर्माण गर्दा महिला, बालबालिका र जनजातिका मुद्दालाई कसरी चित्रण गरेका छन् भनेर अध्यापन गराइन्छ । साथै यस्ता विषयमा संवेदनशील हुन पनि सिकाइन्छ । त्यस्तै समाचार लेखनको व्यवहारिक अभ्यासमा लैङ्गिकता र समावेशीतालाई ख्याल गर्नुपर्ने ज्ञान प्रदान गरिन्छ । तर लैङ्गिक र सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्ने विषयलाई भने पाठ्यक्रमले प्राथमिकता दिएको पाइदैन ।

विगत १५/१६ वर्षमा करिब २० प्रतिशत छात्रा र ८० प्रतिशत छात्र रहेको अवस्थामा हाल ३० देखि ४० प्रतिशत छात्रा छन् । त्रि.वि. नियमावलीअनुसार दरबन्दीमा महिला ३३ प्रतिशत, आदिवासी २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ र पिछडिएको क्षेत्रलाई ९ प्रतिशत राखिएको छ । यसरी समतामूलक दरबन्दीको व्यवस्था गरिए पनि हालसम्म

एकजना पनि महिला स्थायी दरबन्दीमा नियुक्त गरिएको छैन ।

समाज र जातीयताको सम्बन्धका बारेमा पाठ्यक्रममा विशेष व्यवस्था नभएता पनि सांस्कृतिक विविधता लगायतका सवालमा मिडियाका सवालहरू भन्ने शीर्षकमा समय सन्दर्भ अनुसार विद्यार्थी र शिक्षकले छलफल गरी आवश्यक मुद्दा उठान गर्न सकिने स्थान पाठ्यक्रमले दिएको छ । त्यसका अलावा स्नातक तहमा विद्यार्थीले आफ्नो रूची अनुसार छनौट गरी अर्थशास्त्र, राजनीति शास्त्र, समाजशास्त्र लगायत नेपाली वा अङ्ग्रेजी भाषाका विषय पनि अध्ययन गर्नु पर्ने व्यवस्था भएकाले विद्यार्थीहरूमा सामाजिक विविधताको ज्ञान आर्जन हुन्छ र त्यसैको आधारमा पत्रकारिताको अभ्यास गर्दा पनि यस्ता पक्षलाई समेट्न सकिन्छ ।

तर यस्ता विषयलाई अझ गहिरो रूपमा सम्बोधन गर्नका लागि बहुसांस्कृतिक, भाषिक, धार्मिक एवं लैङ्गिक पृष्ठभूमिको थप जानकारी आवश्यक हुन्छ । नेपाली समाज रूपान्तरणको यात्रामा छ र यस्तो सङ्क्रमणकालमा उठ्ने ज्वलन्त मुद्दाहरूलाई समेट्ने किसिमको पत्रकारिताको अभ्यासको पनि नितान्त जरूरत देखिन्छ ।

पत्रकारिताका विभिन्न आयाम र सिद्धान्तहरूको अध्ययनको क्रममा महिलाका विषय आउने गरेका छन् । तर यसलाई अझ व्यापक बनाई विकासमा देखिएको महिला र विकासको अवधारणासँग पाठ्यक्रमलाई विस्तार गर्न सके राम्रो हुन्छ । स्नातक तहमा Media Issues in Global Village विषयमा मिडियामा महिला र अन्य सीमान्तीकृत समुदायको चित्रणको सवाल समेटिएको छ । साथै मिडियामा लैङ्गिक सवाल र हिंसासम्बन्धी शीर्षक पनि छ । रेडियो पत्रकारितामा पढाई हुने रेडियो कार्यक्रम उत्पादनका आधारभूत तत्वहरू अन्तर्गत महिला, बालबालिका र जनजातिका कार्यक्रमको अध्ययन राखिएको छ । टेलिभिजन कार्यक्रम उत्पादनका क्रममा पनि महिला, बालबालिका

र जनजातिका कार्यक्रमको अध्ययन राखिएको छ । महिलाका विषयमा कार्यक्रम निर्माण गर्ने, विषयवस्तुको विश्लेषण गर्ने कार्य पनि यसै अन्तर्गत पर्छ । स्नातकोत्तर तहमा १०० पूर्णाङ्कको अनिवार्य विषय विकास सञ्चार विषय अन्तर्गत सहस्राब्दी विकास लक्ष्य, मानव विकास अवधारणा जस्ता शीर्षकहरू पनि छन् । यी शीर्षकले अधिकारमा आधारित विकास, समावेशी विकास, सन्तुलित र सहअस्तित्वको विकासको ज्ञान प्रवाह गर्ने भावनालाई समेट्छ । जसले प्रत्यक्ष अप्रत्यक्ष महिला र सीमान्तीकृत समुदायका सवाललाई प्रतिनिधित्व गर्छ ।

## ५.२ पूर्वाञ्चल विश्वविद्यालय

अध्येय पाठ्यक्रमहरू मध्ये दुईतिहाइ त पू.वि.अन्तर्गत सञ्चालित स्नातक तथा स्नातकोत्तर तहका रहेको तथ्याङ्कले नेपालमा सञ्चार विधाको उच्चशिक्षा प्रवर्द्धनका लागि यस संस्थाको भूमिकालाई अवश्यै इङ्गित गरे तापनि तीमध्ये कुनै पनि शैक्षणिक कार्यक्रम पू.वि. आफैले सञ्चालन नगरेको, केवल सम्बन्धनप्राप्त निजी क्षेत्रका कलेजहरूमा मात्र ती कार्यक्रमहरू सञ्चालित रहेका तथा पू.वि.मा पत्रकारिता सम्बन्धित कुनै विभाग त के कुरा, एकजना मात्र पनि शिक्षक समेत नरहेको तथ्यहरूलाई समेत ख्याल राख्दाचाहिँ धेरै सवालहरू पैदा हुन्छन् । एकातिर औपचारिक रूपमा पू.वि. नै पाठ्यक्रमको तर्जुमा गर्ने आधिकारिक संस्था हो भने अर्कोतिर सम्पूर्ण पाठ्यक्रमात्मक प्रक्रियामा सम्बन्धनप्राप्त कलेजहरू नै निर्णायकजस्तो देखिएको अवस्था छ ।

### ५.२.१. बृहद संस्थागत संरचना

#### क) पाठ्यक्रम परिमार्जन प्रावधान

विषय समितिले गरेको परिमार्जन प्रस्ताव प्राज्ञिक समितिले पास गरेपछि कार्यान्वयन हुने । विषय समिति स्थायी प्रकृतिको हुने ।

#### ख) पाठ्यक्रम परिमार्जनको नियमितता

विश्वविद्यालय ऐनमा प्रष्ट उल्लेख नभएको । मिडिया प्रविधि तर्फ स्नातकोत्तर तहमा हरेक दुई वर्षपछि परिमार्जन हुने, तर

पहिलोपटक तीन वर्षपछि हुने उल्लेख भएको भए तापनि अहिले पाँचौं वर्ष पूरा हुँदा पनि परिमार्जन नभएको ।

**ग) परिमार्जनका आधार**

कलेजको माग अनुसार हुदै आएको ।

**घ) स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता**

पाठ्यक्रम निर्माणको सन्दर्भमा स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता विषय समितिमा निर्भर रहने देखिन्छ । पू.वि.मा हालसम्म पनि पत्रकारितासम्बद्ध कुनै विभाग नरहेको हुनाले विश्वविद्यालयमा सम्बन्धित विषयका स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता छैन । सम्बन्धनप्राप्त कलेजहरूमा सञ्चालकहरूका अनुकूलताअनुसार स्रोत व्यक्ति/विशेषज्ञहरूको व्यवस्था भएको देखिन्छ ।

**ङ) विषय समितिको संरचना**

पूर्वाञ्चल विश्वविद्यालसँग सम्बन्धनप्राप्त कलेजबाट र अन्य विज्ञहरूको समेतको प्रतिनिधित्व हुने गरी नौ सदस्यीय समिति । हालको समितिमा एकजना मात्र महिला र अरू सबै पुरुष सदस्य ।

### ५.२.२. पाठ्यक्रममा विद्यार्थीको पहुँच

**क) विश्वविद्यालयले प्रदान गरेका पाठ्यक्रमको संख्या**

स्नातक तह - ३ (आमसञ्चार तथा पत्रकारिता, मिडिया प्रविधि र लिबरल आर्ट्स्)

स्नातकोत्तर तह - ३ (मिडिया प्रविधि, विकास सञ्चार र आमसञ्चार तथा पत्रकारिता)

**ख) पाठ्यक्रममा पहुँच र धान्ने अवस्था**

स्नातकका लागि जुनसुकै विषयमा १२ कक्षा उत्तीर्ण गरेकाले र स्नातकोत्तर तहका लागि जुनसुकै विषयमा स्नातक उत्तीर्ण गरेकाले भर्ना पाउने ।

भाषागत हिसाबमा पहिलो प्राथमिकता अङ्ग्रेजी र दोस्रो नेपाली

रहेको छ । अरू भाषामा पढाइ हुँदैन ।

स्नातक तहमा न्यूनतम दुई लाख रूपैयाँ र स्नातकोत्तर तहमा न्यूनतम एक लाख रूपैयाँ शुल्क लाग्ने (कलेज अनुसार शुल्क संरचनामा विविधता) ।

**ग) कलेज र रोजगारदाता संस्थाबीचको क्रियाशील सम्बन्ध**

कलेजमा अध्ययन सकेपछि विद्यार्थीहरू मिडियासम्बन्धी संस्थाका कार्यरत रहेका, मिडियामा काम गर्नेहरू अध्ययन र अध्यापन दुवैमा संलग्न । तर संस्थागत रूपमा कलेज र मिडिया संस्थाबीच सम्बन्ध र समन्वयको अभाव ।

### ५.२.३. मूल ज्ञान र सीप

**क) खास विषयवस्तु (बिट रिपोर्टिङ) मा विशेष ज्ञान र सीप**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत छैटौं सेमेस्टरमा Applied Reporting विषयमा राजनीति, व्यापार व्यवसाय, अपराध, अदालत, जन्ममृत्यु आदि र ग्रामीण पर्यटन पत्रकारिता, पाँचौं सेमेस्टरमा स्वास्थ्य र वातावरण, तेस्रो सेमेस्टरमा विकास पत्रकारिता, लैङ्गिक तथा मानवअधिकार सम्बन्धी पाठ्यक्रम रहेको र यी विषयमा समाचार सङ्कलनको सीपबारे समेत ज्ञान दिने व्यवस्था । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत दोस्रो सत्रमका Conflict and Peace Journalism, चौथो र छैटौं सत्रमा Photo Journalism राखिएको, पाँचौं सत्रमा Journalism and Media Issues मा Celebrity Journalism र Public Journalism भन्ने शीर्षक राखिएको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा समाचार सङ्कलन तथा सम्पादनकला सम्बन्धी पाठ्यक्रम, तेस्रो सेमेस्टरमा छापा वा रेडियो वा टेलिभिजन कुनै एक विषयमा विशेषज्ञता हासिल गर्ने पाठ्यक्रम । विकास सञ्चार अन्तर्गत दोस्रो सत्रमा Photo

Journalism, चौथोमा Science and Environment Journalism, Role of Communication in Conflict Analysis and Conflict Analysis, Health Journalism विषय रहे पनि यसलाई बीट रिपोर्टिङ मान्न सकिँदैन । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सत्रमा Advance Reporting and Editing विषय रहेको छ । रिपोर्टिङका विषयमा नयाँ सीपको व्यवस्था छ । चौथो सत्रमा Media and Gender, Development Journalism, Science and Environmental Journalism र Court Reporting अलग विषय राखिएको, तर थप चार विषय समेत गरी आठ विषयमध्ये दुई विषय मात्र पढ्नु पर्ने व्यवस्था ।

**ख) सूचनाको हक, प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, कानूनी प्रावधान, मानहानी, गालीबेइज्जती र अदालतको अवहेलनाबारेको बुझाइ**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत दोस्रो सेमेस्टरमा Media Law and Ethics विषयमा यी सबै विषयको अध्यापन हुने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत तेस्रो सेमेस्टरमा Media Laws भन्ने विषयमा यी शीर्षकमा पढाइने । आचारसंहिताबारे प्रष्ट उल्लेख नभए पनि प्रेस काउन्सिल ऐन राखिएको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा Media Laws विषयमा नेपाल र एशियाको अभ्यासका साथै शीर्षक अनुरूपका विषयमा अध्यापन पढाइने । विकास सञ्चार अन्तर्गत यो विषय राखिएको छैन । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा Media Laws विषयमा पढाइने ।

**ग) विभिन्न विषयका सूचना र समाचारलाई विश्वसनीय बनाउन खोज सम्बन्धी ज्ञानः**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा News Reporting

र News Editing विषयमा समाचार सङ्कलनमा यसको विश्वसनीयता बढाउनेबारे पढाइ हुने । दोस्रो सत्रमा Reporting & Writing तथा छैटौं सत्रमा Applied Reporting र Applied Editing दुई अलग विषय पढाइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा News Reporting मा Reporting Process र तेस्रो सत्रमा News Writing and Editing मा Editing Principles पढाइने ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा Principles of Reporting & Editing विषयमा समाचार सङ्कलनमा यसको बिश्वसनीयता बढाउने विषयमा पढाइने । विकास सञ्चार अन्तर्गत विकास समाचारका सन्दर्भमा दोस्रो सत्रमा Communication Methods and Practices for Developpment Support र तेस्रो सत्रमा Planning and Implementing Communication Campaign for Development विषय राखिएको छ । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा Media Laws विषय पढाइने ।

## घ) प्रविधिबारे अद्यावधिक ज्ञान र सीप

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा Computer Technology, दोस्रो सेमेस्टरमा Interactive Media, चौथो सेमेस्टरमा Web Design र Multimedia, पाँचौं सेमेस्टरमा Computer Graphics and Animation विषयको पढाइ हुने र सबै विषयमा सीपका लागि प्रयोगात्मक गराइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत तेस्रो सत्रमा Web Development विषय रहेको, तर प्रविधिका अन्य पक्षबारे अध्ययनको व्यवस्था नरहेको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत दोस्रो सेमेस्टरमा Interactive Communication विषय पढाइने । विकास सञ्चार अन्तर्गत पहिलो सेमेस्टरमा Radio Program Writing, Design and Production र तेस्रो सेमेस्टरमा Television and Video Production विषयमा प्रसारण क्षेत्रका सामान्य प्रविधि उल्लेख छन् । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा Fundamental of Information System पढाइने । दोस्रो सेमेस्टरमा अनलाइन प्रकाशनबारे जानकारी गराउन Advanced Concepts in Electronic Publication अध्यापन पढाइने । तेस्रो सेमेस्टरमा Multimedia Applications पढाइने । चौथो सेमेस्टरमा Cyber Publishing पढाइने ।

## ङ) आधारभूत पत्रकारिता लेखन सीप

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा दुई विषय News Reporting / News Editing र दोस्रो सत्रमा Reporting & Editing विषयमा समाचार सङ्कलन तथा लेखनबारे अध्यापन गराइने र छैटौं सत्रमा Applied Reporting / Applied Editing दुवै विषय पढाइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सत्रमा News Reporting र तेस्रो सत्रमा News Writing and Editing विषय पढाइने, तर यसमा प्रयोगात्मक कक्षा नरहेको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा Principles of News Reporting & Editing विषयमा खोजीका आधारमा लेख्न सिकाइने । विकास सञ्चार अन्तर्गत पहिलो सत्रमा Radio Program Writing, Design and Production र तेस्रो सत्रमा Television Technique विषयमा नै लेखनसीपका केही कला उल्लेख छन् । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत

पहिलो सत्रमा आधारभूत मात्र नभई Advanced Reporting and Editing पढाइने ।

च) **खोजका आधारमा समाचार लेखन सीप**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत ३(ख) मा उल्लेख भए अनुसार विभिन्न सेमेस्टरमा बीट तथा विशिष्टिकृत रिपोर्टिङ्को अध्यापनमा समाचारको खोजी कलाबारे पनि अध्यापन गराइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत छुट्टै विषय नरहेको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत खोजी पत्रकारिताका विषयमा अलग्गै पढाइ हुने नगरेको । विकास सञ्चार अन्तर्गत खोजी पत्रकारिताको अलग्गै विषय छैन । तेस्रो सेमेस्टरको Planning and Implementing Communication Campaign for Development विषयमा अनुसन्धानका केही पक्षबारे छलफल हुने देखिन्छ । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत खोज पत्रकारिताको सीप नसिकाइने, तर दोस्रो सेमेस्टरमा Research in Mass Communication पढाइने ।

यसरी, सामान्यत: विधागत ज्ञानको अभाव देखिँदैन । बीट रिपोर्टिङमा मिडिया प्रविधिको स्नातक तह बाहेकका विषयमा पर्याप्त ज्ञान र सीप दिने पाठ्यक्रम देखिएन । पत्रकारितामा मिडियाको विशेषज्ञताका साथै विषयको विशेषज्ञता पनि बढ्दै गएको अवस्थामा यसलाई प्राथमिकतामा राख्न जरूरी छ । प्रविधिका हकमा पनि मिडिया प्रविधिको स्नातक तह बाहेक बढ्दो कम्प्युटर प्रविधिलाई आत्मसात गर्ने गरी अरू पाठ्यक्रम पर्याप्त छैनन् । लेखन विधि अध्यापन गराइए पनि अभ्यास गराउनै पर्ने व्यवस्था देखिएन । सैद्धान्तिक शिक्षा ज्यादा र व्यावहारिक अभ्यास कम भएको पाइयो । साथै व्यावहारिक अभ्यासकालागि प्रयोगशाला भए नभएको र अभ्यास अनिवार्य रूपमा गराइएको वा नगराइएकोबारे अनुगमन गर्ने व्यवस्था

राख्नु पर्ने देखिन्छ ।

### ५.२.४. लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले विद्यार्थीलाई दिने ज्ञान र सीप

**क) पाठ्यक्रमले समेटेका मिडिया कानुन, आचार संहिता, नीति र नियम**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत दोस्रो सेमेस्टरमा Laws and Ethics in Media विषयमा नेपालका मिडिया कानुन र आचारसंहिताबारे अध्यापन गराइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत तेस्रो सेमेस्टरमा Media Laws भन्ने विषयमा यी शीर्षकमा पढाइने, आचारसंहिताबारे प्रष्ट उल्लेख नभए पनि प्रेस काउन्सिल ऐन राखिएको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा नै Laws and Ethics in Media विषयमा नेपाल र एसियाका मिडिया कानुन र आचारसंहिता र सूचनाका हकबारे पढाइने । विकास सञ्चार अन्तर्गत यसबारे पढाइ हुँदैन । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा नै Media Laws बारे पढाइने ।

**ख) मिडिया मार्फत लोकतन्त्र र मानव अधिकार प्रवर्द्धनका लागि पाठ्यक्रमले ल्याउने सचेतना**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत तेस्रो सेमेस्टरमा Media Issues (Human Rights and Gender) विषयमा यसको जानकारीका साथै रिपोर्टिङ सीपबारे पढाइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पाँचौँ सेमेस्टरमा Media, Human Rights and Democracy बारे छुट्टै विषय पढाइने ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत यो विषय नरहेको । विकास सञ्चार

अन्तर्गत विकाससँग जोडिएका पक्षलाई लोकतन्त्र र मानव अधिकार मान्ने हो भने धेरै विषय छन् भन्न सकिन्छ । तर लोकतन्त्र र मानव अधिकारबारे छुट्टै कुनै विषय छैन । आमसञ्चार तथा पत्रकारिताअन्तर्गत यो विषय नरहेको ।

**ग) पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत चौथो र पाँचौं सेमेस्टरमा समाजशास्त्रबारे पढाइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत सामाजिक विषय नराखिएको, साथै प्राविधिक विषयमा बाहेक प्रयोगात्मक पक्ष नराखिएको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत दोस्रो सेमेस्टरमा Principles of Reporting and Editing विषयमा News after News शीर्षकमा समाचार विश्लेषण, टिप्पणी र समाचार फिचरबारे ज्ञान र सीप दिइने । विकास सञ्चार अन्तर्गत चौथो सेमेस्टरको Conflict मा Analysis / Resolution का पक्षहरू छन्, तर समाचार विश्लेषण वा टिप्पणीका हिसावले कुनै अलग विषय छैन । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत Advance Reporting and Editing विषयमा समाचार विश्लेषण र समाचार फिचरबारे पढाइने ।

**घ) पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञान**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत छैटौं सेमेस्टरमा Applied Reporting र Applied Editing मा यसबारे पढाइने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत तेस्रो सेमेस्टरमा Media in Conflict Management, चौथो सेमेस्टरमा Media and Security Organizations, पाँचौ सेमेस्टरमा Journalism and Media Issues, छैटौं सेमेस्टरमा Development and Public Communication Journalism विषय राखिएको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा Principles of Reporting and Editing विषयमा Specialized Reporting प्राध्यापन गराइने र यसमा समाचारका विविधताबारे उल्लेख भएको । विकास सञ्चार अन्तर्गत दोस्रो सेमेस्टरमा Photo Journalism, चौथोमा Science and Environment Journalism, Role of Communication in Conflict Analysis र Health Journalism विषयलाई नै बहुविधा मान्नु पर्ने देखिन्छ । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा नै Advance Reporting and Editing विषयमा यसबारेमा उल्लेख भएको ।

**ङ) आधुनिक वातावरणकालागि मिडिया साक्षरता सम्बन्धी पाठ्यक्रम**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत यो विषय नरहेको । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत यो विषय नरहेको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत चौथो सेमेस्टरमा Media Literacy विषय नै राखी बृहद ज्ञान दिइने । विकास सञ्चार अन्तर्गत यो विषय नरहेको । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत यो विषय नरहेको ।

यसरी, स्नातकोत्तर तहको विकास सञ्चारको पाठ्यक्रममा बाहेक अरू तह र विधामा कानुन र आचारसंहिताबारे विषयको जानकारी पर्याप्त हुने गरी अन्तर्वस्तु राखिएको देखिन्छ । मानव अधिकारकाबारे स्नातक तहमा केही हदसम्म पढाइने भए पनि स्नातकोत्तर तहमा यसले स्थान पाएको छैन । स्वतन्त्र विचार र टिप्पणीका हकमा बहुविधाको ज्ञान र लेखन सीपमा अभ्यासको कमी देखिन्छ । स्वतन्त्र पत्रकारिताका लागि लोकतन्त्रको आवश्यकता र महत्त्वका विषयमा पाठ्यक्रम पर्याप्त छैन ।

### ५.२.५. पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता

**क) लोकतन्त्रको संस्थागत विकासमा पत्रकारको भूमिका**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत यसबारे छुट्टै विषय नरहेको, तर Human Rigths and Gender मा लोकतन्त्रका विषयमा पढाइ हुने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पाँचौं सेमेस्टरमा Media, Human Rights and Democracy विषयमा यसबारे पढाइने ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत यसबारे खासै उल्लेख नभएको । विकास सञ्चार अन्तर्गत छुट्टै विषय नरहेको । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत Modern Journalism: Principles and Trends विषयमा पत्रकारिताका आयाम परिवर्तनका सन्दर्भसँगै लोकतन्त्रबारे छलफल हुने ।

**ख) लोकतन्त्र र विकासको प्रवर्द्धनकालागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारेको ज्ञान**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत पाँचौं सेमेस्टरमा Development Journalism विषयमा पढाइ हुने तथा अरू रिपोर्टिङका विषयमा राजनीतिक विषयमा छलफल हुने भए पनि यो समग्र शीर्षक जोडेर पढाइ नहुने । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पाँचौं सेमेस्टरमा Media, Human Right and Democracy विषयमा यसबारे अध्यापन गराइने । तर उपर्युक्त शीर्षक उल्लेख नभएको ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत दोस्रो सेमेस्टरमा Development Communication विषयमा खोजीका आधारमा लेखन सिकाइने । विकास सञ्चार अन्तर्गत विभिन्न विषयमा यी बुँदाहरू समेट्ने गरी उल्लेख भएको । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत

दोस्रो सेमेस्टरमा Evolution of Nepali Media and Trends विषयमा लोकतन्त्र र मिडिया विकासका पक्षमा प्राध्यापन हुने तर आर्थिक, राजनीतिक, सामाजिक र साँस्कृतिक पक्षलाई जोडेर विधागत छलफल नहुने ।

### ५.२.६. पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक अंशबीचको सन्तुलन

**क) हरेक विषयमा सैद्धान्तिक र प्रयोगात्मक व्यवस्था**

स्नातक तह :

मिडिया प्रविधि अन्तर्गत विभिन्न सत्रमा प्रसारण, समाचार सङ्कलन तथा सम्पादन र कम्प्युटर प्रविधिसँग जोडिएका सबै विषयमा प्रयोगात्मक अङ्क रहेको । यी सबै विषयमा आन्तरिक परीक्षा २० र बाह्य परीक्षा २० अङ्कको हुने गरेको । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत दोस्रो सेमेस्टरमा Radio Journalism, तेस्रो सेमेस्टरमा Web Development, चौथो सेमेस्टरमा Basics of Photo Journalism र छैटौँ सेमेस्टरमा TV Program Production र Advance Photos and Visual Communication हरेक विषयमा आन्तरिक र बाह्य २०/२० अङ्कको प्रयोगात्मक परीक्षा हुने व्यवस्था रहेको । अरू कुनै पनि विषयमा प्रयोगात्मक परीक्षा नहुने ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा Laws and Ethics in Media मा १० अङ्क, Art of Writing (English) र लेखन कला (इच्छाधीन) मा ३० अङ्क र IT Applications in Media मा २० अङ्कको आन्तरिक परीक्षा हुने गरेको छ । दोस्रो सेमेस्टरमा Managing the Media, Marketing Communications, Development Communication, Interactive Communication / International Communication विषयमा आन्तरिक २० अङ्कको प्रयोगात्मक हुने । तेस्रो सेमेस्टरमा छापा, रेडियो र टेलिभिजन फरक

विधाका अध्ययनमा Evolution of Media, (Specific) Media Technology, (Specific) Media Production Technique र Writing for (Specific) Media मा आन्तरिक ३० अङ्क र Mass Media Research मा आन्तरिक ३० प्रयोगात्मक अङ्क रहेको छ । (Specific) Media Production Technique मा बाह्य १०० अङ्कको अलग प्रयोगात्मक परीक्षा हुने गरेको छ ।

विकास सञ्चार अन्तर्गत पहिलो सेमेस्टरमा Radio Program Writing, Design and Production र दोस्रो सेमेस्टरमा Use of Traditional and Folk Media for Development दुवैमा आन्तरिक २० र बाह्य २० अङ्क पाउने गरी प्रयोगात्मक राखिएको ।

आमसञ्चार तथा पत्रकारिता अन्तर्गत पहिलो सेमेस्टरमा Fundamentals of Information System मा आन्तरिकमा ४० अङ्क, दोस्रो सेमेस्टरमा Research in Mass Communication मा २५ अङ्क आन्तरिक प्रयोगात्मक, Advanced Concepts in Electronic Publication मा ४० अङ्क नै आन्तरिक, Multimedia Applications मा आन्तरिक र बाह्य दुवैमा २०/२० अङ्क, Print Journalism मा आन्तरिकमा २० अङ्क, Broadcast Journalism मा आन्तरिक ५० र बाह्य ३० अङ्क, चौथो सेमेस्टरमा Media Management मा आन्तरिक २० अङ्क, बीट रिपोर्टिङका विषय मानिएका मध्ये Cyber Publishing मा आन्तरिक ८ र बाह्य २० बाहेक अरू विषयमा प्रयोगात्मक अङ्क नै नराखिएको, केवल सैद्धान्तिक ज्ञान दिइने ।

**ख) प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र**

स्नातक तह वा स्नातकोत्तर तह कतै पनि यस्तो संयन्त्र नरहेको ।

**ग) प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्ने निर्देशिका**

स्नातक तह वा स्नातकोत्तर तह कतै पनि यस्तो निर्देशिका

नरहेको ।

घ) **विद्यार्थीलाई कार्य क्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रावधानः**

स्नातक तह र स्नातकोत्तर तहमा प्रयोगात्मक अङ्क निर्धारण गरिएका कारण कार्य क्षेत्रमा पठाउने र प्रयोगशालामा व्यस्त बनाउनु पर्ने पाठ्यक्रमको उद्देश्य देखिन्छ । शिक्षण अनुमति दिनु अगाडि प्रयोगशाला भए/नभएको अनुगमन गर्ने प्रावधान पनि छ । तर पठनपाठनका क्रममा नियमित अनुगमनको व्यवस्था भने छैन ।

ङ) **इन्टर्नसीप**

स्नातक तह र स्नातकोत्तर तह दुवैको अन्तिम सेमेस्टरमा कुल १०० अङ्कको स्नातक तहमा ६ हप्ता र स्नातकोत्तर तहमा दुई महीनाको इन्टर्नसीप अनिवार्य रहेको छ । यसको सम्पूर्ण मूल्याङ्कन बाह्य परीक्षकबाट हुने व्यवस्था छ ।

समाचार सङ्कलन र सम्पादनका विषयमा पठनपाठन गराउने, तर लेखन अभ्यास नगराउनाले ज्ञान धेरै, तर सीप शून्यको अवस्था देखिन्छ । रेडियो, टेलिभिजन र कम्प्युटरका विषयमा प्रयोगात्मक परीक्षा हुने देखिए पनि अरू लेखन पक्षलाई प्राथमिकता दिएको देखिएन । अर्थात् लेखन विधि पढाइए पनि अभ्यास गराउनै पर्ने व्यवस्था देखिएन । सैद्धान्तिक शिक्षा ज्यादा र व्यावहारिक अभ्यास कम भएको पाइयो । साथै व्यावहारिक अभ्यासकालागि प्रयोगशाला भए नभएको र अभ्यास अनिवार्य रूपमा गराइएको वा नगराइएकोबारे अनुगमन गर्ने व्यवस्था देखिएन ।

### ५.२.७. पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता

क) **पाठ्यक्रमको आवश्यकता अनुसार नेपाली र अङ्ग्रेजी दुवै भाषामा सामग्रीको उपलब्धता**

स्नातक तह र स्नातकोत्तर तहका पाठ्यपुस्तक तोकिएका छैनन्, तर सन्दर्भ सामग्रीहरू अङ्ग्रेजी भाषामा धेरैजसो भारतीय लेखकका पुस्तक उल्लेख भएका पाइन्छन् । कतिपय नेपाली

भाषाका लेखकहरूले अङ्ग्रेजी भाषाका पुस्तक वा अनलाइनमा आधारित भएर सन्दर्भ पुस्तकको रूप दिने प्रयास भएको पाइन्छ । तर पाठ्यक्रममा उल्लेखित सन्दर्भ सामग्रीमा धेरैजसो अमेरिकी लेखकहरूको राख्ने र बजारमा कम मात्र पुस्तक उपलब्ध हुने गरेको पाइन्छ ।

**ख) उपकरण सहितको पत्रकारिता प्रयोगशाला (फोटो स्टुडियो, कम्प्युटर कक्ष, रेडियो स्टेशन, टीभी स्टुडियो र पुस्तकालय)**

शिक्षण अनुमति दिनु अगाडि विश्वविद्यालयबाट यस्ता प्रयोगशाला भए/नभएको अनुगमन गर्ने प्रावधान पनि छ । पुस्तकालय र कम्प्युटर कक्ष सीमित रूपमा देखिने भए पनि सबै कलेजमा अरू प्रयोगशाला भएको पाइँदैन ।

**ग) माग अनुसारको वैकल्पिक विषय रोज्न पाउने व्यवस्था**

मिडिया प्रविधि र आमसञ्चार तथा पत्रकारिता दुवै पाठ्यक्रममा स्नातक तहमा वैकल्पिक विषय रोज्न पाउने व्यवस्था छैन ।

स्नातकोत्तर तह :

मिडिया प्रविधि अन्तर्गत पहिलो सेमेस्टरमा लेखनकला (नेपाली) वा Art of Writing (English) रोज्न पाउने व्यवस्था छ । तेस्रो सेमेस्टरमा छापा, रेडियो वा टेलिभिजनमध्ये एक विधा रोज्न पाइने भए पनि थप वैकल्पिक विषय रोज्न पाउने व्यवस्था छैन । विकास सञ्चार अन्तर्गत चौथो सेमेस्टरमा Communication for Development, International Communication, Science and Environment Journalism, Role of Communication in Conflict Analysis and Conflict Analysis र Health Journalism मध्ये दुई विषय छान्न पाइने व्यवस्था । आमसञ्चार तथा पत्रकारिता अन्तर्गत दोस्रो सेमेस्टरमा छापा र विद्युतीय पत्रकारिता मध्ये एक र चौथो सेमेस्टरमा Media and Gender, Development Journalism, Science and Environmental Journalism, Court Reporting, Public Journalism: Theories and Practices, International

Communication and Comparative Journalism, Alternative Media practices र Cyber publishing मध्ये कुनै दुई विषय रोज्न पाइने व्यवस्था छ ।

पाठ्यक्रम सामान्यत: पर्याप्त नरहेको तथा बजारमा उपलब्ध सन्दर्भ सामग्री नपढ्ने प्रवृत्ति विद्यार्थीमा बढेको छ । विद्यार्थी शिक्षकले दिने सामग्री (Handouts) मा निर्भर रहने, तर शिक्षकले यसलाई अद्यावधिक नगर्ने अर्को समस्या छ । कतिपय कलेजका पुस्तकालयमा पर्याप्त पुस्तक छैनन् । बजारमा उपलब्ध पुस्तक सबै विद्यार्थीले किन्न सम्भव पनि छैन । अर्कोतिर मिडिया प्रविधिको स्नातकोत्तर तहमा बाहेक पत्रकारिताका विभिन्न विधागत विषय छापा, रेडियो, टेलिभिजन र अनलाइनको अलग वा पर्याप्त अध्ययनको विकल्प छैन । विषयगत विशिष्टीकरण हुँदै गएको नयाँ समयमा पत्रकारिताका परम्परावादी विषयको अध्ययन अध्यापन भइरहेको छ । समाचारका बीटमा पर्याप्त छलफल र अभ्यास गर्ने खालको पाठ्यक्रम छैन ।

मिडिया अध्येतालाई बाह्य ज्ञानको जति जानकारी आवश्यक हुन्छ, त्यस अनुसारका विषयहरू समेटिएका छैनन् । स्नातक तह तीन वर्षमा नै सीमित छ । यसलाई चार वर्षको गराउन आवश्यक छ । स्नातकोत्तर तह आम सञ्चार तथा पत्रकारितामा हरेक सत्रमा परियोजना कार्य गराउने प्रावधान मिडिया प्रविधिको सोही तहमा छैन । स्नातक तहमा युनेस्कोले प्रस्ताव गरेको तीन वर्षे डिप्लोमा पाठ्यक्रममा पत्रकारिताको आधारशीलाका रूपमा तर्क, प्रमाण र अनुसन्धान विषय राखिएको छ । यो खालको पाठ्यक्रम पू.वि.का कुनै पनि पाठ्यक्रममा समावेश छैन ।

पाँचौं र छैटौं सत्रमा पत्रकारिताका इच्छाधीन विषयहरूमा- द्वन्द्व, प्राकृतिक प्रकोप, विकास, राजनीति, अन्तर्राष्ट्रिय, जनस्वास्थ्य, वातावरण शिक्षा, सामाजिक आन्दोलन, खेलकुद, व्यवसाय, विज्ञान, कला संस्कृति, फोटो, प्रसारण, समाचार सम्पादन जस्ता पत्रकारिताका बीट वा मूलधारका विषय राखिएको छ ।

मिडिया व्यवस्थापन, मिडिया अर्थशास्त्र पनि इच्छाधीन विषयमा राखिएको छ । तर पू.वि.को पाठ्यक्रममा यी अधिकांश विषयलाई पत्रकारिताको मूल विषयकै रूपमा समेटिएको छ । अर्थात् अनिवार्य पढ्नु पर्छ । केही बीट रिपोर्टिङका रूपमा छन् । स्नातक तहमा भाषागत विषय बाहेक इच्छाधीन विषय राखिएको छैन ।

युनेस्को पाठ्यक्रममा सबै सत्रमा कला विज्ञानका विषय राखिएको छ । पू.वि.को पाठ्यक्रममा मिडिया प्रविधितर्फ दुई सेमेस्टरमा समाजशास्त्रको पाठ्यक्रम राखिएको छ । लैङ्गिक र मानव अधिकार, स्वास्थ्य र वातावरण, ग्रामीण पर्यटन जस्ता विषयलाई मिडिया रिपोर्टिङसँग जोडेर राखिएको छ । आमसञ्चार तथा पत्रकारितातर्फ Regional Conflict विषयलाई राखिएको छ । सामान्य ज्ञानको अलग विषय कतै पनि राखिएको छैन ।

स्नातकोत्तर तहमा युनेस्को पाठ्यक्रममा रहेका विषय र पू.वि.का विषयमा खासै अन्तर छैन । तर युनेस्कोको पहिलो सत्रमा समाचार सङ्कलन, लेखनमा राखिएका समाजसँग जोडिएका लिङ्ग, जाति, जातीयता, धर्म, सामाजिक विभेद, गरीबी विकार, जनस्वास्थ्य जस्ता विषयमा विश्लेषणात्मक लेखनको तालिम शैलीमा पढाउने सन्दर्भ भने नेपाली पाठ्यक्रमसँग मेल खाँदैन । स्नातक तहको कुनै एक विषयलाई हरेक सत्रमा जोड्ने युनेस्को प्रावधान नेपालमा पनि छ । अर्थात् स्नातक तहको मिल्दोजुल्दो विषय स्नातकोत्तर तहमा पनि छन् ।

युनेस्को पाठ्यक्रममा विषयगत हिसाबमा पनि पत्रकारिताको मूल विषय कम र कला र विज्ञानका विषयलाई बढी राखिएको छ । अझ स्नातकोत्तर तहमा युनेस्कोले पत्रकारिता ३० प्रतिशत र अन्य विधागत विषय ७० प्रतिशत राखेको छ । तर पू.वि.मा कला र विज्ञानका विषय नगण्य, बरू प्रविधिका विषय बढी (खासगरी मिडिया प्रविधिमा) राखेको छ । मूल प्राथमिकता पत्रकारिता विषयलाई नै दिइएको छ ।

युनेस्को पाठ्यक्रममा इन्टर्नसीप दोस्रो र तेस्रो वर्षका बीचमा राखिएको छ, तर पू.वि.मा हरेक तहमा अन्तिम वर्षको अन्तिम सत्रमा मात्र राखिएको छ ।

पू.वि.मा विद्यार्थीको मूल्याङ्कन अन्तिम परीक्षामा गर्ने प्रावधान छ । अधिकांश विषयमा स्नातक तहमा २० प्रतिशत आन्तरिक र ८० प्रतिशत बाह्य परीक्षाका आधारमा मूल्याङ्कन हुन्छ । केही प्राविधिक विषयमा मात्र प्रयोगात्मक २०/२० आन्तरिक र बाह्य राखेर ४० प्रतिशत मात्र अन्तिम परीक्षा हुने गर्छ । स्नातकोत्तर तहमा केही प्राविधिक विषयमा बाहेक आन्तरिक ४० र बाह्य ६० प्रतिशतका आधारमा परीक्षा लिने गरको छ । प्राविधिक विषयमा प्रयोगात्मक २० प्रतिशत सहित अन्तिम परीक्षा ४० अङ्कको हुने गरेको छ । युनेस्कोले भने आन्तरिक परीक्षा, गृहकार्य, कक्षा उपस्थिति समेत गरेर ७० प्रतिशतसम्म र अन्तिम परीक्षा ३० प्रतिशत राखेको छ ।

युनेस्कोले शिक्षालाई बढी प्रयोगात्मक बनाउन खोजेको छ । पू.वि.का सन्दर्भमा पाठ्यक्रम बढी सैद्धान्तिक छ । नेपालमा मिडियामा काम गरेपछि अध्ययन गर्ने प्रवृत्ति छ र कलेजमा भर्ना भएका विद्यार्थीका सङ्ख्या हेर्दा मिडियामा काम गरिरहेकाहरूको बाहुल्य छ । तर काम नगरेका वा यो विषय नै अध्ययन नगरेका समेत विद्यार्थी एउटै समूहमा अध्ययन गर्ने हुँदा उनीहरूकालागि प्रयोगात्मक कक्षा अत्यन्त कम उपस्थित हुने गर्छन् ।

### ५.२.८. लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण

आमसञ्चार र पत्रकारिताको स्नातकोत्तर तह (MAMCJ) मा ऐच्छीक विषयमा Media And Gender विषय राखिएको छ । जसले विशेषगरी लैङ्गिक समानता र मुलप्रवाहीकरणमा जोड दिएको छ । यसमा Gender Concepts, gender and development, media practitioners and themes : gender community, globalization, Media and Gender : Trends and Practices in Nepal, Media and Violence against women जस्ता विषय समावेश छन् । तर

यो विषयलाई कलेजहरूले प्राथमिकता दिएको पाइँदैन ।

स्नातकोत्तर तहकै विकास सञ्चार अन्तर्गत तेस्रो सेमेस्टरमा पढाइ हुने Planning and Implementing Communication Campaign for Development मा महिलासम्बन्धी पाँचवटा शीर्षक छन् । यसमा Women and child development, women's education and gender awareness, women empowerment in the 10th plan, Health for working women, training and rehabilitation for women in distress छन् । Masters in Media Technology मा लैङ्गिक अध्ययन समेटिएको छ । स्नातक तहको पहिलो सेमेस्टरमा Introduction to Literature मा Feminism and feminist criticism, feminist literacy पढाइ हुन्छ । यसैको तेस्रो सेमेस्टरमा Socio Linguistic Discourse Analysis पढाइ हुन्छ जसमा Language and Gender शीर्षक छ । बी.एम.टी.मा महिलासम्बन्धी कुनै छुट्टै शीर्षक नभएपनि पाठ्यक्रमकै सिलसिलामा पढाइ हुने गरेको छ । तेस्रो सेमेस्टरमा पढाइ हुने Media Issues मा Gender Concept and Gender Balance शीर्षक छ । यसमा Gender discrimination, Portrayal of women in media, Gender and development, Sex and violence in media समेटिएको छ ।

संस्थागत रूपमा लैङ्गिक सहभागिता वृद्धि गर्न विश्वविद्यालयको कुनै विशेष कार्यक्रम छैन । हरेक कलेजले महिला, जनजाति, दलितलाई १० प्रतिशत छात्रवृति दिनुपर्ने उल्लेख छ । तर कलेजहरूले आफ्नै तजबीजमा निर्णय लिन्छन् ।

सञ्चार बहुलवाद र विविधतालाई पाठ्यक्रममा केही समावेश गरिएको छ । तर विस्तृतमा भने अध्ययन हुने गरेको छैन । विभिन्न विषयका शीर्षकमा यस्ता विषयवस्तु आंशिक मात्रामा राखिएको पाइन्छ । बी.एम.टी.को प्रसारण पत्रकारितामा समाज विज्ञानको आधार र सञ्चारमाध्यम, संस्कृति र समाज शीर्षकमा अध्यापन हुन्छ । यसैको दोस्रो सेमेस्टरमा बहुलवाद र कानुनको शासन शीर्षकमा

पढाइ हुन्छ । स्नातकोत्तर तहको पहिलो सेमेस्टरमा संस्कृति र लोकप्रिय संस्कृति, वैकल्पिक र सामुदायिक सञ्चारमाध्यम, सांस्कृतिक साम्राज्यवादी सिद्धान्त समेटिएको छ । स्नातकोत्तर तहकै तेस्रो सेमेस्टरमा पढाइ हुने Planning and Implementing Communication Campaign for Development मा महिलासम्बन्धी पाँचवटा पाठ्यक्रम छन् । यसमा Women and child development, women's education and gender awareness, women empowerment in the 10th plan, Health for working women, training and rehabilitation for women in distress छन् ।

समाज र जातीयताको सम्बन्धबारे पाठ्यक्रममा विशेष उल्लेख छैन । तर कुनै विषयभीत्र समेटेर अध्यापन हुने गरेको छ । स्नातकोत्तर तहको चौथो सेमेस्टरमा जनमुखी पत्रकारितामा सामाजिक उत्तरदायित्वको अवधारणा, सामाजिक रूपान्तरण, धार्मिक रूपान्तरण र सांस्कृतिक रूपान्तरण शीर्षक राखिएको छ । सामाजिक, सांस्कृतिक, राजनितिक र आर्थिक वृद्धिसँगै विकसित र परम्परागत लैङ्गिक भूमिकाबारे पाठ्यक्रममा उल्लेख भएको पाइएन ।

पाठ्यक्रममा पत्रकार सुरक्षाबारे कुनै शीर्षक छैन । यद्यपि, विभिन्न बिट रिपोर्टिङको क्रममा पत्रकारिता गर्दा अपनाउनुपर्ने सुरक्षाबारे पढाइ हुन्छ । तर महिलालाई नै लक्षित गरी पढाइएको पाइँदैन ।

### ५.२.९ लिबरल आर्ट्स्को पाठ्यक्रमबारे संक्षिप्त चर्चा

पू.वि.मा लिबरल आर्ट्स् विषयमा मा आठ सेमेस्टरको स्नातक तह पढाइ हुन्छ । यसले आधारभूत क्षेत्र (Foundation area), मुख्य क्षेत्र (Core area) र विशिष्टिकृत क्षेत्र (Specialized area) भनी तीनवटा क्षेत्र तोकेको छ । पहिलो सेमेस्टरमा आधारभूत, दोस्रो, तेस्रो र चौथो सेमेस्टरमा मुख्य र पाँचौ, छैटौँ, सातौँ र आठौँ सेमेस्टरमा विशिष्टिकृत क्षेत्रको पठनपाठन हुन्छ । पत्रकारिता विषय भने पहिलो, पाँचौँ, छैटौँ, सातौँ तथा आठौँ सेमेस्टरमा अध्ययन हुन्छ । पहिलो सेमेस्टरमा सबै विद्यार्थीले यो विषय अध्ययन गर्छन् । त्यसपछि २,

३ र ४ सेमेस्टरमा कुनै पनि विद्यार्थीले पत्रकारिता विषय अध्ययन हुँदैन । पाँचौ सेमेस्टरपछि विशिष्टिकरण अन्तर्गत पत्रकारिता विषय अध्ययन गर्ने र अन्य विषय अध्ययन गर्ने विद्यार्थीहरू छुट्टिन्छन् । पत्रकारिता अध्ययन गर्नेले पाँचौ देखि आठौँ सेमेस्टर सम्म १८ क्रेडिट आवर अध्ययन गर्छन् । सबै विद्यार्थीले अध्ययन गर्ने पहिलो सेमेस्टरमा आधारभूत क्षेत्रअन्तर्गत Introduction to Mass Communication and Journalism पढाइ हुन्छ । त्यसपछिका दोस्रो, तेस्रो र चौथो सेमेस्टरमा पत्रकारिताका कुनै पनि विषय अध्ययन हुँदैन । चौथो सेमेस्टरको पढाइपछि विद्यार्थीहरूलाई विकास अध्ययन अथवा मिडिया अध्ययन छनोटको अवसर हुन्छ । विशिष्टिकृत क्षेत्रअन्तर्गत मिडिया अध्ययन छनोट गर्ने विद्यार्थीहरूलाई पत्रकारिताका विविध विषय पढाउने गरिन्छ । जसमा पाँचौ सेमेस्टरमा History and Evolution of Journalism and Mass Media अध्ययन हुन्छ । यो विषयमा पत्रकारिताको विश्व इतिहास, प्रेस कानून, नेपालको पत्रकारिताको इतिहास, पत्रकार आचारसंहिता लगायतका विषय अध्ययन हुन्छ । त्यस्तै छैटौं सेमेस्टरमा Media Support Systems अध्ययन हुन्छ । यस अन्तर्गत जनसम्पर्क, विज्ञापन, मिडिया सहयोग व्यवस्था, मिडिया व्यवस्थापन लगायतका विषय अध्ययन हुन्छ । सातौँ सेमेस्टरमा Electronic Media अध्ययन हुन्छ । यस अन्तर्गत् रेडियो, टेलिभिजन, अनलाईन र फोटो पत्रकारिता सम्बन्धी अध्ययन हुन्छ । यो सेमेस्टरको विषयले विद्यार्थीहरूलाई पत्रकारिता तथा सञ्चार क्षेत्रमा आएका नयाँ नयाँ प्रविधि र मिडिया पद्धतिको जानकारी गराउने किसिमको पाठ्यक्रम तयार गरेको छ । आठौँ सेमेस्टरमा Media Management सँगै Project Work गराइन्छ । यसबाट विद्यार्थीलाई सञ्चार माध्यमको व्यवस्थापनको ज्ञान र सीपसँगै परियोजना कार्यहरू गराउने र त्यसको आधारमा उनिहरूको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान बढाउने प्रयत्न गरेको छ ।

समग्रमा यो चार वर्षे लिबरल आर्ट्स् अध्ययन गरेका विद्यार्थीहरूले युनेस्कोको नमूना पाठ्यक्रमले तोकेको धेरै पक्षहरूलाई

समेटेको पाइन्छ । उनीहरूले आर्थिक, सामाजिक, राजनीतिक लगायतका विभिन्न विषयको ज्ञान पाउने देखिन्छ अर्कोतर्फ पत्रकारिता विषयको अध्ययनबाट पनि मिडियाका विविध आयामको सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान हासिल गर्न सक्छन् । विद्यार्थीहरूमा अनुसन्धान विधि र तरिका सिकाउनु पर्ने कुरालाई पनि पाठ्यक्रमले समेटेको छ । त्यसैगरी विद्यार्थीको विशिष्टिकरण रिपोर्टिङ् सीप बढाउनका लागि अदालती रिपोर्टिङ्, आर्थिक रिपोर्टिङ्, संसदीय रिपोर्टिङ् जस्ता विषयलाई पनि समेटिएको छ । विद्यार्थीको दक्षता विकासका लागि आवश्यक पूर्वाधार व्यवस्थाको परिकल्पनासँगै तोकिएको शिक्षा दिनका लागि आवश्यक पाठ्यपुस्तकको सूची पनि दिइएको छ । यो विषयअन्तर्गत अध्ययन हुने अधिकांश विषय त्रि.वि.को तीन वर्षे स्नातक तहमा अध्ययन हुने पत्रकारिताका विषयहरूसँग मिल्दोजुल्दो देखिन्छ । महिला, बालबालिका र समाजका विविध विषयलाई पनि यहाँ समेटिएको छ ।

## ५.३ काठमाडौं विश्वविद्यालय

का.वि.ले मिडिया अध्ययनको स्नातक तह (Bachelor in Media Studies (बी.एम.एस.) को पाठ्यक्रम सन् २००६ देखि लागू गरेको हो भने स्नातकोत्तर तहको पाठ्यक्रमको प्रारम्भिक खाका विषय समितिमा प्रस्तुत भएको छ । यसरी हालसम्मको स्थितिमा का.वि.अन्तर्गत पत्रकारितासँग सम्बद्ध एक मात्र कार्यक्रमका रूपमा बी.एम.एस. रहेको छ । चार वर्ष अवधिको बी.एम.एस. कार्यक्रमलाई आठ सेमेस्टरमा विभाजन गरिएको छ । यो शैक्षणिक कार्यक्रम हाल स्कूल अफ् आर्ट्सको भाषा तथा आमसञ्चार विभाग अन्तर्गत सञ्चालित छ ।

का.वि.को भाषा तथा आमसञ्चार विभागको गठन पूर्ववर्ती नेपाली र अङ्ग्रेजी विभागहरूलाई मिलाएर सन् २००५ मा भएको थियो । मिडिया अध्ययनको पाठ्यक्रम निर्माण गर्दा तथा सन् २००६ मा बी.एम.एस.को पठनपाठन प्रारम्भ हुँदासम्म पनि भाषा तथा आमसञ्चार विभागमा मिडिया अध्ययनका विज्ञको उपस्थिति थिएन । नेपाली तथा अङ्ग्रेजीका अध्यापकहरूको पहलमा यसको पाठ्यक्रम निर्माण भएको थियो । पाठ्यक्रम

लागू भएको करिब एक वर्षपछि का.वि.ले सम्बन्धित विधा एवं विषयका विज्ञलाई पूर्णकालीन उपप्राध्यापकका रूपमा भाषा तथा आमसञ्चार विभागमा नियुक्त गर्‍यो, जसको फलस्वरूप मिडिया अध्ययनको पाठ्यक्रम तथा अन्तर्वस्तुमा सन् २००७ मै पहिलोपल्ट परिमार्जन गरिएको थियो । तत्पश्चात् पाठ्यक्रमको अन्तर्वस्तुको समीक्षा र पुनरवलोकन प्रत्येक सेमेस्टरमा गरिने एवं पाठ्यक्रममा समेटिएका विषयहरूको समष्टि संरचनाको समीक्षा र पुनरावलोकन प्रत्येक वर्ष गरिने अभ्यासको फलस्वरूप उक्त पाठ्यक्रममा पटक पटक परिमार्जन एवं परिष्कार भयो ।

सन् २०१३ मा का.वि., स्कूल अफ् आर्ट्स्ले मिडिया अध्ययन कार्यक्रमको समष्टि मूल्याङ्कन बाह्य विशेषज्ञबाट समेत गराएको थियो । उक्त मूल्याङ्कन पछि विशेषज्ञबाट भाषा तथा आमसञ्चार विभाग र मिडिया अध्ययन कार्यक्रमको विकासका लागि सुझाव सहितको प्रतिवेदन पेस भएको थियो । उक्त प्रतिवेदनले भाषा तथा आमसञ्चार विभागको संरचनागत सुधारका लागि दिएको सुझाव सन् २०१३ मै लागू गरियो । विभागको संरचनागत परिवर्तनपछि नयाँ नेतृत्वले मिडिया अध्ययनको पाठ्यक्रमलाई पूरै पुनः संरचना गर्ने निर्णय लियो । बी.एम.एस.को नयाँ पाठ्यक्रम सन् २०१४ को शैक्षिकसत्रदेखि लागू भइसकेको छ भने सन् २०१३ सम्मका समूहलाई भने पुरानै परिमार्जित पाठ्यक्रमअनुसार पठनपाठन गराइँदैछ । यसरी, हाल का.वि.मा बी.एम.एस.का पुरानो परिमार्जित र पूरै पुनः संरचित नयाँ गरी दुईवटा पाठ्यक्रमहरू चालु अवस्थामा छन् । सन् २०१३ सम्मका समूहलाई भने पुरानो पाठ्यक्रमअनुसार पठनपाठन गराइने र सन् २०१४ पछिका समूहलाई नयाँ पाठ्यक्रम लागू गर्दै जाने सङ्क्रमणकालीन व्यवस्थाअनुसार पुरानो पाठ्यक्रम सन् २०१७ देखि पूर्णतः विस्थापित हुनेछ । यस पृष्ठभूमिमा प्रस्तुत अध्ययनका लागि का.वि.का दुईवटा पाठ्यक्रम नै अध्येय सामग्रीमा समेटिएका भए तापनि नयाँ पाठ्यक्रम नै विश्लेषणको केन्द्रमा रहेको छ ।

### ५.३.१. बृहद संस्थागत संरचना

#### क) पाठ्यक्रम परिमार्जन प्रावधान

का.वि.को मिडिया अध्ययन विषय समिति नै पाठ्यक्रमको तर्जुमा,

पुनरवलोकन, परिमार्जन एवं विकासका लागि मुख्य जिम्मेवार निकाय हो । पाठ्यक्रममा हुने आमूल परिवर्तनबारे विषय समितिको निर्णय भने डीन कार्यालयको समन्वयमा फ्याकल्टी बोर्ड हुँदै का.वि.को प्राज्ञिक परिषद्मा पुगी अनुमोदित भएर औपचारिकता प्राप्त गर्दछ ।

### ख) पाठ्यक्रम परिमार्जनको नियमितता

का.वि.मा पाठ्यक्रमात्मक प्रक्रिया ९अगचचष्अगबिच उचयअभकक० व्यवस्थित एवं गतिशील देखिन्छ । पाठ्यक्रमको अन्तर्वस्तुको समीक्षा र पुनरवलोकन प्रत्येक सेमेस्टरमा गरिने एवं पाठ्यक्रममा समेटिएका विषयहरूको समष्टि संरचनाको समीक्षा र पुनरावलोकन प्रत्येक वर्ष गरिने अभ्यास रहेको छ भने केही वर्षको अन्तरालमा पूर्ण रूपमा नै नयाँ पाठ्यक्रम बनाइन्छ (हरेक वर्ष पाठ्यक्रममा परिमार्जन गर्छौं, वि.सं. २०७१, पृ. ५) । यस्तो अभ्यासले पाठ्यक्रममा समयसापेक्ष सुधारको व्यवस्थालाई संस्थागत तवरले नै नियमित गराएको छ ।

### ग) परिमार्जनका आधार

डीन कार्यालयले पाठ्यक्रमात्मक प्रक्रियाको अनुगमन एवं सुपरिवेक्षणमा मुख्य भूमिका निर्वाह गर्दछ भने पाठ्यक्रमको कार्यान्वयनमा हाल मिडिया अध्ययन शैक्षणिक कार्यक्रमका प्रमुख (संयोजक) को नेतृत्वमा रहेको भाषा तथा आमसञ्चार विभागको मुख्य भूमिका रहन्छ । तसर्थ, पाठ्यक्रम परिमार्जन प्रक्रिया पनि मूलतः विभागको पहलबाट नै सुरु हुन्छ । विषय समितिमा समेत संलग्न रहने भाषा तथा आमसञ्चार विभागका पूर्णकालीन सदस्यहरूले पाठ्यक्रमबारे आवधिक समीक्षा गरिरहेका हुन्छन् । कतिपय अवस्थामा विषय समितिले एक विशेष कार्यदल गठन गरी पाठ्यक्रमको समष्टि विश्लेषण गराउने पनि का.वि.को मिडिया अध्ययन शैक्षणिक कार्यक्रममा अभ्यास रहिआएको छ ।

समष्टि पाठ्यक्रम तथा त्यसका अन्तर्वस्तु र पाठ्यक्रमको कार्यान्वयनको अवस्थाबारे हरेक सेमेस्टरमा विद्यार्थीहरूमाझ

प्रश्नावली भराई व्यवस्थित विश्लेषण गरिन्छ । विद्यार्थीहरूले प्रश्नावलीमार्फत् आफ्ना शिक्षकहरूको मूल्याङ्कन पनि गर्छन् । यसरी विद्यार्थीहरूबाट प्राप्त हुने प्रतिक्रिया एवं सुझावको पनि पाठ्यक्रमको सुधार तथा परिमार्जनमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । साथै, पूर्णकालीन होऊन् वा आंशिक, प्रत्येक शिक्षकलाई आफूले अध्यापन गर्ने विषयको अन्तर्वस्तु सो विषयका लागि विषय समितिले निर्धारण गरेको उद्देश्य एवं बृहद् रूपरेखालाई थप समृद्ध गराउने गरी, भाषा तथा आमसञ्चार विभागसँगको समन्वयमा, विकास गर्ने र सोही अनुरूप पाठयोजना बनाउन पूर्ण स्वतन्त्रता रहेको छ । यसरी, का.वि.मा संस्थागत संरचनाको कारणले नै पाठ्यक्रमको अन्तर्वस्तुमा समसामयिक परिवर्तन गर्ने कार्य अनवरत गतिशील रहन सकेको देखिन्छ ।

### घ) स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता

पाठ्यक्रमकै सन्दर्भमा स्रोत व्यक्ति/विशेषज्ञको उपलब्धता मूलतः विषय समितिमा निर्भर रहने र आवश्यकता अनुसार समिति बाहिरका स्रोतव्यक्ति/ विशेषज्ञको सहभागिता समेत रहने देखिन्छ । हाल भाषा तथा आमसञ्चार विभागमा सातजना पूर्णकालीन तथा आवश्यकताअनुसार आंशिक/आगन्तुक शिक्षकहरू कार्यरत छन् । तीमध्ये तीनजना पत्रकारिता तथा आमसञ्चार विषयका हुन् भने नेपाली र अङ्ग्रेजी विषयका दुई/दुई जना रहेका छन् । पत्रकारिता तथा आमसञ्चार विषयका तीनजना पूर्णकालीन शिक्षकमध्ये विद्यावारिधिभन्दा माथिल्लो (पोस्ट्डक्टोरल) अनुसन्धान सम्पन्न गरिसकेका एकजना एवम् उनीसहित विद्यावारिधि उपाधि हासिल गरेका दुईजना रहेका छन् भने उनीहरू तीनैजनाले नेपालका साथसाथै विदेशबाट समेत माथिल्लो तहको उपाधिका लागि अध्ययन / अनुसन्धान सम्पन्न गरेका छन् । आंशिक / आगन्तुक शिक्षकहरूमा प्राज्ञिक र मिडियाकर्मी दुवैथरी रहेका छन् भने सङ्ख्यात्मक हिसाबले मिडियाकर्मीको सङ्ख्या नै ज्यादा छ ।

**ङ) विषय समितिको संरचना**

का.वि., स्कूल अफ् आर्ट्स् (कला सङ्काय) का डीन विषय समितिको अध्यक्ष, मिडिया अध्ययन शैक्षणिक कार्यक्रमका प्रमुख सदस्य सचिव र का.वि. भित्र र बाहिरका अन्य विज्ञहरू सदस्य रहेको नौ सदस्यीय मिडिया अध्ययन विषय समिति रहेको छ । का.वि.को मिडिया अध्ययन विषय समितिमा प्राज्ञिक र मिडियाकर्मी दुवैको प्रतिनिधित्व रहेको छ । प्राज्ञिक क्षेत्रका सदस्यहरू चयन समाज विज्ञान र मानविकीका विभिन्न विधा र विषयहरूको प्रतिनिधित्व हुने गरी भएको छ भने मिडियाकर्मीहरू पनि छापा तथा विद्युतीय दुवै क्षेत्रबाट पर्ने गरी चयन गरिएको छ । का.वि.को मिडिया अध्ययन विषय समिति आमसञ्चार र पत्रकारिता तथा अन्य विषयहरूमा ख्याति कमाएका विज्ञहरूको बलियो समूहका रूपमा रहेको छ । लैङ्गिक हिसाबले भने एकजना सदस्य मात्र महिला र अरू सबै पुरूष रहेका छन् ।

यसरी बृहद् संस्थागत संरचनाका आधारमा हेर्दा का.वि. को मिडिया अध्ययन शैक्षणिक कार्यक्रममा पाठ्यक्रमात्मक प्रक्रियाको लागि प्रभावकारी संयन्त्र रहेको देखिन्छ ।

### ५.३.२. पाठ्यक्रममा विद्यार्थीको पहुँच

**क) विश्वविद्यालयले प्रदान गरेका पाठ्यक्रमको सङ्ख्या**

का.वि.अन्तर्गत पत्रकारितासँग सम्बद्ध एक मात्र कार्यक्रमका रूपमा बी.एम.एस. रहेको छ ।

**ख) पाठ्यक्रममा पहुँच र धान्ने अवस्था**

मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तीमा दोस्रो श्रेणीमा कुनै पनि विधा वा विषयमा उच्चमाध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरू बी.एम.एस.मा भर्नाको लागि आवेदन दिन योग्य मानिन्छन् । लिखित परीक्षा र अन्तर्वार्तामार्फत् आवेदकहरूको मूल्याङ्कन गरिन्छ ।

का.वि.ले भाषा विषयहरू सम्बन्धित भाषामै पठनपाठन गराउने

(जस्तै : नेपालीलाई नेपाली माध्यममै) भए तापनि अङ्ग्रेजी नै विश्वविद्यालयको पठनपाठनको माध्यम भाषा भएकाले बी.एम.एस.मा पनि यही लागू हुन्छ ।

बी.एम.एस.को चार वर्षे कार्यक्रमका लागि विद्यार्थीहरूले जनही रू. ३ लाख ९५ हजार शुल्क तिर्नु पर्दछ । उक्त परिमाणको रकम १६ किस्तामा तिर्नु पर्ने हुन्छ । स्नातक तह पूरा गर्नका लागि तिर्नु पर्ने यो रकम नेपालको परिवेशमा महङ्गो नै देखिन्छ ।

का.वि.को मिडिया अध्ययन कार्यक्रममा महिला, जनजाति, दलित आदिका लागि प्रोत्साहनमूलक छुट्टै छात्रवृत्तिको व्यवस्था छैन । सेमेस्टरमा प्रथम हुने कुनै पनि विद्यार्थीले छात्रवृत्ति पाउने व्यवस्था छ, जसमा पुरूष अथवा महिला जसले पनि पाउन सक्छन् । सीमान्तीकृत, सामाजिक रूपमा पिछडिएका, कमजोर आर्थिक स्थिति हुनेहरूका लागि विशेष व्यवस्था नगरिएकाले का.वि.को मिडिया अध्ययन कार्यक्रममा यस्ता वर्गको पहुँच चुनौतीपूर्ण देखिन्छ ।

बी.एम.एस.मा हाल अध्ययनरत चार समूहका विद्यार्थीहरूको कूल सङ्ख्या करिब ५० मात्र रहेको तथ्याङ्कलाई दृष्टिगत गर्दा का.वि.को पाठ्यक्रममा विद्यार्थीहरूको पहुँच कमै रहेको देखिन्छ ।

**ग) विभाग र रोजगारदाता संस्थाबीचको क्रियाशील सम्बन्ध**

का.वि.बाट बी.एम.एस. उपाधि हासिल गरेका विद्यार्थीहरूबारे भनिएको छ :

हाम्रो उत्पादित कूल विद्यार्थीहरूमध्ये एक तिहाइ विद्यार्थी न्यूज रूममा खपत हुने गर्दछन् । पछिल्लो चरणमा हेर्दा न्यूजरूममा विद्यार्थीको पहुँच र प्रभाव बढेको छ । एनजिओ/आइएनजिओमा लाग्नेको सङ्ख्या पनि धेरै नै छ । विदेशमा अध्ययन गर्न जानेहरू पनि छन् । जे होस्, न्यूज रूम विद्यार्थी खपत हुने मुख्य स्रोत हो । (हरेक वर्ष पाठ्यक्रममा परिमार्जन गर्छौं, वि.सं. २०७१, पृ. ५)

विज्ञापन, जनसम्पर्क, अनुसन्धान संस्था, शिक्षण, सरकारी क्षेत्र, इभेन्ट मेनेजमेन्ट, अनलाइन, मार्केटिङ् आदि पनि विद्यार्थीहरूको रोजगारीको क्षेत्र हुने गरेको पनि उल्लेख गरिएको छ (पूर्ववत्) । साथै, बी.एम.एस.को अध्ययनपश्चात् स्वउद्यम (entrepreneurship) मा लाग्नु पनि का.वि.का मिडिया स्नातकहरूको मुख्य विशेषताका रूपमा देखिएको छ ।

बी.एम.एस.मा अध्यापन र प्रशिक्षणमा संलग्न आंशिक तथा अतिथि अध्यापक र प्रशिक्षकहरूमध्ये अधिकतर मिडिया उद्योगमै कार्यरत मिडियाकर्मीहरू भएका, विभागले मिडियाकर्मीहरूलाई समेत सहभागी गराएर अन्तर्क्रिया तथा गोष्ठी आयोजना पनि गर्ने तथा मिडिया अनुसन्धान तथा इन्टर्नसीपका लागि मिडिया उद्योग तथा मिडियासम्बद्ध अन्य संस्थाहरूसँग विभाग र विद्यार्थीहरूको सहकार्य भइरहने तथ्यहरूलाई ख्याल पुर्‍याउँदा एक हदसम्म रोजगारदाता संस्थाहरूसँग क्रियाशील सम्बन्ध रहेको देखिन्छ । प्रायः इन्टर्नसीपमा पठाइएका विद्यार्थीहरूलाई सोही संस्थाले नै रोजगारी दिने गरेको सुखद् अनुभव का.वि.को मिडिया अध्ययन शैक्षणिक कार्यक्रमको रहेको छ ।

यद्यपि, भाषा तथा आमसञ्चार विभाग र मिडिया संस्थाहरूबीच औपचारिक संस्थागत सम्बन्ध स्थापना गर्ने कार्य भने भएको देखिँदैन र मिडिया अध्ययन शैक्षणिक कार्यक्रमको नेतृत्वकर्ता विभागका अन्य व्यक्तिको सम्बन्धका आधारमा नै सबै कुरा व्यवस्थित गरिएको छ । यस दृष्टिकोणबाट हेर्दा का.वि.को सम्बन्धित विभाग र मिडिया संस्थाबीचको सम्बन्ध संस्थागत हिसाबले दिगो र दरिलो देखिँदैन ।

### ५.३.३. मूल ज्ञान र सीप

पत्रकारिता शिक्षाले विद्यार्थीहरूलाई पत्रकारिता क्षेत्रमा अनुसन्धान कसरी गर्ने, स्रोतहरूबाट सूचना कसरी प्राप्त गर्ने, विभिन्न आमसञ्चार माध्यमहरूका लागि समाचार तथा अन्य सामग्री कसरी उत्पादन गर्ने जस्ता कुराहरू सिकाउनु पर्छ भन्ने मान्यता

अनुरूप नै पाठ्यक्रमको अन्तर्वस्तुको संयोजन हुनु पर्ने जुन मान्यतालाई युनेस्कोको नमूना पाठ्यक्रमले अवलम्बन गरेको छ, त्यसको कसीमा जाँच्दा का.वि.को मिडिया अध्ययन पाठ्यक्रम सुसंयोजित देखिन्छ । भाषिक ज्ञान, सामाजिक र राज्य गठनको ज्ञान, लेखन तथा सम्पादन सीपका साथै समाचार कार्यशाला तथा इन्टर्नसीपको संयोजनको जुन रूपरेखा नमूना पाठ्यक्रमको परिचयात्मक खण्डमा अगाडि सारिएको छ, त्यसलाई का.वि.को बी.एम.एस.को पुरानो र नयाँ दुवै पाठ्यक्रमहरूमा अवलम्बन गरिएको छ । नयाँ पाठ्यक्रमको परिप्रेक्ष्यमा कुरा गर्दा, यस पाठ्यक्रमले बहुविधात्मक ज्ञान, मिडिया अनुसन्धान, पत्रकारिताको पेसागत दक्षता तथा नवीनतम प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको देखिन्छ । यो पाठ्यक्रममा कूल १ सय २६ क्रेडिट भारका ४१ वटा विषयहरू (परियोजना कार्य र इन्टर्नसीप सहित) समेटिएका छन्, जसमध्ये एउटा (MEDS 450 Project Work) को भार ६ क्रेडिट रहेको छ भने अरू सबै ३ क्रेडिट भारका विषयहरू हुन् ।

**क) खास विषयवस्तु (बिट रिपोर्टिङ) मा विशेष ज्ञान र सीप**

पत्रकारिताकै ज्ञान र सीपको सन्दर्भमा केन्द्रित भई कुरा गर्ने हो भने आधारभूत पत्रकारिताका दुईवटा विषयहरू (MEDS 104 Basic Journalism I, MEDS 105 Basic Journalism II) मार्फत् समाचारको रिपोर्टिङ र सम्पादन सीप सिकाएर विद्यार्थीहरूलाई पत्रकारिताको आधारभूत ज्ञान र सीप प्रदान गर्ने, विभिन्न सेमेस्टरमा अनेक विषयहरूमार्फत् छापा, रेडियो, टेलिभिजन र अनलाइन तथा न्यू मिडियामार्फत् गरिने पत्रकारिताका ज्ञान र सीपमा दक्ष तुल्याउने, फोटो पत्रकारिता तथा श्रव्यदृश्य सामग्रीको उत्पादनमा दक्ष बनाउने र अन्तिम सेमेस्टरमा विशिष्ट पत्रकारिता (MEDS 413 Advance journalism) मार्फत् विशिष्टिकृत सीप सुनिश्चित गराउने पाठ्यक्रमको योजना देखिन्छ । यस क्रममा पाठ्यक्रमले पत्रकारितासम्बद्ध विषयहरूमार्फत् क्रमशः सामान्य रिपोर्टिङ

(general-assignment reporting), खास विषयवस्तु वा क्षेत्रकेन्द्रित रिपोर्टिङ (beat reporting) का साथै विशिष्टिकृत रिपोर्टिङ (specialized reporting) को ज्ञान र सीप दिने योजना गरेको देखिन्छ ।

**ख) सूचनाको हक, प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, कानूनी प्रावधान, मानहानी, गालीबेइज्जती र अदालतको अवहेलनाबारेको बुझाइ**

का.वि.को अध्येय पाठ्यक्रममा कानुन र आचारसंहिताबारे विषयको जानकारी पर्याप्त हुने गरी अन्तर्वस्तु समेटिएको देखिन्छ । उपर्युक्त पक्षहरूबारे ज्ञान प्रदान गर्नका लागि का.वि.को अध्येय पाठ्यक्रममा MEDS 352 Human Rights, Press Freedom and Media Law tyf MEDS 410 Media Ethics जस्ता विशिष्टिकृत विषयहरू राखिएका छन् । तिनका अलावा अन्य विषयहरू (जस्तै : MEDS 101 Introduction to Media Studies, MEDS 104 Basic Journalism I, MEDS 105 Basic Journalism II, MEDS 312 Comparative Study of Nepali and Global Media, MEDS 413 Advance Journalism आदि) मा पनि उपर्युक्त पक्षहरूको सामान्यीकृत ज्ञान समेटिएको छ । साथै, अन्य कतिपय विषयहरू (जस्तै : MEDS 212 Photojournalism, MEDS 307 Broadcasting, MEDS 314 Radio Production, MEDS 412 Television Production आदि) ले चाहिँ सञ्चारमाध्यमविशेषका परिप्रेक्ष्यमा नीतिशास्त्रीय तथा कानुनी पक्षहरूबारे ज्ञान तथा सीप प्रदान गर्ने देखिन्छ ।

**ग) विभिन्न विषयका सूचना र समाचारलाई विश्वसनीय बनाउन खोज सम्बन्धी ज्ञान**

का.वि.को अध्येय पाठ्यक्रमले पत्रकारितामूलक खोज र समाजविज्ञानको अनुसन्धान पद्धति दुवैमा जोड दिएको छ । पत्रकारितामूलक खोजका लागि माथि उल्लेख गरिएझैं MEDS

104 Basic Journalism I, MEDS 105 Basic Journalism II जस्ता आधारभूत विषयहरू छन् भने MEDS 307 Broadcasting, MEDS 413 Advance Journalism जस्ता विशिष्टिकृत विषयहरू रहेका छन् । समाजवैज्ञानिक अनुसन्धान पद्धतिको सैद्धान्तिक ज्ञान र प्रयोगात्मक सीपका लागि १२ क्रेडिट भार प्रत्यक्षतः छुट्ट्याइएको छ : MEDS 209 Research Methodology, MEDS 316 Research Applications in Media, MEDS 450 Project Work । प्रत्येक सेमेस्टरमा टर्म पेपर मार्फत् विद्यार्थीहरूलाई अनुसन्धानमूलक खोजी तथा लेखनमा अभ्यास गराइने अभ्यास छ । आठौँ सेमेस्टरमा ६ क्रेडिट भारको परियोजना कार्यअन्तर्गत शोधपत्र समेत लेख्ने प्रावधानले विद्यार्थीहरूलाई स्नातक तहमै अनुसन्धान पद्धतिबारे सैद्धान्तिक ज्ञान र व्यावहारिक सीपका लागि प्रशस्त अवसर मिल्ने देखिन्छ । अनुसन्धान पद्धतिलाई पत्रकारिताको क्षेत्रमा समाचार रिपोर्टिङका लागि समेत प्रयोग गर्न MEDS 413 Advance Journalism मार्फत् अभ्यास गराउने योजना पाठ्यक्रममा देखिन्छ ।

### घ) प्रविधिबारे अद्यावधिक ज्ञान र सीप

का.वि.को मिडिया अध्ययन कार्यक्रमले विद्यार्थीहरूलाई मिडिया प्रविधिको ज्ञान र सीप यथेष्ठ रूपमा हासिल गर्ने अवसर प्रदान गर्ने देखिन्छ । का.वि.ले मिडिया अध्ययन शैक्षणिक कार्यक्रमका लागि तय गरेको पुरानो पाठ्यक्रममा पनि प्रविधिबारे अद्यावधिक ज्ञान र सीपलाई महत्त्व दिइएको थियो भने नयाँ पाठ्यक्रममा त झन् यो पाटो निकै प्रबल देखिन्छ । पाठ्यक्रममा समेटिएका MEDS 112 Computer Applications, MEDS 121 Introduction to ICT, MEDS 212 Photojournalism, MEDS 221 Social Media Networking, MEDS 222 New Media and Contemporary Society, MEDS 307 Broadcasting, MEDS 314 Radio Production, MEDS 322 ICT for

Development, MEDS 411 Film Production, MEDS 412 Television Production, MEDS 421 Media and Convergence जस्ता विषयहरू यसका प्रमाण हुन् । विद्यार्थीहरूलाई ब्लगिङ् र सामाजिक सञ्जालमा क्रियाशील रहन पहिलो सेमेस्टरदेखि नै अनिवार्य गरिएको छ ।

**ङ) आधारभूत पत्रकारिता लेखन सीप**

का.वि.को मिडिया अध्ययन पाठ्यक्रममा नेपाली र अङ्ग्रेजी भाषाका विषयहरू (जस्तै : NEPL 151 नेपाली १, NEPL 152 नेपाली २, ENGL 151 English I, ENGL 152 English II, ENGL 201 Professional Communication) मार्फत् राम्रो लेखनका आधारभूत ज्ञान दिने, पत्रकारिताका आधारभूत विषयहरू (MEDS 104 Basic Journalism I, MEDS 105 Basic Journalism II) मार्फत् पत्रकारिताका लागि आधारभूत लेखन सीप विकास गर्ने र MEDS 307 Broadcasting (स्क्रीप्ट् लेखनका परिप्रेक्ष्यमा), MEDS 409 Writing for Media तथा MEDS 413 Advance Journalism जस्ता विशिष्टिकृत विषयमार्फत् लेखनलाई थप सशक्त बनाउने योजना पाठ्यक्रममा देखिन्छ ।

**च) खोजका आधारमा समाचार लेखन सीप**

पत्रकारितामूलक र अनुसन्धानमूलक दुवैखाले खोज र तिनका आधारमा समाचार लेखन सीपलाई का.वि.को अध्येय पाठ्यक्रमले समेटेको छ भने MEDS 413 Advance Journalism मा खोज रिपोर्टिङको ज्ञान तथा सीप पनि समेटिएको देखिन्छ ।

समग्रमा हेर्ने हो भने प्रस्तुत अध्ययनको तेस्रो सूचकका आधारमा परीक्षण गर्दा का.वि.को पाठ्यक्रममा युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेको मूल ज्ञान र सीपलाई पर्याप्त स्थान दिइएको देखिन्छ । पाठ्यक्रमको अन्तर्वस्तुको आधारमा मूल्याङ्कन गर्दा का.वि.को अध्येय पाठ्यक्रमले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका आधारभूत ज्ञान तथा सीपलाई अवलम्बन

गरेको छ ।

### ५.३.४. लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप

**क) पाठ्यक्रमले समेटेका मिडिया कानुन, आचारसंहिता, नीति र नियम**

पाठ्यक्रममा समेटिएको MEDS 352 Human Rights, Press Freedom and Media Law विषयले मानवअधिकार तथा लोकतन्त्रका आधारभूत सिद्धान्त एवं पत्रकारिता र लोकतन्त्रको अन्तर्सम्बन्धबारे आधारभूत ज्ञान प्रदान गर्ने देखिन्छ । स्वतन्त्र पत्रकारिताको लागि लोकतन्त्रको आवश्यकता र महत्त्वबारे MEDS 104 Basic Journalism I मा समेत परिचर्चा हुने देखिन्छ भने MEDS 251 Communication Theories मा समेत मिडिया प्रणाली र राजनीतिक प्रणालीको अन्तर्सम्बन्धबारेका सिद्धान्तहरूका आलोकमा यो मुद्दा समेटिएको पाइन्छ । साथै, MEDS 202 Media, Culture and Society, MEDS 312 Comparative Study of Nepali and Global Media, MEDS 311 Development Communication, MEDS 321 Contemporary Development Discourse and Media, MEDS 410 Media Ethics जस्ता विषयहरूले पनि लोकतान्त्रिक आदर्शका विभिन्न पक्षबारे मिडियाको दृष्टिबिन्दुबाट विद्यार्थीहरूलाई सिकाइने देखिन्छ । यसरी मिडिया कानुन, आचारसंहिता, नीति र नियमबारे पाठ्यक्रमले ज्ञान प्रदान गर्ने देखिन्छ ।

**ख) मिडियामार्फत् लोकतन्त्र र मानव अधिकार प्रवर्द्धनका लागि पाठ्यक्रमले ल्याउने सचेतना**

लोकतान्त्रिक आदर्शका विभिन्न पक्षबारे मिडियाको दृष्टिबिन्दुबाट विद्यार्थीहरूलाई ज्ञान प्रदान गर्ने माथि उल्लेखित MEDS 352 Human Rights, Press Freedom and Media Law लगायतका विषयहरूले मिडियामार्फत् लोकतन्त्र र मानवअधिकार प्रवर्द्धनका लागि सचेतना प्रदान गर्ने देखिन्छ ।

### ग) पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप

का.वि.को मिडिया अध्ययन पाठ्यक्रममा विद्यार्थीहरूलाई समाजविज्ञानको आधारशिला प्रदान गर्नका लागि MEDS 151 Foundation of Social Sciences I, MEDS 152 Foundation of Social Sciences II जस्ता विषय समेटिएको छ । MEDS 202 Media, Culture and Society, MEDS 251 Communication Theories, MEDS 222 New Media and Contemporary Society, MEDS 252 Philosophical Approaches to Communication, MEDS 321 Contemporary Development Discourse and Media जस्ता विषयहरूमा समेटिएका अन्तर्वस्तुले उनीहरूलाई समालोचनात्मक दृष्टिकोण विकास गर्न एवं कुनै पनि विषयवस्तुलाई स्वतन्त्र विश्लेषण गर्न सिकाउने देखिन्छ । MEDS 209 Research Methodology जस्ता विषयले उनीहरूलाई वस्तुनिष्ठ र तार्किक विश्लेषण गर्ने सीप दिन्छ । पाठ्यक्रममा विषयहरू र तिनका अन्तर्वस्तुको यस्तो संयोजनलाई ख्याल राख्दा पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप विकास हुने आकलन गर्नु स्वाभाविकै हुनआउँछ ।

का.वि.को मिडिया अध्ययन पाठ्यक्रमले पाश्चात्य प्रतिमान (Western paradigm) अनुरूपको वैश्विक मापदण्डका साथै त्यसको विकल्पका रूपमा अगाडि आइरहेको प्रतिपश्चिमीकरण (De-Westernization) को अवधारणालाई समेत समेटेको छ (थप परिचर्चाका लागि द्रष्टव्य : अधिकारी, सन् २०११, वि.सं. २०६८, वि.सं. २०७०, सन् २०१४) । MEDS 251 Communication Theories, MEDS 252 Philosophical Approaches to Communication, MEDS 410 Media Ethics जस्ता विषयका अन्तर्वस्तुहरूबाट यसको साक्ष्य मिल्छ । त्यसो हुनाले विद्यार्थीहरूमा स्वतन्त्र विचार र विश्लेषणको सीप अभिवृद्धि हुने सम्भावना अझै धेरै देखिन्छ । उक्त पाठ्यक्रमले मौलिक र रैथाने ज्ञानको

मूलप्रवाहीकरणको दृष्टिकोणलाई आत्मसात् गरेको हुनाले पनि स्वतन्त्र विचार र विश्लेषणलाई थप स्थान मिलेको देखिन्छ ।

**घ) पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञान**

का.वि.को अध्येय पाठ्यक्रमले अन्तर्विषयात्मक (interdisciplinary) तथा बहुविधात्मक (multidisciplinary) दृष्टिकोणलाई अवलम्बन गरेको देखिन्छ । अतः उक्त पाठ्यक्रममा पत्रकारले समेट्नु पर्ने बहुविधाबारे ज्ञान अन्तर्निहित रहेको देखिन्छ ।

**ङ) आधुनिक वातावरणकालागि मिडिया साक्षरता सम्बन्धी पाठ्यक्रम**

बी.एम.एस.को पाठ्यक्रममा मिडिया साक्षरताबारे छुट्टै विशिष्टिकृत विषय राखिएको छैन । MEDS 101 Introduction to Media Studies, MEDS 251 Communication Theories जस्ता विषयहरूमा यसको अवधारणालाई अन्तर्वस्तुमा समेटिएको छ ।

यसरी, प्रस्तुत अध्ययनको परीक्षणसूचीमा समेटिएको चौथो सूचकका आलोकमा पनि का.वि.को मिडिया अध्ययन पाठ्यक्रमको अवस्था राम्रो देखिन्छ ।

### ५.३.५. पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता

का.वि.को अध्येय पाठ्यक्रममा समेटिएका विषयहरू र तिनका अन्तर्वस्तु हेर्दा उक्त पाठ्यक्रमले अन्तर्विषयात्मक (interdisciplinary) तथा बहुविधात्मक (multidisciplinary) दृष्टिकोणलाई अवलम्बन गरेको स्पष्ट देखिन्छ । तसर्थ, पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा निकै विविधता देखिन्छ ।

**क) लोकतन्त्रको संस्थागत विकासमा पत्रकारको भूमिका**

पाठ्यक्रमले विभिन्न विषयहरूमार्फत् विद्यार्थीहरूलाई यसबारे ज्ञान दिने देखिन्छ ।

**ख) लोकतन्त्र र विकासको प्रवर्द्धनकालागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारेको ज्ञान**

पाठ्यक्रममा समेटिएका विषयहरूको दायरालाई ख्याल राख्दा

बी.एम.एस.को अध्ययन गरिसक्दा विद्यार्थीले लोकतन्त्र र विकासको प्रवर्द्धनका लागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारे यथोचित ज्ञान हासिल गर्ने देखिन्छ ।

### ५.३.६. पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन

बी.एम.एस.को पुरानो पाठ्यक्रमको अभिमुखीकरण ज्ञान पक्षतिर बढी रहेकोमा नयाँ पाठ्यक्रमले सीप पक्षलाई बढावा दिँदै ज्ञान र सीपको सन्तुलनमा जोड दिएको छ । नयाँ पाठ्यक्रममा कूल २१ क्रेडिट भारका छवटा विषयहरूलाई शतप्रतिशत प्रयोगात्मक विषय बनाइएको छ भने अन्य विषयहरूमा पनि प्रयोगात्मक अभ्यासलाई अधिकतम महत्त्व दिने नीति पारित भएको छ । मूलतः सैद्धान्तिक वा शतप्रतिशत प्रयोगात्मक विषयहरूबाहेक अन्य विषयका परिप्रेक्ष्यमा सैद्धान्तिक अन्तर्वस्तु र प्रयोगात्मक अभ्यासबीच ५०/५० प्रतिशतको सन्तुलनलाई आदर्श स्थिति मानिएको छ ।

**क) हरेक विषयमा सैद्धान्तिक र प्रयोगात्मक व्यवस्था**

पाठ्यक्रमअन्तर्गतका विषयहरूमा सान्दर्भिक हुने अवस्थामा सैद्धान्तिक ज्ञान र प्रयोगात्मक अभ्यासको प्रावधान राखेको देखिन्छ । पत्रकारिताकै विषयहरूमा त झन् यस्तो व्यवस्था अझै सुस्पष्ट देखिन्छ ।

**ख) प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र**

शतप्रतिशत प्रयोगात्मक विषय भनेर तय गरिएका विषयहरूमा सम्पूर्ण मूल्याङ्कन प्रयोगात्मक परीक्षाबाटै गरिने प्रावधान छ । अन्य विषयमा पनि ५० प्रतिशत अङ्कको मूल्याङ्कन मात्र का.वि. परीक्षा नियन्त्रण कार्यालयले लिने लिखित परीक्षाका आधारमा गरिने र बाँकी ५० प्रतिशतको मूल्याङ्कन प्रयोगात्मक अभ्यास लगायतका आधारमा गरिन्छ । यद्यपि, प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्रबारे पाठ्यक्रममै चाहिँ केही उल्लेख भएको देखिँदैन । व्यवहारतः, सम्बन्धित विभाग नै यसको कार्यान्वयन पक्षका लागि जिम्मेवार हुन्छ र अध्यापक र प्रशिक्षकले विभागसँगको समन्वयमा

प्रयोगात्मक कक्षालाई सञ्चालन गर्छन् । का.वि.को हात्तीवन परिसरमा कम्प्युटर प्रयोगशाला छ भने मिडिया अध्ययनको पाठ्यक्रममा समेटिएका विशिष्टिकृत विषयहरूअन्तर्गत प्रयोगात्मक अभ्यास गरी श्रव्यदृश्य सामग्री उत्पादन गर्नका लागि प्रयोगशाला निर्माणाधीन अवस्थामै रहेकाले मिडिया उत्पादनका प्रयोगात्मक सत्रहरू पाठ्यक्रमले योजना गरेअनुरूप सुचारू हुन सकेका छैनन् ।

### ग) प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्ने निर्देशिका

प्रयोगात्मक पक्षको सुनिश्चितताको लागि अनुगमन तथा सुपरिवेक्षण गर्ने निर्देशिकाबारे पाठ्यक्रममा स्पष्ट उल्लेख छैन । व्यवहारतः, संस्थागत रूपमा भन्नुपर्दा सम्बन्धित विभागले र मिडिया अध्ययन शैक्षणिक कार्यक्रमका प्रमुख र संयोजकले प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्छन् ।

### घ) विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रावधान

कुनै पनि विषयमा सेमेस्टरभरिमा विद्यार्थीको उपस्थिति कम्तीमा ८० प्रतिशत हुनै पर्ने प्रावधान रहेको छ । यही नियम कार्यक्षेत्र र प्रयोगशालाका परिप्रेक्ष्यमा पनि लागू हुन्छ । का.वि.को हात्तीवन परिसरमा कम्प्युटर प्रयोगशाला भएकाले त्यसबाट सम्पन्न हुन सक्ने प्रयोगात्मक अभ्यास सुचारू भए तापनि मिडिया अध्ययनको पाठ्यक्रममा समेटिएका विशिष्टिकृत विषयहरूअन्तर्गत प्रयोगात्मक अभ्यास गरी श्रव्यदृश्य सामग्री उत्पादन गर्नका लागि प्रयोगशाला निर्माणाधीन अवस्थामै रहेकाले मिडिया उत्पादनका प्रयोगात्मक सत्रहरू पाठ्यक्रमले योजना गरेअनुरूप सुचारू हुन सकेका छैनन् । त्यस कारणले विद्यार्थीहरूले आफ्नै विभागको प्रयोगशालामा यथेष्ट काम गर्ने अवसर पाइसकेका छैनन् ।

### ङ) इन्टर्नसीप

बी.एम.एस.को अन्तिम सेमेस्टरमा इन्टर्नसीपलाई ३ क्रेडिट भारसहित समेटिएको छ, जसअन्तर्गत प्रत्येक विद्यार्थीले ३

महिना अवधिको इन्टर्नसीप पूरा गरी त्यसको प्रमाणित प्रतिवेदन बुझाउनु पर्दछ । इन्टर्नसीपको अनुगमन गरिन्छ । विद्यार्थीको इन्टर्नसीपको मूल्याङ्कन बाह्य परीक्षक (इन्टर्नसीप गरिएको संस्थाले तोकेको सुपरीवेक्षक) र का.वि.को भाषा तथा आमसञ्चार विभागबाट तोकिएको आन्तरिक परीक्षकबाट हुन्छ । युनेस्को पाठ्यक्रममा इण्टर्नसीप दोस्रो र तेस्रो वर्षका बीचमा राखिएको छ, तर का.वि.को बी.एम.एस. पाठ्यक्रममा अन्तिम वर्षको अन्तिम सेमेस्टरमा राखिएको छ ।

यसरी, का.वि.ले पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजनमा ध्यान पुर्‍याएको भए तापनि प्रयोगात्मक अभ्यासको पाटोबाट हेर्दा पाठ्यक्रमको कार्यान्वयन पक्ष भने सन्तोषजनक अवस्थामा पुगेको छैन । पाठ्यक्रमको अभिमुखीकरणमा समस्या नरहेको भए तापनि पाठ्यक्रमको योजनालाई व्यवहारमा सार्थक पार्न भने अझै बाँकी देखिन्छ । पाठ्यक्रमको अन्तर्वस्तुको आधारमा भन्नुपर्दाचाहिँ का.वि.ले युनेस्कोको नमूना पाठ्यक्रममा परिकल्पना गरिएझैँ नै पत्रकारिता शिक्षालाई बढी प्रयोगात्मक बनाउन खोजेको छ ।

### ५.३.७. पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता

**क) पाठ्यक्रमको आवश्यकता अनुसार नेपाली र अङ्ग्रेजी दुवै भाषामा सामग्रीको उपलब्धता**

सान्दर्भिक विषय र अन्तर्वस्तुका परिप्रेक्ष्यमा नेपाली लेखकहरूद्वारा लिखित एवं नेपालभित्रैबाट प्रकाशित सामग्री पनि समेटिएका छन् । प्रतिपश्चिमीकरण (De-Westernization) तथा मौलिक र रैथाने ज्ञानको मूलप्रवाहीकरणको दृष्टिकोणलाई आत्मसात् गरेको हुनाले का.वि.को मिडिया अध्ययन पाठ्यक्रममा MEDS 251 Communication Theories, MEDS 252 Philosophical Approaches to Communication, MEDS 410 Media Ethics जस्ता विषयहरूमा त स्थानीय सामग्रीलाई प्रचुर मात्रामा समावेश गरेको देखिन्छ (थप परिचर्चाका लागि द्रष्टव्य :

अधिकारी, सन् २०११, वि.सं. २०६८, वि.सं. २०७०, सन् २०१४) । यद्यपि, बी.एम.एस.का पाठ्यपुस्तक वा सन्दर्भ सामग्री प्रायः अङ्ग्रेजी भाषामा रहेका र यस्ता सामग्री प्रायः विदेशी लेखकले लेखेका र विदेशबाटै प्रकाशित भएका देखिन्छन् । पठनपाठनको माध्यम भाषा अङ्ग्रेजी भएकाले पनि यसो हुन गएको हुन सक्छ ।

**ख) उपकरण सहितको पत्रकारिता प्रयोगशाला (फोटो स्टुडियो, कम्प्युटर कक्ष, रेडियो स्टेशन, टीभी स्टुडियो र पुस्तकालय)**

मिडिया अध्ययन सञ्चालन भइरहेको का.वि.को हात्तीवन परिसरमा कम्प्युटर प्रयोगशाला तथा पुस्तकालय उपलब्ध छन् भने श्रव्यदृश्य सामग्री उत्पादनका लागि सुविधासम्पन्न प्रयोगशाला र स्टुडियो निर्माणाधीन छ । सन् २००६ देखि नै सञ्चालित मिडिया अध्ययन कार्यक्रमका लागि आफ्नै सुविधासम्पन्न प्रयोगशाला र स्टुडियोको व्यवस्था अहिलेसम्म गर्न नसक्नु का.वि.को ठूलो कमजोरी हो । यसले गुणस्तरीय शिक्षा दिने प्रतिष्ठित संस्थाका रूपमा का.वि.ले कमाएको प्रतिष्ठामा समेत नकारात्मक असर पर्न सक्दछ ।

**ग) माग अनुसारको वैकल्पिक विषय रोज्न पाउने व्यवस्था**

ऐच्छिक विषय रोज्ने प्रावधान बी.एम.एस.को पाठ्यक्रममा देखिँदैन, तर विद्यार्थीले इन्टर्नसीप तथा परियोजना कार्यमार्फत् कुनै क्षेत्रमा केन्द्रित हुन वा विशिष्टिकरण गर्न भने पाउँछन् ।

### ५.३.८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

कुनै पनि विषयको शीर्षकबाटै जनिने गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नभेटिए तापनि का.वि.को मिडिया अध्ययन पाठ्यक्रमले उपर्युक्त विषयवस्तुलाई सम्बोधन भने गरेको पाइन्छ । MEDS 101 Introduction to Media Studies, MEDS 202 Media, Culture and Society, MEDS 251 Communication Theories, MEDS 222 New Media and Contemporary

Society, MEDS 312 Comparative Study of Nepali and Global Media, MEDS 352 Human Rights, Press Freedom and Media Law, MEDS 321 Cotemporary Development Discourse and Media, MEDS 410 Media Ethics जस्ता विषयहरूमा लैङ्गिकता तथा सामाजिक विविधताका विभिन्न पक्षबारे अध्ययन हुन्छ । MEDS 104 Basic Journalism I, MEDS 105 Basic Journalism II, MEDS 413 Advance Journalism जस्ता पत्रकारिताका मूल विषयहरूमा लैङ्गिक मूलप्रवाहीकरणलाई प्रवर्द्धन गर्ने अभ्यासलाई का.वि.को मिडिया अध्ययन पाठ्यक्रमको विशेषताका रूपमा उल्लेख गर्नु पर्ने हुन्छ । साथै, MEDS 209 Research Methodology, MEDS 316 Research Applications in Media जस्ता विषयहरूअन्तर्गत हुने अनुसन्धान अभ्यासमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट मिडियाको अन्तर्वस्तु विश्लेषण गर्ने प्रावधान पनि रहेको छ । यसबाट विद्यार्थीहरूले महिलाको परम्परागत र विकसित भूमिकाबारे विश्लेषण गर्न सक्ने सम्भावना देखिन्छ ।

पाठ्यक्रममा समाजका सीमान्तीकृत समुदायबारे अध्ययन अध्यापनका लागि छुट्टै विषय तोकिएको छैन । सञ्चारमाध्यम र जातीयताको सम्बन्धबारे छुट्टै विषय अध्यापन हुँदैन । तर विभिन्न सेमेस्टरमा पढाइ हुने विविध विषयहरूमा यीबारे धेर/थोर सम्बोधन भएको पाइन्छ । NEPS 151 Nepal Studies, MEDS 202 Media, Culture and Society, MEDS 352 Human Rights, Press Freedom and Media Law, MEDS 410 Media Ethics आदि विषयले विद्यार्थीहरूलाई लैङ्गिक तथा जातीय दृष्टिकोणबाट संवेदनशील बनाउन मद्दत गर्ने अपेक्षा गर्न सकिन्छ ।

यसरी, प्रस्तुत अध्ययनका लागि अभिनिर्मित परीक्षणसूचीको आठौँ सूचकका आधारमा हेर्दा का.वि.को अध्येय पाठ्यक्रमले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे विशिष्टिकृत अध्ययनलाई नसमेटेको भए तापनि विद्यार्थीहरूलाई सामान्य ज्ञान प्रदान गर्ने भएकाले उक्त विषयवस्तुहरूतिर उनीहरूको अभिमुखीकरण हुने देखिन्छ ।

# अध्याय ६
# निष्कर्ष तथा सुझावहरु

## ६.१ निष्कर्ष

नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका आधारभूत ज्ञान तथा सीपलाई अवलम्बन गरेका छन् वा छैनन् भन्ने अध्ययन गर्ने उद्देश्यअनुरूप प्रस्तुत अध्ययनको निष्कर्षलाई यहाँ पेस गरिएको छ ।

### ६.१.१ बृहद संस्थागत संरचना

त्रि.वि.मा पाठ्यक्रमात्मक प्रक्रिया त्यतिधेरै गतिशील देखिँदैन । त्यसैले पाठ्यक्रम परिमार्जनको पक्ष पनि व्यवहारतः प्राथमिकतामा नपरेको देखिन्छ । वास्वमा निकै लामो अवधिसम्म कुनै परिमार्जन तथा समयसापेक्ष संशोधन नभइकनै त्रि.वि.को पाठ्यक्रम लागू रहिरह्यो । यद्यपि पछिल्लो समयमा पत्रकारिता पाठ्यक्रममा परिमार्जनका लागि पहलकदमी भएको देखिन्छ । संक्षेपमा, पत्रकारिताको पाठ्यक्रमात्मक प्रक्रियाको दृष्टिबिन्दुबाट हेर्दा त्रि.वि.को बृहद संस्थागत संरचना मैत्रीपूर्ण रहेको देखिँदैन ।

पू.वि.मा पत्रकारितासम्बद्ध छवटा शैक्षणिक कार्यक्रमका पाठ्यक्रम लागू रहेका भए तापनि तीमध्ये कुनै पनि कार्यक्रम पू.वि. आफैले सञ्चालन नगरेको, केवल सम्बन्धनप्राप्त निजी क्षेत्रका कलेजहरूमा मात्र ती कार्यक्रमहरू सञ्चालित रहेका तथा पू.वि.मा पत्रकारिता सम्बन्धित कुनै विभाग त के कुरा, एकजना मात्र पनि शिक्षक समेत नरहेको तथ्यहरूलाई समेत ख्याल राख्दा संस्थागत संरचनामा रहेको ठूलो कमी स्पष्ट हुन्छ । वास्तवमा सम्पूर्ण पाठ्यक्रमात्मक प्रक्रियामा सम्बन्धनप्राप्त कलेजहरू नै निर्णायकजस्तो देखिएको अवस्था छ र कलेजहरूकै माग अनुसार पाठ्यक्रममा परिमार्जन हुने गरेको छ । यद्यपि, आवधिक हिसाबले हेर्ने हो भने यस्ता परिमार्जन निकै वर्षको अन्तरमा मात्र भएको देखिन्छ ।

का.वि.मा पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) व्यवस्थित एवं गतिशील देखिन्छ । पाठ्यक्रमको अन्तर्वस्तुको समीक्षा र पुनरवलोकन प्रत्येक सेमेस्टरमा गरिने एवं पाठ्यक्रममा समेटिएका विषयहरूको समष्टि संरचनाको समीक्षा र पुनरावलोकन प्रत्येक वर्ष गरिने अभ्यास रहेको छ भने केही वर्षको अन्तरालमा पूर्ण रूपमा नै नयाँ पाठ्यक्रम बनाइन्छ । यस्तो अभ्यासले पाठ्यक्रममा समयसापेक्ष सुधारको व्यवस्थालाई संस्थागत तवरले नै नियमित गराएको छ ।

सन् २०१३ मा का.वि., स्कूल अफ् आर्ट्स्ले मिडियाअध्ययन कार्यक्रमको समष्टि मूल्याङ्कन बाह्य विशेषज्ञबाट समेत गराएको थियो । उक्त मूल्याङ्कन पछि विशेषज्ञबाट भाषा तथा आमसञ्चार विभाग र मिडियाअध्ययन कार्यक्रमको विकासका लागि सुझाव सहितको प्रतिवेदन पेस भएको थियो । उक्त प्रतिवेदनले भाषा तथा आमसञ्चार विभागको संरचनागत सुधारका लागि दिएको सुझाव सन् २०१३ मै लागू गरियो । विभागको संरचनागत परिवर्तनपछि नयाँ नेतृत्वले मिडियाअध्ययनको पाठ्यक्रमलाई पूरै पुनः संरचना गर्ने निर्णय लियो । बी.एम.एस.को नयाँ पाठ्यक्रम सन् २०१४ को शैक्षिकसत्रदेखि लागू भइसकेको छ । बृहद् संस्थागत संरचनाका आधारमा हेर्दा का.वि.को मिडियाअध्ययन शैक्षणिक कार्यक्रममा पाठ्यक्रमात्मक प्रक्रियाको लागि प्रभावकारी संयन्त्र रहेको देखिन्छ ।

### ६.१.२ पाठ्यक्रममा विद्यार्थीको पहुँच

त्रि.वि.अन्तर्गत पत्रकारिता तथा आमसञ्चार विषयका स्नातक तथा स्नातकोत्तर तहका एक-एकवटा गरी कूल दुईवटा कार्यक्रमहरू सञ्चालित छन् । पू.वि.अन्तर्गत पत्रकारितासम्बद्ध स्नातक तथा स्नातकोत्तर तहका तीन-तीनवटा गरी कूल छ वटा कार्यक्रमहरू सञ्चालित छन् । का.वि.अन्तर्गत पत्रकारितासम्बद्ध एक मात्र कार्यक्रमको रूपमा मिडिया अध्ययनमा स्नातक तह (Bachelor in Media Studies) रहेको छ ।

का.वि. र पू.वि.मा पढ्नका लागि विद्यार्थीहरूले त्रि.वि.का तुलनामा महङ्गो शुल्क तिर्नु पर्ने हुन्छ । त्रि.वि.को पाठ्यक्रमअन्तर्गत देशका

विभिन्न भूभागका शैक्षिक संस्थाहरूले पठनपाठन गराउने भएकाले पनि पाठ्यक्रममा विद्यार्थीको पहुँचका हिसाबले का.वि. र पू.वि.को तुलनामा त्रि.वि. सहज देखिन्छ ।

विश्वविद्यालयका पत्रकारितासम्बद्ध विभाग वा कलेजहरू र मिडिया संस्थाहरूबीच औपचारिक संस्थागत सम्बन्ध स्थापना गर्ने कार्य प्रायः भएको देखिँदैन र सम्बन्धित शैक्षणिक कार्यक्रम वा शिक्षण संस्थाको नेतृत्वकर्ता व्यक्तिको सम्बन्धका आधारमा नै सबै कुरा व्यवस्थित गरिएको देखिन्छ । यस दृष्टिकोणबाट हेर्दा शैक्षिक संस्था र मिडिया संस्थाबीचको सम्बन्ध संस्थागत हिसाबले दिगो र दरिलो देखिँदैन ।

### ६.१.३ मूल ज्ञान र सीप

पत्रकारिता शिक्षाले विद्यार्थीहरूलाई पत्रकारिता क्षेत्रमा अनुसन्धान कसरी गर्ने, स्रोतहरूबाट सूचना कसरी प्राप्त गर्ने, विभिन्न आमसञ्चार माध्यमहरूका लागि समाचार तथा अन्य सामग्री कसरी उत्पादन गर्ने जस्ता कुराहरू सिकाउनु पर्छ भन्ने मान्यता अनुरूप नै पाठ्यक्रमको अन्तर्वस्तुको संयोजन हुनु पर्ने जुन मान्यतालाई युनेस्कोको नमूना पाठ्यक्रमले अवलम्बन गरेको छ, त्यसको कसीमा जाँच्दा त्रि.वि., पू.वि. र का.वि.का अध्येय पाठ्यक्रमहरू अन्तर्वस्तुका दृष्टिकोणबाट ठीकै देखिन्छन् । भाषिक ज्ञान, सामाजिक र राज्य गठनको ज्ञान, लेखन तथा सम्पादन सीपका साथै समाचार कार्यशाला तथा इन्टर्नसीपको संयोजनको जुन रूपरेखा नमूना पाठ्यक्रमको परिचयात्मक खण्डमा अगाडि सारिएको छ, त्यसलाई अध्येय पाठ्यक्रमहरूले धेरै/थोरै अवलम्बन गरेका छन् ।

त्रि.वि.को सन्दर्भमा, पाठ्यक्रमले पत्रकारिताका आधारभूत ज्ञानलाई समेटेको देखिन्छ, तर सीपको पक्ष अत्यन्त कमजोर देखिन्छ । पाठ्यक्रमको अन्तर्वस्तु मात्र हेर्दा त खास विषयवस्तु (बिट रिपोर्टिङ) मा विशेष ज्ञान र सीपसमेत दिन खोजेको नदेखिने होइन । यद्यपि प्रयोगात्मक अभ्यासको लागि पर्याप्त अवसर नभएकाले उक्त ज्ञान र सीपलाई व्यावहारिक सार्थकता दिने पक्षमा भने ठूलो

समस्या रहेको छ । पाठ्यक्रममा सूचनाको हक, प्रेस स्वतन्त्रता, पत्रकार आचारसंहिता, कानूनी प्रावधान, मानहानी, गालीबेइज्जती र अदालतको अवहेलनाबारेसमेत अन्तर्वस्तुमा उल्लेख गरिएको छ । पत्रकारितामूलक सूचना सङ्कलनका आधारभूत विधि सिकाइ विभिन्न विषयका सूचना र समाचारलाई विश्वसनीय बनाउन खोज सम्बन्धी ज्ञान पनि दिन खोजिएकै देखिन्छ । प्रविधिबारे अद्यावधिक ज्ञान र सीपका पाटोमा भने त्रि.वि.का पाठ्यक्रमहरू अद्यावधिक देखिँदैनन् । त्रि.वि.का अध्येय पाठ्यक्रमहरूले आधारभूत पत्रकारिता लेखन सीप तथा खोजका आधारमा समाचार लेखन सीप पर्याप्त मात्रा विकास गराउन सक्नेमा आश्वस्त हुने बलियो आधार पनि फेला पर्दैन ।

पू.वि.को सन्दर्भमा पनि त्रि.वि.कै जस्तो ज्ञान र सीपको सन्तुलनको अभाव स्पष्ट देखिन्छ । विधागत ज्ञानलाई समेटे पनि पाठ्यक्रमहरूले तिनको सीप पक्षलाई सुनिश्चित गर्ने आधार प्रदान गरेको देखिँदैन । प्रविधिका हकमा पनि मिडिया प्रविधिको स्नातक तह बाहेक बढ्दो कम्प्युटर प्रविधिलाई आत्मसात गर्ने गरी अरू पाठ्यक्रम पर्याप्त छैनन् । लेखन विधि अध्यापन गराइए पनि अभ्यास गराउनै पर्ने व्यवस्था देखिएन । सैद्धान्तिक शिक्षा ज्यादा र व्यावहारिक अभ्यास कम भएको देखिएकाले पू.वि.का अध्येय पाठ्यक्रमहरूले पनि आधारभूत पत्रकारिता लेखन सीप तथा खोजका आधारमा समाचार लेखन सीप पर्याप्त मात्रा विकास गराउन सक्नेमा आश्वस्त हुने बलियो आधार पनि फेला पर्दैन ।

का.वि.को सन्दर्भमा, युनेस्कोको नमूना पाठ्यक्रमको कसीमा जाँच्दा का.वि.को मिडियाअध्ययन पाठ्यक्रम सुसंयोजित देखिन्छ । भाषिक ज्ञान, सामाजिक र राज्य गठनको ज्ञान, लेखन तथा सम्पादन सीपका साथै समाचार कार्यशाला तथा इन्टर्नसीपको संयोजनको जुन रूपरेखा नमूना पाठ्यक्रमको परिचयात्मक खण्डमा अगाडि सारिएको छ, त्यसलाई का.वि.को बी.एम.एस.को पुरानो र नयाँ दुवै पाठ्यक्रमहरूमा अवलम्बन गरिएको छ । नयाँ पाठ्यक्रमको परिप्रेक्ष्यमा कुरा गर्दा, यस पाठ्यक्रमले बहुविधात्मक ज्ञान, मिडिया

अनुसन्धान, पत्रकारिताको पेसागत दक्षता तथा नवीनतम प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको देखिन्छ । पाठ्यक्रमको अन्तर्वस्तुको आधारमा मूल्याङ्कन गर्दा का.वि.को अध्येय पाठ्यक्रमले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका आधारभूत ज्ञान तथा सीपलाई अवलम्बन गरेको छ । समग्रमा हेर्ने हो भने प्रस्तुत अध्ययनको तेस्रो सूचकका आधारमा परीक्षण गर्दा का.वि.को पाठ्यक्रममा युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेको मूल ज्ञान र सीपलाई पर्याप्त स्थान दिइएको देखिन्छ ।

पत्रकारितालाई विज्ञान सङ्कायसँग समेत जोडेर विद्यार्थीहरूलाई ज्ञान र सीप प्रदान गर्ने युनेस्कोको मान्यताको अवलम्बन तीनैवटा विश्वविद्यालयले गरेको पाइएन् ।

### ६.१.४ लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीप

अवधारणागत तहमा अध्येय पाठ्यक्रमहरूले लोकतान्त्रिक विकासका लागि आवश्यक ज्ञानलाई समेट्न खोजेको देखिन्छ । अध्येय पाठ्यक्रमहरूले धेरै/थोरै मात्रात्मक भेदमा मिडिया कानुन, आचारसंहिता, नीति र नियमबारेका सामग्रीलाई अन्तर्वस्तुमा समेटेका छन् । अन्तर्वस्तुका आधारमा मात्र विश्लेषण गर्दा, मिडियामार्फत् लोकतन्त्र र मानव अधिकार प्रवर्द्धनका लागि पाठ्यक्रमले ल्याउने सचेतनाको पाटोलाई पनि अध्येय पाठ्यक्रमहरूले सम्बोधन गर्ने देखिन्छ । पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप तथा पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञानका परिप्रेक्ष्यमा त्रि.वि. र पू.वि.का पाठ्यक्रमको तुलनामा का.वि.को पाठ्यक्रममा बढी ध्यान पुर्‍याइएको देखिन्छ । आधुनिक वातावरणकालागि मिडिया साक्षरता सम्बन्धी पाठ्यक्रमका सन्दर्भमा पू.वि.को स्नातकोत्तर तहको मिडिया प्रविधि पाठ्यक्रममा चौथो सेमेष्टरमा Media Literacy विषय समेटिएको छ भने अन्यले चाहिँ प्रसङ्गवश यसको उल्लेख गरेको देखिन्छ । लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञानको तुलनामा सीपको पक्ष पनि उत्तिकै सुदृढ रहनेमा विश्वस्त हुने आधार भने कमै देखिन्छ ।

### ६.१.५ पाठ्यक्रममा समाविष्ट विषयवस्तुमा विविधता

लोकतन्त्रको संस्थागत विकासमा पत्रकारको भूमिकाबारे अध्येय पाठ्यक्रमहरूले प्रदान गर्ने ज्ञान पर्याप्त नै देखिन्छ । तर लोकतन्त्र र विकासको प्रवर्द्धनकालागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारेको ज्ञानका दृष्टिकोणबाट हेर्दा भने कतिपय पाठ्यक्रमहरू निकै कमजोर देखिन्छन् । का.वि. र त्रि.वि.का स्नातक तहका अध्येय पाठ्यक्रमका तुलनामा त्रि.वि.कै स्नातकोत्तर तह तथा पू.वि.का सबै पाठ्यक्रमहरू यस दृष्टिकोणबाट कमजोर देखिन्छन् । त्रि.वि.मा स्नातक तहमा पत्रकारिता तथा आमसञ्चार पढ्ने विद्यार्थीले त्यसको साथमा समाज विज्ञान तथा मानविकीको अन्य विषयहरू पनि साथै पढ्ने भएकाले पत्रकारितासम्बद्ध विषयबाट सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारे नपाएको ज्ञान अन्य विषयहरूबाट पूर्ति भइरहेको हुन्छ भने का.वि.को अध्येय पाठ्यक्रमले बहुविधात्मकतालाई अवलम्बन गरेकाले यस दृष्टिकोणबाट सबल देखिन्छ ।

### ६.१.६ पाठ्यक्रममा सैद्धान्तिक र प्रयोगात्मक पक्षको संयोजन

प्रस्तुत अध्ययनमा समेटिएका विश्वविद्यालयहरूको सबैभन्दा कमजोर पक्ष नै पाठ्यक्रमको कार्यान्वयनमा सैद्धान्तिक र प्रयोगात्मक पक्षको समुचित संयोजन गर्न नसक्नु रहेको देखिन्छ । अध्येय पाठ्यक्रमहरूमा मात्रात्मक हिसाबले धेरै/थोरै भेद हुने गरी विभिन्न विषयहरमा सैद्धान्तिक र प्रयोगात्मक दुवै अवयवको व्यवस्था गरिएको पाइन्छ । तर, प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र नहुनु, प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्ने निर्देशिका नहुनु तथा विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रावधान कमजोर हुनुले पाठ्यक्रमले परिकल्पना गरेका प्रयोगात्मक पक्ष व्यवहारतः लागू नभइसकेको देखिन्छ । त्रि.वि. र पू.वि.का तुलनामा केही व्यवस्थित भए तापनि का.वि.ले समेत प्रयोगात्मक पक्षलाई यथोचित कार्यान्वयन गराउन सकेको देखिँदैन ।

का.वि.को नयाँ पाठ्यक्रमले प्रयोगात्मक दृष्टिकोणबाट

महत्त्वाकाङ्क्षी मार्गचित्र कोरेको देखिन्छ, जसले जनशक्ति र भौतिक संसाधनको ठूलो आवश्यकतालाई जन्म दिएको छ । बी.एम.एस.को नयाँ पाठ्यक्रमले सीप पक्षलाई बढावा दिँदै ज्ञान र सीपको सन्तुलनमा जोड दिएको छ । नयाँ पाठ्यक्रममा कूल २१ क्रेडिट भारका छवटा विषयहरूलाई शतप्रतिशत प्रयोगात्मक विषय बनाइएको छ भने अन्य विषयहरूमा पनि प्रयोगात्मक अभ्यासलाई अधिकतम महत्त्व दिने नीति पारित भएको छ । मूलतः सैद्धान्तिक वा शतप्रतिशत प्रयोगात्मक विषयहरूबाहेक अन्य विषयका परिप्रेक्ष्यमा सैद्धान्तिक अन्तर्वस्तु र प्रयोगात्मक अभ्यासबीच ५०/५० प्रतिशतको सन्तुलनलाई आदर्श स्थिति मानिएको छ ।

अध्येय पाठ्यक्रमहरूमा इन्टर्नसीपको प्रावधान रहेको छ । यसले विद्यार्थीहरूको सीप सिकाइका लागि अवसर प्रदान गरेको छ । तर प्रायः शिक्षण संस्थाहरूले यसलाई व्यवस्थित पार्न सकेका छैनन् ।

### ६.१.७ पाठ्यपुस्तक र अध्ययन सामग्री तथा अन्य स्रोत सामग्रीको उपलब्धता

पाठ्यक्रमहरूले उल्लेख गरेका आधारमा हेर्ने हो भने पाठ्यपुस्तक र अध्ययन सामग्रीको उपलब्धता अङ्ग्रेजी भाषामा ज्यादा र नेपाली भाषामा कम देखिन्छ । केही अपवादलाई छाडेर विदेशी लेखकले विदेशी पृष्ठभूमिमा लेखेका पाठ्यपुस्तक र अध्ययन सामग्रीकै प्राबल्य पाठ्यक्रमहरूमा देखिन्छ । अर्कोतिर, पत्रकारिताका केही परिचयात्मक विषयहरूका अन्तर्वस्तुलाई समेट्ने प्रयास गर्दै लेखिएका नेपाली भाषामा प्रकाशित सामग्रीको सङ्ख्यामा बढोत्तरी हुँदै गरेको त देखिन्छ, तर तीमध्ये अधिकांशको विश्वसनीयता तथा गुणस्तर कमजोर देखिन्छ । विश्वविद्यालय तहमा पाठ्यक्रमात्मक प्रक्रियामा असंलग्न तथा सिकारूहरूका रहरले निकालिएका त्यस्ता सामग्रीले पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्ने देखिँदैन । नेपालका अन्य भाषाहरूमा पनि पाठ्यपुस्तक र अध्ययन सामग्री उपलब्ध गराउनु पर्छ भन्ने त सोचसमेत नरहेको जस्तो देखिन्छ ।

प्रायः शैक्षिक संस्थाहरूले पर्याप्त मात्रामा उपकरणसहितको

पत्रकारिता प्रयोगशाला तथा समृद्ध पुस्तकालयको व्यवस्था गर्न सकेका छैनन् । माग अनुसारको वैकल्पिक विषय रोज्न पाउने व्यवस्था पनि व्यावहारिक रूपमा प्रभावकारी देखिँदैन ।

### ६.१.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

पू.वि.अन्तर्गत आमसञ्चार र पत्रकारिताको स्नातकोत्तर तहमा ऐच्छिक विषयका रूपमा Media And Gender समेटिएको देखिन्छ भने अन्य पाठ्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई नै केन्द्रित गरी कुनै विषय समेटिएको देखिँदैन । यद्यपि, अन्य सान्दर्भिक विषयहरूमा प्रसङ्गवश लैङ्गिकताका विभिन्न आयाम तथा सामाजिक समावेशीकरणलाई सम्बोधन भने गरिएको देखिन्छ । तसर्थ, अध्येय पाठ्यक्रमहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे विशिष्टिकृत अध्ययनलाई नसमेटेको भए तापनि विद्यार्थीहरूलाई सामान्य ज्ञान प्रदान गर्ने भएकाले उक्त विषयवस्तुहरूतिर उनीहरूको अभिमुखीकरण हुने देखिन्छ । का.वि.को सन्दर्भमा पत्रकारिता तथा अनुसन्धानबारेका कतिपय विषयलाई लैङ्गिक मूलप्रवाहीकरणको दृष्टिकोणबाट पठनपाठन हुने अभ्यास संस्थागत भएको अवस्था छ ।

समष्टिमा, नेपालका विश्वविद्यालयहरूका वर्तमान पत्रकारिता पाठ्यक्रमहरूले युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका आधारभूत ज्ञानलाई समेटेको देखिन्छ, तर सीप पक्षको सुनिश्चिततामा भने गम्भीर चुनौती देखिन्छ । त्रि.वि., पू.वि. र का.वि. तीनैवटा संस्था प्रयोगात्मक अभ्यासको पाटोमा कमजोर देखिएका छन् । पत्रकारिताका लागि आवश्यक नवीनतम प्रविधिलाई आत्मसात् गरी अनवरत रूपमा पाठ्यक्रमलाई अद्यावधिक गराउनेमा का.वि. मात्र सफल देखिएको छ भने त्रि.वि. र पू.वि. यस पाटोमा पिछडिएका देखिन्छन् । वर्तमान पाठ्यक्रमहरूलाई नै प्रभावकारी ढंगले कार्यान्वनय गराउने र का.वि.मा जस्तै पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) लाई संस्थागत तवरले नै गतिशील बनाउने हो भने मात्र पनि युनेस्कोको नमूना पाठ्यक्रमले परिकल्पना गरेका पत्रकारिताका आधारभूत सीपलाई

सुनिश्चित गराउने दिशामा उल्लेख्य प्रगति हुने देखिन्छ ।

## ६.२ सुझावहरु

विश्वविद्यालयहरूले कसरी आफ्ना पाठ्यक्रमको अनुकूलन युनेस्कोको नमूना पाठ्यक्रमअनुरूप गर्न सक्छन् र आफ्ना विद्यार्थीहरूलाई मिडिया संस्था र मिडियाका सहयोगी प्रणालीमा सार्थक भूमिकाका लागि तयार पार्न सक्छन्, साथै शैक्षणिक संस्थान, विकासे संस्था तथा अन्य सेवा क्षेत्रमा समेत लैङ्गिक संवेदनशीलता र विविधतालाई प्रवर्द्धन गर्न सक्षम बनाउन सक्छन् भन्नेबारे सुझाव दिने उद्देश्यअनुरूप निम्नानुसारका सुझावहरू दिइएको छ :

- पाठ्यक्रमात्मक प्रक्रिया (curricular process) लाई गतिशील बनाउन तथा पाठ्यक्रममा समसामयिक परिमार्जनको अभ्यासलाई प्रभावकारी पार्न विश्वविद्यालयहरूका विषय समिति तथा सम्बन्धित विभागजस्ता संस्थागत संयन्त्रहरूलाई थप सक्रिय बनाउनु पर्ने देखिन्छ । पू.वि.का हकमा विश्वविद्यालयमै पत्रकारितासम्बद्ध केन्द्रीय विभाग गठन गर्न र सम्बन्धन प्राप्त शैक्षिक संस्थाको अनुगमनलाई प्रभावकारी बनाउन सुझाव दिइएको छ । त्रि.वि. र पू.वि.का सन्दर्भमा विषय समितिको बैठक नियमित तवरले हुनु पर्ने, विषय समितिले कम्तीमा पनि दुई वर्षमा एकपल्ट पाठ्यक्रमको समीक्षा एवं पुनरवलोकन गर्ने/गराउने र आवश्यकता अनुसार पाठ्यक्रमलाई परिमार्जन एवं अद्यावधिक गराउनका लागि पहल गर्नु पर्ने सुझाव दिइएको छ । का.वि.मा पाठ्यक्रमात्मक प्रक्रिया व्यवस्थित एवं गतिशील देखिएकाले यस्तो अभ्यासलाई कायमै राख्न सुझाव दिइएको छ । पाठ्यक्रमको स्तरीकरणमा मद्दत पुग्ने भएकाले विश्वविद्यालयका विषय समितिले पाठ्यक्रमको समीक्षा एवं पुनरवलोकन गर्दा युनेस्कोको नमूना पाठ्यक्रम तथा मिडिया विकास सूचकका दृष्टिबिन्दुबाट समेत गर्नका लागि सुझाव दिइएको छ ।
- पाठ्यक्रममा विद्यार्थीको पहुँच बढाउनका लागि त्रि.वि. र का.वि.लाई पाठ्यक्रमका सङ्ख्यामा वृद्धि गर्नका लागि सुझाव दिइएको छ । तीनैवटा विश्वविद्यालयले प्रायोजक तथा दाताहरूसँग सहकार्य गरी

छात्रवृत्ति-विद्वत्वृत्तिको व्यवस्था गर्नेतर्फ लाग्नु पर्ने सुझाव दिइएको छ । यस्तो छात्रवृत्ति-विद्वत्वृत्तिको वितरण गर्दा मेधावी विद्यार्थीलाई दिने एउटा आधार र सकारात्मक विभेद तथा सामाजिक समावेशीकरणलाई अर्को आधार बनाउनु उपयुक्त हुन्छ । रोजगारदाता संस्थाहरूसँगको सम्बन्धलाई संस्थागत तवरले सुदृढ बनाउनका लागि विश्वविद्यालयका विभागहरू नै अग्रसर हुनु पर्ने सुझाव पनि दिइएको छ ।

- विश्वविद्यालयहरूले आफ्ना पाठ्यक्रममा पत्रकारिताको मूल ज्ञानलाई अद्यावधिक गर्दै जानु पर्ने र सीप सिकाइको सुनिश्चिततामा विशेष जोड दिनु पर्ने देखिन्छ । सीपकेन्द्रित प्रयोगात्मक अभ्यासका लागि सम्बन्धित निकायहरूले तत्काल कार्य योजना बनाउनु पर्ने सुझाव दिइएको छ । यसका लागि शिक्षक/प्रशिक्षकको सीप विकासमा समेत विशेष ध्यान दिनु पर्ने देखिन्छ । त्रि.वि. र पू.वि.का पाठ्यक्रमले प्रविधिबारेको अद्यावधिक ज्ञान र सीपलाई यथोचित समेट्न नसकेकाले यसतर्फ विशेष ख्याल राख्न सुझाव दिइएको छ । का.वि.को पाठ्यक्रममा अनुसन्धान पद्धतिका लागि परिचयात्मक र विशिष्टिकृत दुवै तहका विषयहरू समेटिएजस्तै त्रि.वि. र पू.वि.का पाठ्यक्रममा पनि अनुसन्धान पद्धतिको ज्ञान र सीपबारे विषय थप गर्न सुझाव दिइएको छ ।
- लोकतान्त्रिक विकासका लागि पाठ्यक्रमले दिने ज्ञान र सीपको पक्षलाई थप महत्त्व दिनु पर्ने देखिन्छ । यसका लागि लोकतान्त्रीकरण, सुशासन, विकेन्द्रीकरण, शक्ति निक्षेपण, सहभागिताजस्ता विषयवस्तुलाई मिडियाको दृष्टिबिन्दुबाट विश्लेषण हुने गरी पाठ्यक्रमको अन्तर्वस्तुमा समेट्न सुझाव दिइएको छ । पढाइपछि विद्यार्थीमा स्वतन्त्र विचार र विश्लेषणको सीप तथा पत्रकारले समेट्नु पर्ने बहुविधाबारेको ज्ञानलाई अभिवृद्धि गर्न पाठ्यक्रममा यस्ता अन्तर्वस्तु थप गर्न सुझाव दिइएको छ । मिडिया साक्षरताबारे थप सामग्रीलाई पनि पाठ्यक्रममा समावेश गराउन आवश्यक देखिन्छ ।
- का.वि.को मिडियाअध्ययन स्नातक तहको पाठ्यक्रमका साथै त्रि.वि.को स्नातक तहको पाठ्यक्रममा बहुविधात्मक ज्ञानको अवसर रहेको, तर त्रि.वि.कै स्नातकोत्तर कार्यक्रम तथा पू.वि.का स्नातक र स्नातकोत्तर

तहका पाठ्यक्रममा यो पाटो कमजोर देखिएकाले बहुविधात्मक ज्ञानको अभिवृद्धिका लागि विशेष ध्यान दिन सुझाव दिइएको छ । लोकतन्त्र र विकासको प्रवर्द्धनकालागि सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षबारेको ज्ञानलाई पाठ्यक्रममा थप व्यवस्थित बनाउन पनि सुझाव दिइएको छ ।

- प्रस्तुत अध्ययनमा समेटिएका विश्वविद्यालयहरूको सबैभन्दा कमजोर पक्ष नै पाठ्यक्रमको कार्यान्वयनमा सैद्धान्तिक र प्रयोगात्मक पक्षको समुचित संयोजन गर्न नसक्नु रहेको देखिएकाले यो समस्यालाई समाधान गर्न तत्काल कार्ययोजना बनाउनु पर्ने देखिन्छ । यस परिप्रेक्ष्यमा सीप विकासका लागि प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने युनेस्कोको नमूना पाठ्यक्रमको मान्यतालाई अवलम्बन गर्न सुझाव दिइएको छ । उपयुक्त हरेक विषयमा सैद्धान्तिक र प्रयोगात्मक व्यवस्था गर्न, प्रयोगात्मक कक्षा अनिवार्य गर्ने संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न, प्रयोगात्मक पक्षको सुपरीवेक्षण गर्ने निर्देशिका तयार गरी प्रभावकारी कार्यान्वयन गर्न एवं विद्यार्थीलाई कार्यक्षेत्र र प्रयोगशालामा व्यस्त बनाउने प्रभावकारी प्रावधान बनाउन पनि सुझाव दिइएको छ । इन्टर्नसीपलाई प्रभावकारी बनाउन विश्वविद्यालयका सम्बन्धित विभागले थप सक्रिय भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । पत्रकारिताका विद्यार्थीहरूलाई पत्रकारिताको प्रविधि र साधनहरू लगायतका विषयमा प्रयोगात्मक पक्षलाई बलियो बनाउन इन्टर्नसीप कार्यविधि अथवा रोजगारी व्यवस्था प्रयोगमा ल्याइनु पर्ने र पत्रकारिताका शैक्षिक संस्थाहरूले स्थानीय समाचार माध्यमहरूसँग साझेदारी विकास गर्नु पर्ने सुझाव दिइएको छ । सम्बन्धित शैक्षिक संस्थाले नै न्यूजलेटर तथा पत्रिकाको प्रकाशन तथा अनलाइन न्यूजपोर्टल सञ्चालन गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्ने सुझाव पनि दिइएको छ ।
- पाठ्यक्रमको आवश्यकता अनुसार अङ्ग्रेजी र नेपाली भाषा तथा नेपालका अन्य भाषाहरूमा समेत पाठ्यपुस्तक र अध्ययन सामग्री तयार पार्ने तथा प्रकाशन गर्ने कार्यका लागि विश्वविद्यालयका विभागहरू

स्वयंले पहल गर्नु पर्ने देखिन्छ । पत्रकारिताका पाठ्यपुस्तक र अध्ययन सामग्रीको उत्पादनमा विश्वविद्यालयका सम्बन्धित विभागको प्रत्यक्ष सहभागिताले पत्रकारिताबारेको प्राज्ञिक अभ्यासलाई गुणस्तरीय बनाउनमा मद्दत पुर्‍याउने भएकाले यसलाई पनि प्राथमिकतामा राख्न सुझाव दिइएको छ । साथै, युनेस्कोको नमूना पाठ्यक्रममा सूचीकृत सन्दर्भ सामग्रीको प्राप्ति यस दिशामा उपलब्धिमूलक हुने देखिएकाले त्यसका लागि पहल गर्नसमेत सुझाव दिइएको छ । उपकरण सहितको पत्रकारिता प्रयोगशाला (फोटो स्टुडियो, कम्प्युटर कक्ष, रेडियो स्टेशन, टीभी स्टुडियो आदि) र पुस्तकालयको समुचित व्यवस्था गर्ने तथा माग अनुसारको वैकल्पिक विषय रोज्न पाउने व्यवस्था पनि गर्ने कार्यलाई तत्काल प्राथमिकतामा राख्न पनि सुझाव दिइएको छ । यस्ता विषयहरूको पहिचान र तिनको अन्तर्वस्तुको संयोजनका लागि युनेस्कोको नमूना पाठ्यक्रम (युनेस्को, सन् २००७) तथा यसैको पूरकका रूपमा प्रकाशित पुस्तक (बान्दा, सन् २०१३) लाई पनि आधार मान्नसमेत सुझाव दिइएको छ ।

- सकेसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे पाठ्यक्रममा विशिष्टिकृत विषय राख्न र कम्तीमा पनि विद्यार्थीहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरणको अभिमुखीकरण तथा ज्ञान प्रदान गर्ने गरी विभिन्न विषयहरूका अन्तर्वस्तुको संयोजन गर्न सुझाव दिइएको छ । विश्वविद्यालयका पत्रकारिता पाठ्यक्रमको अन्तर्वस्तुमा लैङ्गिक मूलप्रवाहीकरणलाई प्राथमिकता दिँदै संस्थागत संरचनाका परिप्रेक्ष्यमा पनि विषय समिति, विभाग तथा सङ्कायको तहमा समेत लैङ्गिक मूलप्रवाहीकरणको नीति लिन पनि आवश्यक देखिन्छ । यसैगरी, सामाजिक समावेशीकरणका दृष्टिकोणबाट पनि पाठ्यक्रममा अन्तर्वस्तुको समृद्धि र संस्थागत संरचनामा सुधारको लागि पनि सुझाव दिइएको छ ।

# सन्दर्भ सामग्री

# सन्दर्भ सामग्री


अधिकारी, निर्मलमणि । वि.सं. २०६५ । नेपालमा मिडिया नीतिशास्त्र अध्ययन । *मिडिया अध्ययन*, ३, पृ. २९३–३०५ ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६७, पुस २७ । सञ्चार विधाका पुस्तक : सङ्ख्या र गुणस्तर दुवै वाञ्छित । *अन्नपूर्ण पोष्ट मंगलबारे परिशिष्टांक शिक्षा*, पृ. २ ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६८ । विकास सञ्चार : समष्टिकृत दृष्टिकोण । *स्वशासन*, ३७, पृ. १–९ ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७० । मिडिया शिक्षा । दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सं.), *मिडिया रिडर* (पृ. २२७–२५४) । काठमाडौं : जगदम्बा प्रकाशन ।

अधिकारी, निर्मलमणि । वि.सं. २०७१ । पत्रकारितामा अब के गर्नु पर्दछ ? *संहिता*, २२, पृ. ५०–५४ ।

अर्याल, देवराज । वि.सं. २०६६ । संक्रमणकालको अवस्थामा नेपाली पत्रकारिता शिक्षा । श्याम रिमाल (सं.), *रासस दिग्दर्शन* (पृ. १२१–१२३) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

अर्याल, देवराज । वि.सं. २०६७ । पत्रकारिता शिक्षामा प्रयोगात्मक पक्ष । रमेश तुफान (सं.), *नयाँ नेपालको नयाँ सञ्चार* (पृ. १३९–१४१) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

अर्याल, प्रभुराम । वि.सं. २०५८ । नेपालमा पत्रकारिता शिक्षाको वर्तमान अवस्था । *युवामञ्च*, वर्ष १४ अङ्क ४, पृ. ४० ।

आचार्य, कल्पना । वि.सं. २०६५, साउन १३ । पत्रकारिता शिक्षा र व्यावहारिक पक्ष । *अन्नपूर्ण पोष्ट*, पृ. ८ ।

केसी, भुवन । वि.सं. २०६०, साउन १५ । आमसञ्चारमा जनशक्ति । *राजधानी* (इन्द्रेणी), पृ. ५ ।

खनाल, गोपाल । वि.सं. २०५५, असार–साउन । भावी पत्रकारहरूको उत्पादन कसरी हुँदैछ ? *पत्रकारिता*, पृ. ३३–३६ ।

खनाल, चिरञ्जीवी । वि.सं. २०६६क । नेपाली पत्रकारिता शिक्षा : सङ्गति, विसङ्गति । श्याम रिमाल (सं.), *रासस दिग्दर्शन* (पृ. ११५–११९) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

खनाल, चिरञ्जीवी । वि.सं. २०६६ख, जेठ २ । नेपालमा पत्रकारिता शिक्षा : आकर्षण र विकर्षण । *नेपाल समाचारपत्र,* पृ. ४ ।

खनाल, चिरञ्जीवी । वि.सं. २०६७ । पत्रकारिता तथा आमसञ्चार शिक्षाको विकास । रमेश तुफान (सं.), *नयाँ नेपालको नयाँ सञ्चार* (पृ. १३५–१३८) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

खनाल, चिरञ्जीवी । वि.सं. २०६८ । *विश्वविद्यालयमा पत्रकारिता* । काठमाडौं : लेखक स्वयं ।

खनाल, श्रीराम । वि.सं. २०६६, साउन २१ । अन्योलमा अघि बढिरहेको पत्रकारिता शिक्षा । *नेपाल समाचारपत्र*, पृ. ४ ।

खरेल, पी. । वि.सं. २०७० । सञ्चार परिदृश्य । दीपक अर्याल, भुवन केसी र तिलक पाठक (सं.), *मिडिया रिडर* (पृ. १–१६) । काठमाडौं : जगदम्बा प्रकाशन ।

गौतम, नारद । वि.सं. २०५९, मंसिर १६ । आमसञ्चार र पत्रकारिताबारे स्नातकोत्तर पढाइ 'शास्त्रीय अध्ययन र पेशागत सीप मिसाउने उच्चस्तरीय प्रयास' । *गोरखापत्र*, पृ. १० ।

चालिसे, विजय । वि.सं. २०६६ । आमसञ्चार शिक्षा । श्याम रिमाल (सं.), *रासस दिग्दर्शन* (पृ. १०९–११३) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

ज्ञवाली, बिन्दु । वि.सं. २०५१, माघ १७ । पत्रकारिता पढ्नेहरूका लागि व्यावहारिक चुनौतीपूर्ण । *छलफल*, पृ. ४ ।

ढकाल, योगेश । वि.सं. २०६७ । म्याद गुज्रिएको दबाइसँगै हाम्रा मिडिया (सिद्धान्त र यथार्थ) । *संहिता*, ९, पृ. ३९–४० ।

दुरा, यमबहादुर । वि.सं. २०६०, साउन २७ । मिडिया शिक्षामा समस्या । *नेपाल*

*समाचारपत्र*, पृ. ५ ।

देउजा, ध्रुवकुमार । वि.सं. २०५२, असार ३१ । पत्रकारितामा स्नातकोत्तरको माग स्थितिका सन्दर्भमा । *गोरखापत्र*, पृ. ६ ।

देउजा, ध्रुवकुमार । वि.सं. २०५६, भदौ १९ । पत्रकारितामा स्नातकोत्तर तह : अवसर र उपयोग । *गोरखापत्र*, पृ. ६ ।

पहाडी, मुनाकुमारी । वि.सं. २०६३, साउन १९ । पत्रकारिताका विद्यार्थीको समस्या । *गोरखापत्र*, पृ. ४ ।

पाँडे, रामकुमार । वि.सं. २०६६ । भूगोल शिक्षामा पत्रकारिता र पत्रकारितामा भूगोल शिक्षा । श्याम रिमाल (सं.), *रासस दिग्दर्शन* (पृ. १०३–१०७) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

पाँडे, रामकुमार । वि.सं. २०६७ । पत्रकारिता शिक्षा शिक्षण । रमेश तुफान (सं.), *नयाँ नेपालको नयाँ सञ्चार* (पृ. ११७–११९) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

पोखरेल, गोकुल । वि.सं. २०५६, पुस १० । पत्रकारिता शिक्षाको लागि पाठ्यक्रम निर्माण एवं विकास : चुनौती र सम्भावनाहरू । *गतिविधि*, पृ. ५ ।

पोखरेल, प्रबलराज (सं.) । सन् १९९६ । *पत्रकारिता तथा आमसञ्चार स्वर्ण शुभजन्मोत्सव स्मारिका* । काठमाडौं : पत्रकारिता तथा आमसञ्चार विभाग, रत्नराज्यलक्ष्मी क्याम्पस ।

बुढाथोकी, गोपाल । वि.सं. २०६७ । कलेजमा पत्रकारिता पढाइको कथा । *संहिता*, ८, पृ. १०–१३ ।

भट्टराई, डिल्लीराम । वि.सं. २०६९, साउन १९ । ओझेलमा पत्रकारिता शिक्षा । *गोरखापत्र*, पृ. ७ ।

भण्डारी, नारायण । वि.सं. २०५९, कात्तिक २८ । यसरी पत्रकारिता पढाइन्छ । *स्पेसटाइम*, पृ. ७ ।

भण्डारी, सीता । वि.सं. २०६०, माघ २१ । पत्रकारितामा बढ्दो आकर्षण । *राजधानी*, पृ. २ ।

भादगाउँले, अमृत । वि.सं. २०५३, चैत २३ । विश्वविद्यालयको पत्रकारिताप्रति

सौतेनी व्यवहार । *जनआस्था*, पृ. २ ।

मिश्र, मञ्जु । वि.सं. २०६३ । सीजेएमसीमा पत्रकारिता तथा आमसञ्चार स्नातकोत्तर तहको अनुभव । *मिडिया अध्ययन*, १, पृ. २३९–२४३ ।

युनेस्को । सन् २००७ । *विकासशील देशहरू तथा उदीयमान प्रजातन्त्रहरूका लागि पत्रकारिता शिक्षाको नमूना पाठ्यक्रम* । पेरिस ।

राई, लालदेउसा । वि.सं. २०४३ । नेपालमा पत्रकारिता विषयको उच्चशिक्षा । घटराज भट्टराई (सं.), *रत्नराज्यलक्ष्मी क्याम्पस रजत जयन्ती स्मारिका* (पृ. ३०–३३) । काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस ।

राई, लालदेउसा । वि.सं. २०५२, असार ६ । नेपालमा पत्रकारिता र सञ्चार शिक्षा । *गतिविधि*, पृ. ५ ।

राई, लालदेउसा । वि.सं. २०५५ । पत्रकारिता विषय शिक्षाको महत्त्व । रघु घिमिरे र सम्झना सिंह (सं.), *उन्मेष* (पृ. ६२–६५) । काठमाडौं : नेपाल प्राध्यापक संघ, रत्नराज्यलक्ष्मी क्याम्पस एकाइ समिति ।

राई, लालदेउसा । वि.सं. २०६३ । स्नातकोत्तर तहमा पत्रकारिता र आमसञ्चार शिक्षा : रत्नराज्यको अनुभव । *मिडिया अध्ययन*, १, पृ. २२५–२३० ।

राई, लालदेउसा । वि.सं. २०६७क । पत्रकारिता तथा आमसञ्चार शिक्षाको विकास । रमेश तुफान (सं.), *नयाँ नेपालको नयाँ सञ्चार* (पृ. १२१–१२२) । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

राई, लालदेउसा । वि.सं. २०६७ख । पत्रकारिताको विकासमा रत्नराज्यलक्ष्मी क्याम्पसको देन । रमेशकुमार भट्टराई र रूद्रप्रसाद पौडेल (सं.), *त्रिभुवन विश्वविद्यालय रत्नराज्यलक्ष्मी क्याम्पस स्वर्ण जयन्ती स्मारिका* (पृ. १२–१४) । काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस ।

रेग्मी, रामकृष्ण । वि.सं. २०६३ । प्रांगण केसीसीको : शिक्षा आमसञ्चारको । *मिडिया अध्ययन*, १, पृ. २३१–२३८ ।

हरेक वर्ष पाठ्यक्रममा परिमार्जन गर्छौं । वि.सं. २०७१ । *एजुकेसनल पेजेज*, वर्ष १२, अङ्क १३, पृ. ५ ।

हुमागाईँ, देवराज, भट्ट, कोमल, र अधिकारी, कृष्ण । वि.सं. २०६४ । *मिडिया*

*अनुसन्धान : प्राज्ञिक पूर्वाधार निर्माणका केही अभ्यास* । काठमाडौं : मार्टिन चौतारी ।

हुमागाईं, देवराज, पराजुली, शेखर, महर्जन, हर्षमान, र पन्थी, अर्जुन । वि.सं. २०६७ । *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* । काठमाडौं : मार्टिन चौतारी ।

Adhikary, N. M. 2002, November 1. Media houses and training institutions. *The Kathmandu Post*, p. 5.

Adhikary, N. M. 2003, January 4. Using television in education. *Space Time Today*, p. 4.

Adhikary, N. M. (Ed.). 2010. Journalism curricula in Nepal: A study from gender perspective. A report submitted to Sancharika Samuha Nepal.

Adhikary, N. M. 2011. *Theorizing communication: A model from Hinduism. In Y.B. Dura (Ed.), MBM anthology of communication studies* (pp. 1-22). Kathmandu: Madan Bhandari Memorial College.

Adhikary, N. M. 2014. Re-orientation, ferment and prospects of communication theory in South Asia. *China Media Research*, Vol. 10, No. 2, pp. 24-28.

Adhikary, N. M., and Pant, L. D. 2011. Journalism education in the universities of Nepal: Gender perspective. *Shweta Shardul*, Vol. VIII, pp. 119-123.

Aditya, A. 1996. *Mass Media and Democratization: A Country Study on Nepal*. Kathmandu, Institute for Integrated Development Studies.

Banda, F. 2013. *Model curricula for journalism education: A compendium of new syllabi*. Paris: UNESCO.

Chalise, V. 2003, July 14. Mass media education: How are our

institutions meeting new challenges? *The Himalayan Times*, p. 6.

Devkota, K. R. 2008. Journalism education in Nepal: An analysis. *Education and Development*, 23, pp. 154-160.

Government of Nepal, and United Nations. 2013. *United Nations Development Assistance Framework for Nepal.* Kathmandu.

Kafle, C. 1997. Journalism educators and media professionals. In *The Proceedings from the Colombo Conference on Strengthening Journalism Education in South Asia* (pp. 86-88). Carbondale: Southern Illinois University.

Koirala, B. D. 1990. Mass communication and journalism education in Nepal. In C. C. Maslog (Ed.), *Communication Education in Asia* (pp. 74-78). Manila: Press Foundation of Asia.

Lamichhane, S. P. 2001, October 23. Journalism education. *Space Time Today*, p. 4.

Maharjan, H. M. 2009, December 4. Journalism education in doldrums. *The Kathmandu Post*, p. 6.

Onta, P. 2006. Education and effectiveness. *Mass media in post-1990 Nepal* (pp. 29-32). Kathmandu: Martin Chautari.

Pant, L. D. 2008, November 21. Media education in Nepal. *The Rising Nepal*, p. 4.

Pant, L. D. 2009a Journalism and media education in Nepal: A critical overview. *Bodhi: An Interdisciplinary Journal*, vol. 3 no. 1, pp. 21-34.

Pant, L. D. 2009b, July 22. What is wrong with media education? *The Rising Nepal*, p. 4.

Pant, L. D. 2010. *Appraisals versus introspections: An ethical perspective on fermenting Nepali media*. Kathmandu: Readmore.

Parajulee, S., Humagain, D., Panthi, A., and Maharjan, H. 2009. Journalism and mass communication education in Nepal. *In Media Training Trends and Practices in Nepal* (pp. 1-7). A report submitted to Alliance for Social Dialogue.

Paudyal, B. 1997a. Assessment of journalism education in Nepal. In *The Proceedings from the Colombo Conference on Strengthening Journalism Education in South Asia* (pp. 89-90). Carbondale: Southern Illinois University.

Paudyal, B. 1997b, March 16. Journalism education far from satisfactory. *The Rising Nepal*, p. 4.

Pokharel, G. 2001. Journalism education in Nepal: In search of new moorings. A paper presented at a workshop organized by Centre for Communication Research and Studies, June 6, Kathmandu.

Pokharel, L. R. 2004. Media education in Nepal: Growth has failed to bring quality. *The Rising Nepal* (Friday supplement), p. 1.

Pokharel, P. R. 1997. Teaching techniques and resources for journalists. In *The Proceedings from the Colombo Conference on Strengthening Journalism Education in South Asia* (pp. 91-96). Carbondale: Southern Illinois University.

Rai, L. D. 1984. School of communication: A pilot study (Unpublished report). Kathmandu: Ratna Rajya Laxmi Campus.

Rai, L. D. 1987. A study of feasibility of forging a linkage between Tribhuvan University and Indian universities for sustainable mutual development of media education and research studies. Submitted to B.P. Koirala Nepal-India Foundation.

Rai, L. D. 1991. A project report on improvement of journalism education curriculum of university (unpublished). Kathmandu:

Ratna Rajya Laxmi Campus.

Rai, L. D. 1993. Journalism education in Nepal: Some problems and prospects. In S.B. Pradhan (Ed.), New Nepal: *Souvenir* (pp. 13-18). Kathmandu: Nepal Press Union.

Rai, L. D. 1995. Mass communication education in Nepal. *Media Watch*, Vol. 1, No. 6, pp. 3-4.

Rai, L. D. 1996. His Majesty King Birendra and journalism education. In P.R. Pokharel (Ed.), *Journalism and Mass Communication Golden Jubilee Souvenir* (pp. 66-68). Kathmandu: Department of Journalism and Mass Communication, Ratna Rajya Laxmi Campus.

Rai, L. D. 2007. Development of journalism education in Nepal: An overview. *Organization*, Vol. 10, No. 3, pp. 29-30.

Rai, L. D. 2013, September 4. Mass communication education: Taking firmer roots. *The Himalayan Times*, p. 8.

Rai, L. D., and Khanal, C. 1998. Journalism education in Nepal thus far. A paper presented at the National Seminar on Journalism Education.

Shakya, R. M. 1995, January 8. Media education in Nepal: An overview. *The Rising Nepal*, p. 4.

Shakya, R. M. 1997a. Assessment of journalism education in Nepal. In *The Proceedings from the Colombo Conference on Strengthening Journalism Education in South Asia* (pp. 97-98). Carbondale: Southern Illinois University. The Rising Nepal, p. 4.

Shakya, R. M. 1997b, January 19. Strengthening media education in Nepal: Some suggestions.

Subedi, A. 2007, January 13. Journalism luring students. *The Kathmandu Post*, p. 1.

Subedi, R. 2002, February 8. Jump-starting PGP in mass communication. *The Rising Nepal* (Friday supplement), p. I.

Ullah, M. S. De-westernization of media and journalism education in South Asia: In search of a new strategy. *China Media Research*, Vol. 10, No. 2, pp. 15-23.

UNESCO. 2007. *Model Curricula for Journalism Education.* Paris.

UNESCO. 2008. *Media Development Indicators: A framework for assessing media development*. Paris.

UNESCO. 2012. *Gender-Sensitive Indicators for Media: Framework of indicators to gauge gender sensitivity in media operations and content.* Paris.

UNESCO. 2013. *Assessment of Media Development in Nepal: Based on UNESCO's Media Development Indicators*. Kathmandu.

Upadhyaya, H. 1997. Higher education in journalism and mass communication: Proceedings of the colloquium held on December 1, Kathmandu, Nepal. Unpublished report, Department of Journalism, Ratna Rajya Laxmi Campus.

Upadhyaya, H., Khanal, C., and Sharma, G. C. 1991. A report of workshop on curriculum development in journalism, June 11-16. Unpublished report, Department of Journalism, Ratna Rajya Laxmi Campus.

युनेस्कोको नमूना पाठयक्रमका आधारमा पत्रकारिता तथा आमसञ्चार विषयको विश्वविद्यालय स्तरीय पाठ्यक्रमहरूको एकीकृत रूपमा विश्लेषण हुनु अत्यन्त महत्वपूर्ण, ऐतिहासिक र दुरगामी प्रभाव पार्ने शैक्षिक प्रयास हो। यस अध्ययनले प्रस्तुत गरेका सुझावहरूलाई कार्यान्वयन गर्न नेपालका विश्वविद्यालयहरू तत्पर रहने कुरामा म विश्वस्त छु।

**लालदेउसा राई**
बरिष्ठ सञ्चारबिद्

---

यो अध्ययन शोधको दृष्टिकोणमा परिष्कृत छ, विश्लेषणमा तर्कपूर्ण छ, यसका सुझावहरू उपयोगी छन्। पत्रकारिताको उच्च शिक्षा पाठ्यक्रमलाई सामयिक, समावेशी, व्यापक र विश्वस्तरीय तुल्याउन तथा त्यसबाट आमसञ्चार माध्यमलाई उन्नत पार्ने दिशामा सहयोग पुऱ्याउन यस प्रकाशनले एक संरचना नै तयार गरिदिएको छ। यसको मार्गदर्शनले पत्रकारिता शिक्षा प्रदान गर्नेलाई झक्झक्याएको अनुभव हुन्छ। त्यसबाट नेपाली विश्वविद्यालयहरू बिउँझिएमा पत्रकारिता शिक्षा बढी सारपूर्ण हुने निश्चित छ।

**प्राध्यापक रामकृष्ण रेग्मी**
बरिष्ठ सञ्चारबिद्

UNESCO
संयुक्त राष्ट्रसंघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

काठमाडौं

SODEC NEPAL
विकास सञ्चार समाज (सोडेक-नेपाल)

9789937289252